# भक्तपुर मासिक


**२६६**

**Bhaktapur Monthly** फागुन २०७५



# भक्तपुर नपाको आयोजनामा अन्तर नगर कराते प्रतियोगिता सम्पन्न







- 'निजीकरणको पक्ष लिनेहरू कम्युनिस्ट हुन सक्दैनन्'
- द्वन्द्वात्मक भौतिकवाद
- मा. जगतसुन्दर मल्ल र उहाँको पुर्खा
- उस्ताद विवेकदास
- तन्त्र र नेवार
- नेपालीले बनाएको बोरोबुदुर चैत्य
- कृषि बजारीकरण र व्यवस्थापन
- भक्तपुर नगरपालिकाका गतिविधिहरू





नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले फागुन ९ गते शिलान्यास गर्नुभएको (इन्सेट) भक्तपुर नगरपालिकाले निर्माण गर्न लागेको ख्वप अस्पतालको प्रारुप ।

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ̀{ #^ ★ cÆ $ ★ g}; ≠!#( ★ lj=; ≠@)&% k॥fu'g ★ A.D.2019

कार्यालय : कमलविनायक (वडा नं. १० को कार्यालय भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

आवरण सज्जा : राजु

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


Pp6f tl:a/

## काठमाडौंको टुँडिखेल र रानीपोखरीलगायतको विहंगम दृश्य



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘कसैको गुणको प्रशंसा गर्नमा आफ्नो सयम नष्ट नगर, उसको गुण अपनाउने प्रयत्न गर ।’–कार्ल मार्क्स

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) अन्तर नगर कराते प्रतियोगिता सम्पन्न | – | ३ |
| २) भक्तपुर नपाको ख्वप अस्पताल भवनको शिलान्यास | – | ८ |
| ३) राष्ट्रिय पुन:निर्माण प्राधिकरणको टोली भक्तपुरमा | – | १० |
| ४) काष्ठकला, हेयर कटिङ र उन्नत सिलाई तालिमहरूको प्रमाणपत्र वितरण | – | ११ |
| ५) दम-खोकी रोगको पुन:स्थापना केन्द्रसम्बन्धी छलफल | – | १२ |
| ६) भक्तपुर नपामा गोदावरी नपाको टोली | – | १३ |
| ७) उत्तीर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन | – | १४ |
| ८) भनपा प्रमुख सुनिल प्रजापतिसँग भ्रमण वर्ष २०२० का संयोजक सुरज वैद्यको भेटघाट | – | १५ |
| ९) स्वास्थ्य स्वयम्सेविकाहरूलाई प्राथमिक उपचार सामग्री वितरण | – | १६ |
| १०) भक्तपुर नपाद्वारा शहीद दिवसमा प्रवचन कार्यक्रम | – | १७ |
| ११) भनपा प्रमुख प्रजापति र नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख राणाबीच भेटघाट | – | १८ |
| १२) भक्तपुर नगरपालिकामा पसल व्यवसायीहरूको भेला | – | १९ |
| १३) पुजारी मठ जीर्णोद्धारसम्बन्धी छलफल | – | २० |
| १४) रेटिना अध्ययन प्रतिवेदन सार्वजनिक | – | २४ |
| १५) समाजलाई अगाडि बढाउन अनुशासित युवाहरूको आवश्यकता | – | २५ |
| १६) ल क्याम्पसको भवन मौलिक शैलीमा निर्माण गर्ने | – | २७ |
| १७) इञ्जिनियरिङ कलेजहरूको विनियमबारे छलफल | – | २७ |
| १८) ‘उत्पादन श्रमसँग जोडिएको शिक्षामा जोड दिनुपर्ने’-प्रमुख प्रजापति | – | ३१ |
| १९) स्वास्थ्यको अधिकार स्थानीय सरकारलाई दिने कुरा प्रचारमात्र | सुनिल प्रजापति | ३२ |
| २०) भक्तपुरका टोल-टोलमा पैसा तिर्नु नपर्ने जिमखाना | सबिना श्रेष्ठ | ३९ |
| २१) ‘निजीकरणको पक्ष लिनेहरू कम्युनिष्ट हुन सक्दैनन्’ | सुनिल प्रजापति | ४१ |
| २२) गुणस्तरीय निर्माण र सेवा दिने उद्देश्यका साथ ख्वप अस्पताल निर्माण हुने | रजनी जाशी | ४४ |
| २३) द्वन्द्वात्मक भौतिकवाद | सुनिल, सुजन, रत्नशोभा | ४६ |
| २४) स्थानीय सरकारको उत्कृष्ट काम | भैरव रिसाल | ५१ |
| २५) मा.जगतसुन्दर मल्ल र उहाँका पुर्खाबारे एक इतिहास | ओम धौभडेल | ५४ |
| २६) उस्ताद विवेकदाश सचीन एक चिनारी | जननी प्रसाद मूल | ५७ |
| २७) तन्त्र र नेवार | डा. विरेन्द्रप्रसाद कायस्थ | ५९ |
| २८) नेपालीले बनाएको विश्वको सबैभन्दा ठूलो चैत्य-बोरोबुदूर | रत्नसुन्दर शाक्य | ६२ |
| २९) कृषि-बजारीकरण र व्यवस्थापन | सबिन ख्याजू | ६४ |
| ३०) SKETCHES FROM NIPAL (34) | Henry Ambrose Oldfield | ६८ |
| ३१) वाचाहरू पूरा गर्दै भक्तपुर नपा (सम्पादकको पृष्ठ) | – | ७२ |


**साथमा**


बसिबियाँलो-१३/विद्यार्थीहरू समाज सेवाको भावनाबाट अभिप्रेरित हुनुपर्ने -२०/मृगौला रोगसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न-२१/भक्तपुर शिक्षा क्षेत्रमा देशकै उत्कृष्ट गन्तव्यस्थल-२२/समाजमा परिवर्तन ल्याउन शिक्षा हासिल गर्नुपर्ने-२२/नि:शुल्क रगत परीक्षण शिविर सम्पन्न-२३/ विद्या विकासमा वार्षिक खेलकुद कार्यक्रम-२३/शहीद स्मृति खेल मैदान र देकोचामा सरसफाइ-२८ /भक्तपुर नगर पालिकाको बजार अनुगमन-२९/वडा नं. १० मा बृहत स्वास्थ्य शिविर सम्पन्न-३१/तस्बिरमा केही गतिविधि-अन्तर नगर कराते प्रतियोगिता (रंगीन पृष्ठ)-३५/चिनियाँ नीतिकथा: जुत्ताको नाप-४३/मन्त्री रवीन्द्रको हेलिकोप्टर दुर्घटनामा मृत्यु-४५/जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ-५३/ पाटी विवरण (१०)- वडा नं. १ (साविक वडा नं.१७)-६७/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७५ माघ महिनाको प्रतिवेदन-६९/नेपालको संविधान २०७२, भाग-३१, संविधान संशोधन (४१)-७०/तपाईंको भान्सा:क्वाँटीबाट १५ फाइदा-७०/माघ महिनाको पर्यटक तथ्याङ्क-७१ ।




भक्तपुर नपाको आयोजनामा

# अन्तर नगर कराते प्रतियोगिता सम्पन्न

हरेक वर्ष एक खेलको अन्तर नगर प्रतियोगिता गर्ने निर्वाचनको बेला गरेको प्रतिबद्धताअनुसार भक्तपुर नपाले यस वर्ष २०४६ सालको जनआन्दोलनका अमर शहीदहरूको स्मृतिमा फागुन ५–७ गतेसम्म कराते प्रतियोगिता सम्पन्न गरेको छ ।

**समुद्घाटन**

भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको उपलक्ष्यमा फागुन ५ गते अन्तर नगर कराते प्रतियोगिताको समुद्घाटन भयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले एक कार्यक्रम बीच पानसमा दीप प्रज्ज्वलन गरी उक्त प्रतियोगिताको उद्घाटन गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंले देशको स्वतन्त्रता र सार्वभौमिकता रक्षा गर्न खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै नयाँ पुस्ताका विद्यार्थीहरूलाई खेलकुद क्षेत्रमा संलग्न गराई अनुशासन र मित्रवत ढङ्गले खेल प्रदर्शनको निम्ति प्रेरित गर्नुपर्ने बताउनुभयो ।

उहाँले खेलकुद क्षेत्रमा व्याप्त भ्रष्टाचार तथा अनियमितताबारे संघर्षको आवश्यकता औंल्याउनुहुँदै खेलाडीहरूलाई अनुशासनमा बसी नियमानुसार खेल प्रदर्शन गर्न र आफ्नो प्रदर्शनलाई उत्कृष्ट ढङ्गले प्रस्तुत गर्न शुभकामना दिनुभयो ।

खेललाई हार–जितभन्दा पनि स्वस्थ प्रतिस्पर्धाको रूपमा अगाडि बढाउनुपर्ने र खेलाडीहरूको वृत्ति विकासको निम्ति राज्यले आवश्यक योगदान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईले प्रदेश सरकार र केन्द्र सरकारले भ्रष्टाचार, लुटपाट, कमिसनखोर र कालाबजारीको पक्षमा काम गरिरहेको बताउनुभयो । देशमा बढिरहेको हिंसा, लुटपाट र बलात्कारका घटनाका कारण नेपाली जनताले असुरक्षाको अनुभव गरिरहेको बताउनुभयो ।



कार्यक्रममा बोल्नुहुँदै क्रमशः नारायणमान बिजुक्छें, सुनिल प्रजापति, सुरेन्द्रराज गोसाई, रजनी जोशी र नारायणप्रसाद भट्ट

भक्तपुर नगरपालिकाले खेल प्रतियोगिता आयोजना गरी खेल क्षेत्रलाई अगाडि बढाई नयाँ पुस्ताका विद्यार्थीहरूलाई खेलाडीको रूपमा विकास गर्ने र देशको सार्वभौमिकता रक्षा गर्ने उत्साहित युवा तयार गर्ने पक्षमा काम गरिरहेको सांसद गोसाईले बताउनुभयो ।

कार्यक्रममा सभापतिको आशनबाट भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले जनतासँग प्रत्यक्ष सरोकार राख्ने र जनताको आधारभूत आवश्यकताका कुरालाई प्राथमिकतामा राखेको बताउनुहुँदै देशकै सानो नगरपालिका भए पनि व्यवस्थित र नमुना नगरको रूपमा कार्य गर्दै आएको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले भक्तपुर नगरपालिकाले आफ्ना योजना तथा कार्यक्रम सबै क्षेत्र र विधालाई एकीकृत रूपमा प्राथमिकतामा राखेको बताउनुहुँदै अन्तर्राष्ट्रिय स्तरका खेलाडी तयार गर्ने कार्य प्रशंसनीय भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले खेलकुदले वर्ग शत्रुसँग लड्न सक्ने क्षमता विकास गर्ने र योग्य तथा अनुशासित खेलाडी तयार गर्ने उद्देश्य भक्तपुर नगरपालिकाको रहेको बताउनुभयो ।

अन्तर नगर कराते प्रतियोगिताको उद्घाटन समारोहमा भक्तपुर नपा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवां र वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

उद्घाटन समारोहमा खेललाई व्यवस्थित ढंगबाट सञ्चालन गर्न खेलाडीको तर्फबाट रुक्सना दुवाल र रेफ्रीको तर्फबाट राधिका ह्यौलाले शपथ ग्रहण गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंले प्रतियोगितामा






सहभागी विभिन्न नपाका प्रतिनिधिलाई मायाको चिनो प्रदान गर्नुभएको थियो साथै खेललाई औपचारिक रूपमा सुरु गर्न प्रमुख अतिथि बिजुक्छेंले अन्तर्राष्ट्रिय रेफ्री राजन चित्रकारलाई खेलकुद सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

अन्तरनगर कराते प्रतियोगितामा पाँचखाल नपा–सिन्धुपाल्चोक, धुलिखेल नपा–काभ्रे, पैनौती नपा–काभ्रे, बनेपा नपा–काभ्रे, काठमाडौं महानपा, ललितपुर महानपा, चन्द्रागिरी नपा–काठमाण्डौं, तार्केश्वर नपा–काठमाण्डौं, सुर्यविनायक नपा–भक्तपुर, चाँगुनारायण नपा–भक्तपुर, मध्यपुर थिमि नपा–भक्तपुर, धनकुटा नपा, वीरगञ्ज उपमहानपा, तुल्सीपुर नपा–दाङ, वीरेन्द्रनगर नपा–सुर्खेत, सूर्योदय नपा–इलाम, गोकर्णेश्वर नपा–काठमाडौं, बाह्रबिसे नपा–सिन्धुपाल्चोक, महालक्ष्मी नपा–काठमाडौं, बेलौरी नपा–कञ्चनपुर, गोदावरी नपा–कैलाली, नागार्जुन नपा–काठमाडौं र भक्तपुर नपा गरी २३ वटा नगरपालिकाहरूले सहभागिता जनाएको आयोजक समितिले जनाएको छ ।

अन्तर नगर कराते प्रतियोगिताको उद्घाटन ऱ्याली भनपा वडा नं. ९ दत्तात्रयबाट सुरु भई गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो हुँदै शहीदस्मृति खेल मैदानमा पुगी सभामा परिणत भएको थियो ।

उद्घाटन ऱ्यालीमा भनपा वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले प्रतियोगिताको महत्त्वबारे बोल्नुभएको थियो ।

## खेल परिणाम

**पहिलो दिन (फागुन ५ गते)**

**पुरुष काटा**

| | | |
|---|---|---|
| यनोज महर्जन | (ललितपुर) | – प्रथम |
| स्वर्णिम मानन्धर | (चन्द्रागिरी) | – द्वितीय |
| सिरिस श्रेष्ठ | (भक्तपुर) र | |
| विकेश नेपाली | (तुल्सीपुर) | – तृतीय |

**महिला काटा**

| | | |
|---|---|---|
| मन्दिरा थापामगर | (काठमाडौं) | – प्रथम |
| सञ्जु देसार | (चन्द्रागिरी) | – द्वितीय |

सृजना ब्लोन (पनौती) र श्रेया रञ्जितकार (मध्यपुर)– तृतीय







कार्यक्रममा बोल्नुहुँदै क्रमशः श्यामकृष्ण खत्री, हरिप्रसाद बासुकला, उकेश कवां, रविन्द्र ज्याख्व र दावा गुरुङ

**६० केजी छात्रा**

सान्ता श्रेष्ठ (तार्केश्वर) – प्रथम
निरूपा तामाङ (पाँचखाल) – द्वितीय
महिमा राई र रजिना विष्ट (चन्द्रागिरी) – तृतीय

**६० केजी छात्र**

सुरेश तामाङ (नागार्जुन) – प्रथम
अर्जुन बाघचन्द (काठमाडौं) – द्वितीय
विषाल सुवाल (भक्तपुर) र मनोज सुनुवार (चन्द्रागिरी)–तृतीय

**२० केजी छात्रा**

सन्ध्या महतो (नागार्जुन) – प्रथम
पूर्णिमा पौडेल (भक्तपुर) – द्वितीय
सुप्रिना चौधरी (धनकुटा) र करिमा तामाङ (चाँगुनारायण)–तृतीय

**२० केजी छात्र**

सोमेश खड्का (नागार्जुन) – प्रथम
राकेश मानन्धर (चन्द्रागिरी) – द्वितीय
देवराज पाण्डे (भक्तपुर) र सुजल कोण्डा (भक्तपुर)– तृतीय

**२५ केजी छात्रा**

सोनाम सेर्पा (नागार्जुन) – प्रथम
वर्षा केसी (पाँचखाल) – द्वितीय
गोमा तामाङ (गोकर्ण) र अंकिता भण्डारी (भक्तपुर)– तृतीय

**२५ केजी छात्र**

सेवेन श्रेष्ठ (नागार्जुन) – प्रथम
विमलकुमार थापा (भक्तपुर) – द्वितीय
विकास लामा (भक्तपुर) र कुशल लामा (बनेपा)– तृतीय

**दोस्रो दिन (फागुन ६ गते)**

**३० केजी पुरुष**

सहिल घले (तारकेश्वर) – प्रथम
सुवास परियार (भक्तपुर) – द्वितीय
राजेन्द्र राई (चन्द्रागिरी) र
सम्रात पुनमगर (तुल्सीपुर, दाङ) – तृतीय

**३० केजी महिला**

रन्जिला राई (तारकेश्वर) – प्रथम
सरिता तमाङ (चन्द्रागिरी) – द्वितीय
चाँदनी राई (काठमाडौं) र कन्चन नेपाली (धनकुटा)–तृतीय

**३५ केजी पुरुष**

निरज योञ्जन (काठमाडौं) – प्रथम
अमृत थोकर (चन्द्रागिरी) – द्वितीय
सरोज थापा (नागार्जुन) र प्रज्ज्वल तामाङ (सूर्यविनायक)–तृतीय

**३५ केजी महिला**

अन्जली महर्जन (चन्द्रागिरी) – प्रथम
प्रजिता श्रेष्ठ (पाँचखाल) – द्वितीय
भूमिका श्रेष्ठ (नागार्जुन) र सुस्मिता वाइवा (गोकर्णेश्वर)– तृतीय

**५० केजी पुरुष**

देवराज श्रेष्ठ (काठमाडौं) – प्रथम
एरिश शर्मा (भक्तपुर) – द्वितीय
रिकेश परियार (धनकुटा) र सुबोधकुमार शाह (भक्तपुर)–तृतीय

**५० केजी महिला**

जिया कार्की (तारकेश्वर) – प्रथम
सृजना ब्लोन (पनौती) – द्वितीय
सीमा राई (बाहृबिसे) र सजिना लामा (सूर्यविनायक) – तृतीय

**५५ केजी पुरुष**

प्रविण तामाङ (भक्तपुर) – प्रथम
शौजन मधिकर्मी (भक्तपुर) – द्वितीय
अनिष लामिछाने (तारकेश्वर) र
इन्द्रबहादुर स्याङताङ (पनौती) – तृतीय

**५५ केजी महिला**

सानुमाया थिङ (चन्द्रागिरी) – प्रथम
सोनी राई (तारकेश्वर) – द्वितीय
तारादेवी तामाङ (भक्तपुर) र करुणा श्रेष्ठ (भक्तपुर)–तृतीय

**तेस्रो दिन (फागुन ७ गते)**

**४० केजी पुरुष**

सुदिप शेर्पा (गोकर्णेश्वर) – प्रथम
आशिष तामाङ (मध्यपुर) – द्वितीय
रिहान रोक्का (चाँगुनारायण) र
विकेश नेपाली (तुल्सीपुर) – तृतीय

**४० केजी महिला**

निशा योञ्जन (काठमाडौं) – प्रथम
सञ्जु देशार (चन्द्रागिरी) – द्वितीय
शान्ता योञ्जन (भक्तपुर) र युजिना सुवाल (भक्तपुर)– तृतीय



कार्यक्रममा बोल्नुहुँदै रोहितराज पोखरेल, रेफ्रीको तर्फबाट राधिका धौला र खेलाडीको तर्फबाट रुक्सना दुवाल

**४५ केजी पुरुष**

मदन कुमार थापा (भक्तपुर) – प्रथम
सुन्दर तामाङ (भक्तपुर) – द्वितीय
प्रकाश तामाङ (चन्द्रागिरी) र किरण राई (सुर्योदय)– तृतीय

**४५ केजी महिला**

ममता महर्जन (तारकेश्वर) – प्रथम
मिना ब्लोन (पनौती) – द्वितीय
रेश्मा तामाङ (नागार्जुन) र समिता पुरी (गोकर्णेश्वर)– तृतीय

यस प्रतियोगितामा ५ वटा स्वर्ण र २ वटा रजत पदक प्राप्त गरी **नागार्जुन** न.पा. टिम प्रथम, ५ वटा स्वर्ण प्राप्त गरी **तारकेश्वर** न.पा. टिम द्वितीय, र २ स्वर्णसहित **चन्द्रागिरी** न.पा. टिम तृतीय हुन सफल भयो।

प्रतियोगितामा पुरुषतर्फ भक्तपुर न.पा.का **मदन कुमार थापा** र महिलातर्फ नागार्जुन न.पा.का **सन्ध्या महतो** उत्कृष्ट खेलाडी हुन सफल भए। साथै **बेलौरी न.पा.**ले अनुशासित टिमको उपाधि हासिल गऱ्यो।

## पुरस्कार

विभिन्न तौल समूहहरूको सम्पन्न खेलका विजयी हुने खेलाडीहरूलाई शहीद स्मृति खेल मैदानमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुरस्कार वितरण गर्नुभयो। विजयी खेलाडीहरूमा प्रथम, द्वितीय र तृतीय हुन सफल खेलाडीलाई पदकसहित जनही क्रमशः रु ५०००।–, ३०००।– र १५००।– का दरले नगद पुरस्कार वितरण गरिएको हो।

## अन्तर नगर कराते प्रतियोगिता सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको उपलक्ष्यमा फागुन ५ गते सुरु भएको अन्तर नगर कराते प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम फागुन ७ गते शहीद स्मृति खेल मैदानमा एक समारोहबीच सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रतियोगितामा सहभागी विभिन्न नगरपालिकाका खेलकुद टोली, प्रशिक्षक र विजयी खेलाडीहरूमा हार्दिक धन्यवाद र बधाई ज्ञापन गर्नुभयो।

उहाँले २०४६ सालको जनआन्दोलनमा भक्तपुरका वीर शहीदहरूको स्मरण र सम्मानस्वरूप भक्तपुर नगरपालिकाको आयोजनामा विभिन्न खेलको आयोजना गरेको बताउनुभयो।

नगरपालिकाले आयोजना गर्ने प्रतियोगिताहरू भक्तपुरवासीहरूको निम्ति मात्र नभई सिंगो देशका खेलप्रेमी र राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्नको निम्ति सहयोग मिल्ने विश्वास प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो।

पुरस्कार वितरण समारोहमा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले निर्वाचनको समयमा व्यक्त प्रतिबद्धता र घोषणापत्रअनुसार खेलकुदलाई प्राथमिकता दिँदै प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता गर्दै आएको र विभिन्न खेलकुदको प्रशिक्षणलाई चालु राखेको बताउनुभयो।

उहाँले शासन सत्तामा पुगेका शासकहरूले शहीदहरूको बलिदानलाई बिर्सेको र शहीदहरूको नाममा व्यक्तिगत लाभ मात्र उठाइरहेको बताउनुभयो। भक्तपुर नपाले शिक्षालाई जोड दिँदै नपाअन्तर्गत कलेजहरू सञ्चालन, शिशुस्याहारदेखि विश्वविद्यालय र ख्वप अस्पताल सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुभयो।

शिक्षित र अनुशासित समुदायले मात्रै देशलाई अगाडि बढाउनसक्ने बताउनुहुँदै प्रमुख प्रजापतिले शिक्षा र खेलकुदलाई सँगसँगै लानेतर्फ नगरपालिकाले ध्यान दिइरहेको बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो– 'हाम्रो उद्देश्य समाजलाई रूपान्तरण गर्ने हो। पूँजीवादी व्यवस्थामा भएका कमी कमजोरीबारे जनतालाई बताउँदै सचेत र संगठित पार्दै अनुशासित, सभ्य र सुसंस्कृत समाज स्थापना गर्न नगरपालिकाले जोड दिनेछ।'

भक्तपुर नगरपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेल खेल मानव जीवनको अभिन्न अङ्ग भएको र खेलकुद प्रतियोगिताले राष्ट्रलाई चिनाउने प्रतिभाशाली खेलाडी तयार गर्न मद्दत पुग्ने बताउनुभयो।

नेपाल कराते महासंघका अध्यक्ष दावा गुरुङले कराँते खेल निकै लोकप्रिय र शारीरिक सक्रियताको लागि महत्त्वपूर्ण भएको बताउनुभयो। उहाँले सक्षम, सबल, नेतृत्ववान र अनुशासित युवा तयार गर्न खेलकुद प्रतियोगिताले महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले नगरको १० वटै वडामा शारीरिक व्यायामका सामग्री जडानको कार्य भइरहेको र भक्तपुरमा इन्डोर र आउटडोर खेलकुद भवन र खेलमैदान निर्माण गर्ने योजना रहेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले शासक दलहरूले शहीदहरूको उद्देश्य र सपनामा चासो नदेखाएको र वर्तमान सरकारले खेलकुद क्षेत्रमा पक्षपाती ढंगले काम गरिरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो।

प्रमुख अतिथि प्रजापतिले समापन समारोहमा विजयी खेलाडी तथा रेफ्रीहरूलाई पुरस्कार तथा मायाको चिनो वितरण गर्नुभएको थियो।

# भक्तपुर नपाको ख्वप अस्पताल भवनको शिलान्यास




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले भक्तपुर नपा वडा नं. ९ च्याम्हासिंहस्थित निर्माणाधिन ख्वप अस्पताल भवनको एक कार्यक्रमबीच फागुन ९ गते शिलान्यास गर्नुभयो।

शिलान्यास कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेंले पैसा कमाउने र भ्रष्टाचार गर्ने उद्देश्य भएकाहरूले देश र समाजको हितमा काम गर्न नसक्ने धारणा व्यक्त गर्नुभयो। पैसा कमाउने उद्देश्यभन्दा सेवा भावले काम गर्न अभिप्रेरित हुनुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष बिजुक्छेंले भक्तपुर अस्पतालको स्तरोन्नति हुन नसक्नुमा सरकार जिम्मेवार भएको बताउनुभयो।

उहाँले भन्नुभयो– 'सरकारले राम्रो अस्पताल बनाएन भने नक्कली अस्पतालले जनतालाई दुःख दिन्छ। पूँजीवादी व्यवस्था भनेको निजी व्यवस्था हो र सरकारले निजीलाई पृष्ठपोषण गरी कामगरी खाने जनतालाई दुःख दिइरहेको छ।'

भक्तपुर अस्पतालमा झाडाबान्ताबाट पनि बिरामीहरू मर्ने गरेको सम्झना गर्दै समयमा उपचार सेवा नपाउँदा विगतका दिनमा स्थानीय जनताहरूले अकालमा ज्यान गुमाउनु



परेको जानकारी गराउनुहुँदै नेता बिजुक्छेंले उपचारको अभावमा कसैको ज्यान जान नदिन ख्वप अस्पतालको निर्माणले महत्त्वपूर्ण योगदान पुग्ने बताउनुभयो।






प्रमुख अतिथि नेमकिपाका अध्यक्ष का.नारायणमान बिजुक्छें (रोहित), सांसद प्रेम सुवाल, प्रमुख सुनिल प्रजापति र प्रदेश सभा सदस्य सृजना सैंजु



कार्यक्रममा बोल्नुहुँदै क्रमश : रजनी जोशी, रविन्द्र ज्याख्व, भरत खड्का, विरेन्द्रप्रसाद कायस्थ र रोहितराज पोखरेल

सबैले इमानदारीपूर्वक काम गरे भक्तपुरलाई नमुना नगरको रूपमा विकास गर्न सक्नेमा जोड दिनुहुँदै देशभरिका जनताको सेवा गर्ने भावनाले नमुना अस्पतालको रूपमा विकास गर्ने योजनाले अगाडि बढ्न आह्वान गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सचिव एवम् सांसद प्रेम सुवालले देशमा संघीयता लागु भए पनि केन्द्रीकृत मानसिकताअनुसार नै संघीय सरकार सञ्चालन हुनु गलत भएको बताउनुभयो ।

उहाँले देशमा निजी अस्पतालको सङ्ख्या बढिरहेको अवस्थामा भक्तपुर नगरपालिकाले अस्पताल सञ्चालन गर्नु जनताको हितमा रहेको बताउनुभयो । निजी क्षेत्रले मात्र काम गर्दा सरकार र जनता कमजोर हुने बताउनुहुँदै सांसद सुवालले वर्तमान सरकार जनताको सरकारको रूपमा सञ्चालन हुन नसकेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप अस्पताल निर्माणको लागि आर्थिक वर्ष २०७५।७६ मा १४ करोडको बजेट छुट्याएको र ख्वप अस्पताल निर्माणमा सरकारी र कुनै विदेशी लगानी नभएको स्पष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाको बजेट र नगरवासीको सहभागितामै अस्पतालको निर्माण कार्य अगाडि बढ्ने बताउनुभयो ।

उहाँले भक्तपुरको जनस्वास्थ्य केन्द्रमा सुविधासहित इमर्जेन्सी सेवा, आँखा अस्पताल र आर्युवेदिक उपचार केन्द्रमार्फत सस्तो र सुलभ रूपमा विभिन्न उपचार सेवा प्रदान गर्दै आएको स्मरण गराउनुभयो ।

नेमकिपाका तर्फबाट प्रदेशसभा सांसद सृजना सैंजुले स्वास्थ्य र शिक्षा जस्ता जनताका आधारभूत आवश्यकताहरू जनताको पहुँचबाट टाढा गइरहेको समयमा नेमकिपाको नीतिअनुरूप भक्तपुर नपाले सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन ख्वप अस्पताल निर्माणको थालनी गर्नु सकारात्मक भएको बताउनुभयो ।

कुनै पनि अस्पताल व्यापारको निम्ति नभई जनताको सेवाको निम्ति सञ्चालन हुनुपर्नेमा जोड दिनुहुँदै ➲➲



# राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको टोली भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग फागुन ११ गते राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख आयुक्त सुशिलचन्द्र ज्ञवालीको नेतृत्वमा आएको टोलीले भेट गऱ्यो।



भाजु पुखुको स्थलगत अवलोकन

उक्त टोलीले भक्तपुर नपा वडा नं. १ स्थित निर्माणाधिन भाजुपोखरी, सिद्धपोखरी, भक्तपुर दरबार क्षेत्र, कला सङ्ग्रहालय, न्यातपोल मन्दिर र भैरवनाथ मन्दिरको स्थलगलत अवलोकन गऱ्यो।

भेटमा आयुक्त ज्ञवालीले काठमाण्डौ रानीपोखरी पुनःनिर्माणमा प्राविधिक सहयोगको लागि भक्तपुर नगरपालिसँग सहयोगको लागि गरिएको आग्रह प्रति भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले सकारात्मक रहेको बताउनुहुँदै काठमाडौं उपत्यकाका सांस्कृतिक सम्पदा सबैको साझा सम्पदा भएको र यसको संरक्षण र सम्बर्द्धन गर्नु पनि साझा कर्तव्य भएको बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुरका सम्पदाहरू उपभोक्ता समिति र जनसहभागितामा सम्पन्न भएको जानकारी गराउनुहुँदै विदेशी सहयोग विना नै भक्तपुरका सम्पदाहरूको पुनःनिर्माण कार्य भइरहेको बताउनुभयो।

काठमाडौंको रानीपोखरीको पुनःनिर्माण कार्य काठमाडौं महानगरपालिकाले काठमाडौं विकास प्राधिकरणलाई सुम्पेको बताउनुहुँदै प्रमुख आयुक्त ज्ञवालीले भक्तपुरको पुनःनिर्माणबाट आफूहरू प्रभावित भएको र रानी पोखरी पुनःनिर्माण कार्यमा भक्तपुर नगरपालिकाबाट सहयोगको अपेक्षा गरेको बताउनुभयो।

उक्त भेटमा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व र कर्मचारी समाजका अध्यक्ष गौतमप्रसाद लासिवाको पनि उपस्थिति रहेको थियो।

---

➲➲ सांसद सैंजुले जनस्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा सरकारले देखाएको उदासिनताप्रति खेद प्रकट गर्नुभयो।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप अस्पताल वातावरणमैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधी, सुविधा सम्पन्न र व्यवस्थित ढंगले सञ्चालन गर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेल, ज्योतिष विरेन्द्रप्रसाद कायस्थ र नेपाली सेनाका उपरथी भरत खड्काले पनि बोल्नुभएको थियो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले ख्वप अस्पतालमा आकस्मिक सेवा, एक्सरे, सिटी स्क्यान, अल्ट्रासाउन्ड, एम.आर.आइ, प्याथोलोजी प्रयोगशाला, प्रसुति सेवा, शल्यक्रिया, सघन उपचार विभाग, बेस्मेन्टमा पार्किङ, शव गृहलगायतका सेवा तथा सुविधाहरू उपलब्ध हुने जानकारी गराउनुभयो।

नवनिर्मित ख्वप अस्पतालको भवन ३ वर्षभित्रमा निर्माणसम्पन्न गर्ने योजना रहेको भनपाले जनाएको छ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**Audio Notice सम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाद्वारा आज मिति २०७५ पौष ११ गते बुधबार देखि *Audio Notice* सेवा शुभारम्भ गरिसकेको हुँदा नगरपालिकाका सूचना तथा गतिविधिहरु तपसिल बमोजिमको नम्बरमा डायल गरी सुन्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Audio Notice नम्बर : १६१८०१६६१००९६

**भक्तपुर नगरपालिका**

# काष्ठकला, हेयर कटिङ र उन्नत सिलाई तालिमहरूको प्रमाणपत्र वितरण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित काष्ठकला, हेयर कटिङ र उन्नत सिलाई तालिमहरूको प्रमाणपत्र वितरण कार्यक्रम भनपा सभाकक्षमा फागुन १७ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले देशभरिको निम्ति आवश्यक जनशक्ति उत्पादन गर्न विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो ।



काष्ठकला तालिम लिएकाहरुसँगको सामूहिक तस्बिर

भक्तपुरका तालिम प्राप्त दक्ष जनशक्तिहरूले देशको विभिन्न ठाउँमा गएर पुन:निर्माण र जीर्णोद्धार कार्य गरिरहेको बताउनुहुँदै उहाँले रानीपोखरी पुन:निर्माणमा प्राविधिक सहयोगको लागि राष्ट्रिय पुन:निर्माण प्राधिकरणले भक्तपुर नगरपालिकासँग सहकार्यको लागि आग्रह गरेको जानकारी बताउनुभयो ।

प्रमुख प्रजापतिले राम्रो शिक्षक बन्नको निम्ति विद्यार्थीकालदेखि राम्ररी अध्ययनमा जोड दिनुपर्ने बताउनुहुँदै प्राविधिक ज्ञान र सीपले व्यक्तित्व विकासमा महत्त्वपूर्ण योगदान पुग्ने बताउनुभयो । उहाँले श्रमलाई सम्मान गर्न र देशको सेवा गर्ने उद्देश्यले काम गर्न मार्गनिर्देशन दिनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले यहाँको मौलिकता जोगाई सबै क्षेत्रमा नमुनाको रूपमा काम गर्दै आएको र नगरपालिकाद्वारा सञ्चालित



सिलाई तालिम लिएकाहरुसँगको सामूहिक तस्बिर

तालिमहरूले नगरवासीको आर्थिक स्तर उकास्न मद्दत पुग्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले आफूसँग भएको सीप प्रयोग गरी आत्मनिर्भर हुनुपर्ने र तालिमलाई सही ढंगले सदुपयोग गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्यहरू रोशनमैया सुवाल, कृष्णलक्ष्मी दुवाल र सरिना द्योला, काष्ठकलाका प्रशिक्षक विष्णुभक्त कुसीले पनि बोल्नुभएको थियो ।



हेयर कटिङ तालिम लिएकाहरुसँगको सामूहिक तस्बिर

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो । काष्ठकलाका प्रशिक्षार्थीहरूले तालिममा बनाइएका आँखीझ्याल नगरपालिकालाई हस्तान्तरण गरेको थियो ।

# दम–खोकी रोगको पुनःस्थापना केन्द्रसम्बन्धी छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जापानी अन्तर्राष्ट्रिय चिकित्सा प्रविधि संस्थान (जीआईएमटीईएफ–जिम्टेफ) का अध्यक्ष डा. शिगेकी हायासी नेतृत्वको चिकित्सक टोलीले फागुन १६ गते नगरपालिका सभाकक्षमा भेट गर्‍यो। भेटमा भक्तपुर नगरमा श्वासप्रश्वास (दम) सम्बन्धी रोगका बिरामीहरूलाई फिजियोथेरापी विधिमार्फत उपचार गर्ने छाती पुनःस्थापना केन्द्र सञ्चालन गर्ने विषयमा छलफल भएको बताइएको छ।



भक्तपुर नपाका प्रमुख, उपप्रमुखसँग जिम्टेफ टोली

छलफलमा नगर प्रमुख प्रजापतिले भक्तपुर नगर ऐतिहासिक र सांस्कृतिक नगर भएको जानकारी गराउँदै सम्पदा संरक्षण र नगरको मौलिक स्वरूप जोगाउन परम्परागत शैलीमा घर निर्माणको लागि नगरवासीहरूलाई प्रोत्साहित गरिरहेको बताउनुभयो।

२०७२ सालको विनाशकारी भूकम्पबाट पीडित जनतालाई जापानी सरकार र जनताको तर्फबाट सहयोग प्राप्त भएकोमा धन्यवाद ज्ञापन गर्दै प्रमुख प्रजापतिले नगरपालिका आफैले ख्वप अस्पताल सञ्चालन गर्ने तयारीका साथ भवन निर्माण गरिरहेको जानकारी दिनुभयो।

जिम्टेफको प्राविधिक सहयोगमा छाती पुनःस्थापना केन्द्र सञ्चालन गर्ने तयारीले दम रोगीहरूको उपचारमा उल्लेख्य सहयोग पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

जिम्टेफका अध्यक्ष डा. हायासीले भक्तपुरमा सन् २०१५ देखि दम रोगीहरूको विषयमा नगरपालिका र जनस्वास्थ्य केन्द्रसँग समन्वय गरी अध्ययन गरिरहेको चर्चा गर्दै नेपालमा पहिलोपटक भक्तपुरमा छाती पुनःस्थापना केन्द्र सञ्चालन गर्न आफ्नो संस्थाले सहयोग गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो। उहाँले केन्द्र सञ्चालन गर्ने विषयमा बुधबार नेपालस्थित जापानी दूतावासमा जिम्टेफ र नेपालका लागि जापानी राजदूतबीच हस्ताक्षर सम्पन्न भएको अवगत गराउनुभयो।

छाती पुनःस्थापना केन्द्र भवन निर्माणको लागि भक्तपुर नगरपालिकाले तुमचो क्षेत्रमा आफ्नै जग्गामा तीनतले भवन निर्माण गर्न नक्सा पास गरी नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट स्वीकृतसमेत प्राप्त गरेको छ। आगामी एक वर्षभित्र उक्त भवन निर्माण सम्पन्न गर्ने र भक्तपुरको मौलिक शैलीमै भवन बनाउने प्रमुख प्रजापतिले जानकारी गराउनु भयो।

भवन निर्माण सम्पन्न भएपछि जिम्टेफको तर्फबाट फिजियोथेरापी विधिमार्फत दम रोगको उपचार गर्न आवश्यक उपकरणहरू जडान गरिसक्ने डा. हायासीले प्रस्ट पार्नुभयो। उपचारका लागि नगरपालिकामार्फत उपलब्ध गराइने चिकित्सक एवम् प्राविधिक जनशक्तिलाई जिम्टेफकै चिकित्सकहरूले उपचारसम्बन्धी तालिम सञ्चालन गर्नेछन्।

प्राविधिक जनशक्तिलाई सीप हस्तान्तरण गरेपछि बिरामीहरूको उपचार थालिने नगरपालिका स्रोतले जानकारी दिएको छ।

नगरपालिका सभाकक्षमा दुई पक्षबीच भएको भेटमा नगरपालिकाको तर्फबाट उपप्रमुख रजनी जोशी, वडाध्यक्षहरू रविन्द्र ज्याख्व, उकेश कवां र महेन्द्र खायमली तथा नगरपालिकाका प्रशासन प्रमुख अम्बिका धौभडेल, पर्यटन शाखा प्रमुख गौतमप्रसाद लासिवा र दामोदर सुवालको उपस्थिति थियो। त्यसैगरी जिम्टेफको तर्फबाट डा. मि कुनी, फिजियोथेरापिस्ट साटो, मोरिको मायदा, लक्ष्मण शाही, दीना प्रधान र स्टेला शाक्य पनि छलफलमा सहभागी थिए।



प्रमुख प्रजापति, उपप्रमुख जोशीलगायतसँग जिम्टेफ टोली

भेटपछि जिम्टेफका चिकित्सक टोलीले भनपा वडा नं. ९ तुमचोस्थित छाती पुनःस्थापना केन्द्र निर्माणस्थल, ख्वप अस्पतालको भवन निर्माणस्थल र च्याह्मासिंह जनस्वास्थ्य केन्द्रमा स्थलगत अवलोकन गरेको थियो।

# भक्तपुर नपामा गोदावरी नपाको टोली

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीसँग गोदावरी नपाका प्रमुख गजेन्द्र महर्जनको नेतृत्वमा आएको टोलीले फागुन १४ गते भेट गऱ्यो। भेटमा भक्तपुर नगरपालिकाबाट सञ्चालित र सम्पन्न योजना तथा कार्यक्रम, विकास निर्माण र सम्पदा पुन:निर्माण र सांस्कृतिक गतिविधिबारे छलफल भयो।




प्रमुख प्रजापतिले ख्वप विश्वविद्यालय सञ्चालन गरी चिकित्साशास्त्र अध्ययनको लागि कम शुल्कको व्यवस्था गर्ने, ख्वप अस्पताल निर्माण कार्य अमानत र जनसहभागितामा निर्माण कार्य सञ्चालन भइरहेको, विदेशी सहयोगविना नै भक्तपुरका सम्पदा पुन:निर्माणको कार्य अगाडि बढिरहेको जानकारी दिनुभयो। भक्तपुर नगरपालिकाले आर्थिक नियम र अनुशासनलाई प्राथमिकता दिई गुणस्तरीय निर्माणमा जोड दिएको बताउनुहुँदै प्रमुख प्रजापतिले डकर्मी र सिकर्मीको तालिम पनि नगरपालिका स्वयंले सञ्चालन गर्दै आएको बताउनुभयो।

भेटमा प्रमुख प्रजापतिले काठमाडौं उपत्यकाका पाँचवटा ऐतिहासिक नगरपालिकाहरूबीच भएको संयुक्त बैठकले काठमाडौं उपत्यकामा अवस्थित पुरातात्त्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेका संरचनाहरू जनसहभागिता जुटाई पुन:निर्माण गर्ने, प्राप्त ऐतिहासिक प्रमाणहरूको आधारमा अध्ययन अनुसन्धान गर्दै परम्परागत मौलिक शैलीमा पुन:निर्माण गर्ने र काठमाडौं उपत्यकालाई सांस्कृतिक संरक्षित केन्द्र घोषणा गराउने निर्णयहरू गरेको र त्यसको सकारात्मक सन्देश गएको जानकारी दिनुभयो।

भेटमा गोदावरी नपा प्रमुख गजेन्द्र महर्जनले गोदावरी नपा उपत्यकाको ठूलो नपा भएको, नेवार बस्तीको बाहुल्यता भएको र सांस्कृतिक महत्त्व बोकेको नगरपालिका भएको बताउँदै अनुभवको कमीले काम गर्न असहज भएकोले अनुभव आदानप्रदानको आवश्यकता भएको बताउनुभयो। भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा उपलब्धीपूर्ण काम गरिरहेको बताउनुहुँदै प्रमुख महर्जनले गोदावरी नपाका अधिकांश सम्पदा नेपाल सरकारको सहयोग र पुरातत्त्व विभागबाट पुन:निर्माण भइरहेको बताउनुभयो। उहाँले सांस्कृतिक प्रतियोगिता गर्ने तयारी गरिरहेको जानकारी दिनुहुँदै भक्तपुरको अनुभवले सहयोग पुग्ने बताउनुभयो।

भेटमा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, गोदावरी नपा वडा नं. १४ का वडाध्यक्ष जगनाथ महर्जन, वडा नं. ११ का निलबहादुर देशार, १२ नं. वडाका जगतबहादुर महर्जन आदिको उपस्थिति रहेको थियो।

## बासिबियाँलो



दिइएको चित्रका ३ काँटी सारेर 'चमेरो' लाई अर्को दिशामा उडेको देखाउनुहोस्। (उत्तर ५० पृष्ठमा)

# उत्तीर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन

नेपाल क्रान्तिकारी विद्यार्थी संघ ३ वडा समिति, भक्तपुरको आयोजनामा शनिबार भनपा वडा नं. ३ बाट २०७३, ०७४ र ०७५ सालमा प्रमाणपत्र तह, स्नातक तह, स्नातकोत्तर तह उत्तीर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन तथा सांस्कृतिक कार्यक्रम फागुन ११ गते सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजले देशभरका विद्यार्थीलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरी देशको लागि आवश्यक जनशक्ति तयार गरिरहेको बताउनुभयो। उहाँले संघीयताको अर्थ स्थानीय निकायलाई अधिकार सम्पन्न बनाउनु रहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले सरकार र विदेशी सहयोग विना नै पुनःनिर्माणका कार्यलाई अगाडि बढाइरहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले अमानत र उपभोक्ता समितिमार्फत गुणस्तरीय निर्माणहरू गरिरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले ख्वप अस्पताल तीन वर्षभित्र निर्माण सम्पन्न गरिसक्ने जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले पुरानो सहरलाई मौलिक स्वरूपमा विकास गर्ने नगरपालिकाको योजना रहेको बताउनुभयो। उहाँले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी नगरको १० वटै वडामा शारीरिक व्यायामका सामग्री जडान भइरहेको जानकारी दिनुभयो।

नेपाल प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाईले नयाँ पुस्तालाई पुरानो पुस्ताले देश र जनताको हितमा काम गर्न प्रेरणा दिनुपर्ने, स्वार्थी प्रवृत्ति बढिरहेको समाजलाई रूपान्तरण गर्न सामाजिक भावना जगाउने कुराको प्रचार युवा पुस्तामा गराउनुपर्ने र विद्यार्थीहरूलाई विद्यावारिधिसम्मको शिक्षा हासिल गर्न उत्साहित बनाउनुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले नेपाल क्रान्तिकारी विद्यार्थी संघले विद्यार्थीहरूको सर्वाङ्गिण विकास, अनुशासन र सैद्धान्तिक स्तर उठाउने उद्देश्यले काम गर्दै आएको र विद्यार्थीलाई देशको सेवा गर्न प्रेरित गर्नुपर्ने बताउनुभयो।

ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य सुजन माकले ख्वप इञ्जिनियरिङ कलेजले देशको लागि आवश्यक दक्ष इञ्जिनियरहरू उत्पादन गरिरहेको र कलेजको गुणस्तर वृद्धि गर्न निरन्तर अग्रसर रहने बताउनुभयो।

बधाई ज्ञापन कार्यक्रममा नेमकिपा ३ नं. वडा समन्वय समितिका संयोजक रामसुन्दर खाताखो, नेक्राविसंघका केन्द्रीय सदस्य सर्जु फसिकव, नेक्राविसंघ नगर समितिका अध्यक्ष प्रविण प्रजापति, कार्यक्रमका सभापति मनिस गोरा, रोशन गोरालगायतले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले भनपा वडा नं. ३ बाट विभिन्न तहमा उत्तीर्ण र उत्कृष्ट करिब एक सय विद्यार्थीलाई पुरस्कार वितरण गर्नुभएको थियो। पुरस्कार वितरण कार्यक्रमपश्चात सांस्कृतिक कार्यक्रम गरिएको थियो।



# भनपा प्रमुख सुनिल प्रजापतिसँग नेपाल भ्रमण वर्ष २०२० का राष्ट्रिय कार्यक्रम संयोजक सुरज वैद्यको भेटघाट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग नेपाल भ्रमण वर्ष २०२० का राष्ट्रिय कार्यक्रम संयोजक एवं कार्यक्रम कार्यान्वय उपसमितिका उपाध्यक्ष सुरज वैद्यको नेतृत्वमा आएको एक प्रतिनिधि मण्डलले फागुन ९ गते भेट गऱ्यो ।



भेटघाटमा नेपाल भ्रमण वर्ष २०२० लाई सफल पार्न भक्तपुरको मौलिक संस्कृतिलाई नेपालको राष्ट्रिय पर्यटनको आकर्षणको रूपमा अन्तर्राष्ट्रिय पर्यटन बजारमा ब्राण्डिङ गरी प्रचार प्रसार गर्ने र सो को लागि आवश्यक तयारीको विषयमा छलफल भयो । साथै यसलाई सफल पार्न सम्बन्धित विभिन्न संघसंस्थाहरू र सरोकारवालाहरूको सहकार्य, समन्वय र सहयोग हुनुपर्ने विषयमा पनि दुई पक्षबीच छलफल भयो ।

छलफलमा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्न २०७२ सालको भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरूको आफ्नै स्रोतबाट तीव्र गतिमा पुनर्निर्माण गरिरहेको र यहाँका मौलिक सँस्कृतिको संरक्षण, सम्बर्द्धन र **प्रबर्द्धन**को लागि विभिन्न कार्यक्रम र योजनाहरू कार्यान्वयन गरिरहेको जानकारी गराउनुभयो । उहाँले भेटमा पर्यटनका पूर्वाधारहरू पर्यटक बसपार्क, पर्यटक शौचालय, पर्यटक सूचना केन्द्र र सेवा केन्द्रहरूको निर्माण गरी पर्यटकहरूलाई सेवा प्रदान गरिरहेको जानकारी गराउनुहुँदै सम्पदा क्षेत्रको विशेष सरसफाइ, हकर्स नियन्त्रण, सवारी निषेधलगायतका कार्य गरी भक्तपुरमा पर्यटकीय वातावरण तयार गरिरहेको बताउनुभयो ।

भेटमा संयोजक वैद्यले नेपाल भ्रमण वर्ष २०२० को नारा ेषभतषभ भ्हउभचष्भलअभ अन्तर्गत २० पर्यटकीय स्थलहरूको व्यवस्था गर्ने बताउनु हुँदै साँस्कृतिक पर्यटनको लागि भक्तपुर छनौट भएको जानकारी गराउनुभयो । उहाँले पर्यटक बसाई लम्ब्याउन द्यजबपतबउगच द्यथ ल्बजत कार्यक्रम छनौट गरी सो अन्तर्गत नमस्ते सेन्टर खोल्ने र सम्पदाहरूमा बत्तिको व्यवस्था गर्ने योजना रहेको बताउनुभयो ।

## सच्याउनुहोस्

गताङ्कको विभिन्न समाचारमा राजकृष्ण गोरा वडा नं. ३ का वडाध्यक्ष हुनुपर्नेमा ५ हुनगएकोले सच्याइ पढ्नु होला ।

गताङ्कको पृष्ठ ७६ को भक्तपुर जिल्ला संघहरू उपशिर्षकको क्र.सं. ७० मा **'इन्द्रभक्त चित्रकार'** गरी सच्याउनु होस्- 'भक्तपुर' ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर-२

**पचपन्न झ्याले दरवार खुला हुनेबारे सूचना**

विश्व प्रसिद्ध पचपन्न झ्याले दरवार सर्वसाधारण जनता र पर्यटकहरुका लागि यही मिति २०७५ पुस २ गते सोमबार एक दिन नि:शुल्क खुला हुने र त्यसपछि हरेक हप्ताको दुई दिन **मङ्गलबार र शुक्रबार** कार्यालय समयमा देहायअनुसारको शुल्कमा खुला हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सर्वसाधारण जनताका लागि रू. २०।-**
२. **विद्यार्थीहरूका लागि रू. १०।-**
३. **पाँच वर्षमुनिका बालबालिका एवं ज्येष्ठ नागरिक, अशक्त अपाङ्गहरूलाई नि:शुल्क**
४. **विदेशी पर्यटकहरूका लागि नि:शुल्क**

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**कृषि प्राविधिक तालिम सञ्चालनसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाको आयोजनामा ५ महिने कृषि प्राविधिक तालिम बासु माध्यमिक विद्यालयमा बिहान ७:०० बजेदेखि १०:०० बजेसम्म सञ्चालन हुने भएकोले इच्छुक व्यक्तिहरूले दर्ता शुल्क रु. १००।- र तालिम शुल्क रु. ३०००।- आ-आफ्नो वडा समितिमा बुझाइ तालिममा सहभागी हुनको लागि निवेदन दिनुहुन सम्पूर्ण नगरवासीहरूमा अनुरोध गर्दछौं । तालिम सञ्चालन हुने मिति पछि प्रकाशित गरिनेछ ।

# स्वास्थ्य स्वयम्सेविकाहरूलाई प्राथमिक उपचार सामग्री वितरण

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नेपाल रेडक्रस सोसाइटी, भक्तपुरको आयोजनामा कोरिया इन्टरनेशनल कोअपरेशन एजेन्सीबाट प्राप्त प्राथमिक उपचार सामग्री स्वास्थ्य स्वयम्सेविकाहरूलाई फागुन ९ गते एक कार्यक्रममा वितरण गनुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले विरामीहरूलाई समयमै उपचार गर्न सके रोग पूर्ण रूपमा निको हुने र आकस्मिक दुर्घटना र घाउ चोटपटकलाई समयमै उपचार सयममै उपचार गर्न गराउन स्वयम्सेविकाहरूको विशेष भूमिका हुने बताउनुभयो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाईटीका प्रतिनिधि परशुराम पाण्डेले वितरित प्राथमिक उपचार सामग्रीले नगरवासीहरूको स्वास्थ्य उपचारमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुहुँदै आवश्यक भएमा स्वास्थ्य स्वयम्सेविकाहरूलाई प्राथमिक उपचार सम्बन्धी तालिम प्रदान गर्न सकिने बताउनुभयो ।




गर्न सके ठूलो क्षति हुनबाट जोगिने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षण कार्यलाई प्राथमिकतामा राखी काम गर्दै आएको बताउनुहुँदै ख्वप अस्पतालको शिलान्यास भएको जानकारी गराउनुभयो ।

कार्यक्रममा भनपाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रका प्रमुख डा. रत्नसुन्दर लासीवाले म्याद नाघेको औषधी विरामीको लागि विष समान हुने बताउनुहुँदै विरामीहरूको

कार्यक्रममा कोइका (कोरियन इन्टरनेशनल कोअपरेशन एजेन्सी)का कोरियन प्रतिनिधि ज्योतिले नेपाल रेडक्रस सोसाइटी र भक्तपुर नगरपालिकासँग सहकार्य गर्न पाउँदा आफू अत्यन्त खुशी भएको बताउनुभयो ।

प्रथमिक उपचार सामग्री वितरण कार्यक्रममा सिपिआर सम्बन्धी प्रस्तुति पनि गरेको थियो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**कृषि चुन वितरणसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट नगरका कृषकहरूलाई कृषि चुनमा पचास प्रतिशत सहुलियत दरमा प्रतिपरिवार २/२ बोरा कृषि चुन वितरण गर्ने भएकोले कृषि चुन लिन चाहने कृषकहरूले भनपा कर उपशाखामा रु. ३००।- नगद तिरी कृषि चुन लिनुहुन सम्पूर्ण नगरवासी कृषकहरूमा अनुरोध गर्दछौं ।

**के गर्दैछ**
**भक्तपुर नगरपालिका ?**
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
- ‘भक्तपुर’ मासिक
- ‘ख्वप पौ’
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# भक्तपुर नपाद्वारा शहीद दिवसमा प्रवचन कार्यक्रम

भक्तपुर नगरपालिकाको आयोजनामा बुधबार, २०४६ सालमा सहादत प्राप्त गर्ने भक्तपुरका शहीदहरूको सम्झनामा फागुन ८ गते प्रवचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले शासकहरूले शहीदहरूको सपना र बलिदानको दुरूपयोग गरिरहेको आरोप लगाउनुभयो। शहीदहरू देश र जनताको लागि बलिदान दिने र देशका सम्मानित व्यक्तित्व भएको बताउनुहुँदै सांसद सुवालले शहीदहरूको सपनाअनुसार प्रतिबद्ध भई काम गर्नुपर्नेमा जोड दिनुभयो।

पैसा लिएर गलत व्यक्तिलाई सांसद बनाउँदा नेपालको संसद भ्रष्टाचारी, हत्याराको हातमा जाने आशंका व्यक्त गर्नुहुँदै सांसद सुवालले प्रहरीको पक्राउ सूचीमा परेका अपराधीहरूलाई सांसद बनाइ शपथ ग्रहण गराउने सरकारको गलत कदमको आलोचना गर्नुभयो।

सांसद सुवालले कम्युनिष्ट नामधारी शासक दलहरूकै कारण गणतन्त्र बद्नाम र कमजोर भइरहेको र भ्रष्टाचार, अनियमितता र पक्षपातले देशलाई अझ पछाडि धकेलिरहेको बताउनुभयो।

पूँजीवादी व्यवस्थामा राजतन्त्र र गणतन्त्रमा कुनै भिन्नता नहुने बताउनुहुँदै सांसद सुवालले गणतन्त्रमा निर्वाचित राजाहरूको उदय भइरहेको र वर्तमान सरकार भारतको दलाल सरकारको रूपमा अगाडि बढिरहेको बताउनुभयो।

राजनैतिक कार्यकर्ताको मुख्य भूमिका भनेको असंगठित कामदार वर्गलाई राजनैतिक विचार र समाजवादी विचारबाट प्रतिबद्ध बनाई पूँजीवादको विरुद्ध आन्दोलनको तयारी गर्नु रहेकोमा उहाँले जोड दिनुभयो।



उहाँले पूँजीवादी सरकारमा गई लुटपाट गर्ने पार्टीहरू सच्चा 'कम्युनिष्ट' पार्टी हुन नसक्ने बताउनुहुँदै देशको छिटो विकासको निम्ति समाजवादी व्यवस्थाको स्थापना अपरिहार्य भएको बताउनुभयो।




प्रवचन कार्यक्रममा शहीदहरूको सम्मानमा मौनधारण गर्दै

# भनपा प्रमुख सुनिल प्रजापति र नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख धवलशमशेर राणाबीच भेटघाट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख धवलशमशेर



प्रमुख प्रजापति र प्रमुख राणा (बायाँ)

राणासँग बाँकेमा फागुन ५ गते भेटघाट गर्नुभएको छ ।

भेटको क्रममा भनपा प्रमुख प्रजापतिले भनपाले आफ्नै स्रोत-साधनले कलेजहरू सञ्चालन गरी देशकै सेवा गरिरहेको बताउनुभयो । नेपाल मजदुर किसान पार्टीको निर्वाचन घोषणापत्रअनुसार भनपाका जनप्रतिनिधिहरूले कार्य गरिरहेको चर्चा गर्दै प्रमुख प्रजापतिले जनताको घरदैलोसम्म पुगेर नर्सिङ सेवा दिइरहेको, फोहर व्यवस्थापन गर्न कुहिने र नकुहिने फोहर छुट्याई घर-घरसम्म लिने गरेको र ख्वप अस्पताल सञ्चालन गर्न भवन निर्माण गरिरहेको बताउनुभयो ।

'भक्तपुर नगरले सम्पदा पुनःनिर्माण र विकास निर्माणको कार्यलाई तीव्रता दिइरहेको छ' उहाँले भन्नुभयो ।

नेपालगञ्ज उपमहानगरपालिकाका मेयर धवलशमशेर राणाले नगरपालिकाले गर्दै आएको विकास निर्माणका कार्यबारे जानकारी गराउँदै एडीबीको सहयोगमा फोहर व्यवस्थापन गर्ने तयारीमा रहेको बताउनुभयो । नेपालगञ्ज नगरपालिकाले पनि कलेज सञ्चालन गर्ने तयारी गरिरहेको र भक्तपुर नपाबाट सिक्न बाँकी रहेको उहाँले बताउनुभयो ।

भेटमा भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल र नेमकिपा बाँकेका अध्यक्ष बखत थापाको उपस्थिति रहेको थियो ।

---

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शहीदहरूको बलिदानले प्रजातन्त्र र पूँजीवादी गणतन्त्र प्राप्त भएको बताउनुहुँदै शहीदहरूको सपना पुरा गर्न आफ्नो क्षेत्रबाट देश र समाजको निम्ति इमानदारीपूर्वक काम गर्नुपर्ने बताउनुभयो ।

केन्द्रीय सरकारको व्यवहारले राज्यसत्ता गुण्डा, तस्कर, बलात्कारीको हातमा जाने चिन्ता व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले सरकारको कार्यशैली शहीदहरूको भावनाअनुकुल चल्न नसकेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शहीदहरूको भावनाअनुरूप प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिताहरू आयोजना गरिरहेको बताउनुहुँदै देशको प्रजातन्त्रको निम्ति रगत बगाएका शहीदहरूको विषय स्थानीय पाठ्यक्रममा समावेश गरी अध्ययन-अध्यापन गराउने काम गरिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान संघका केन्द्रीय अध्यक्ष डिल्लीप्रसाद काफ्ले नेपाल मजदुर किसान पार्टीको उद्देश्य शहीदहरूको भावनाअनुसार देशमा समाजवादी गणतन्त्र स्थापना गर्ने र देशको सार्वभौमिकता रक्षा गर्नु रहेको बताउनुभयो ।

उहाँले नेपालको सार्वभौमिकता उच्च भए पनि भारतीय विस्तारवादले नेपाललाई दबाइरहेको बताउनुहुँदै नेमकिपाले देशमा समाजवादी बन्दोबस्त स्थापना गर्न भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरुद्धमा निरन्तर संघर्ष गर्दै जाने बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले नयाँ पुस्तालाई शहीदको त्याग र बलिदानबारे सुसूचित र युवाहरूलाई राजनैतिक शिक्षाबाट अभिप्रेरित गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका पूर्व अध्यक्ष रविन्द्र खर्बुजा, नेपाल क्रान्तिकारी महिला संघका नेतृ रोशनमैया सुवाल, नेक्राकिसंघका गोविन्द दुवाल, २०४६ सालको जनआन्दोलनका घाइते सत्यसम्मोहन राजोपाध्यायलगायतले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, जनआन्दोलनका शहीद परिवारका सदस्यहरू, घाइतेहरू र स्थानीय जनताको उल्लेख्य सहभागिता रहेको थियो ।

# भक्तपुर नगरपालिकामा पसल व्यवसायीहरूको भेला

'कानुनको अज्ञानता क्षम्य नहुने र कानुनको अवज्ञा गर्नेहरू दण्ड-सजायको भागिदार हुनेछ।'

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको आयोजनामा फागुन १ गते भक्तपुर नपा वडा नं. ३ र ४ का पसल व्यवसायीहरूको भेलामा बताउनु भएको हो।




उहाँले व्यवसायीहरूमा पसल दर्ता समयमा गर्न, व्यवसाय कर समयमै तिर्न र अखाद्य वस्तु बिक्री वितरण नगर्न आह्वान गर्नुभयो।

भक्तपुर नगरपालिकाले पसल व्यवसायीहरूलाई कारबाही गर्नको निम्ति नभई गुणस्तरीय सेवा प्रदान गर्ने लक्षले बजार अनुगमनलाई व्यवस्थित रूपमा सञ्चालन गरिरहेको उहाँले बताउनुभयो।

व्यापार व्यवसाय नाफाको निम्ति गरे पनि जनस्वास्थ्यमा असर पुग्ने अखाद्य मिसावट र म्याद नाघेका खाद्य सामग्री बिक्री नगर्न अनुरोध गर्नुहुँदै प्रमुख प्रजापतिले घर-घरबाट नै कुहिने/नकुहिने फोहर संकलनको लागि छुट्टाछुट्टै बाल्टिन वितरण गर्दै आएको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ३ का वडाअध्यक्ष एवम् बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराले म्याद नाघेका, अखाद्य वस्तु र मिसावटयुक्त खानेकुराले जनताको स्वास्थ्यमा नराम्रो असर हुने बताउनुहुँदै पसलबाट निस्कने फोहरहरूको उचित व्यवस्थापन गर्न व्यवसायीहरूलाई आह्वान गर्नुभयो।

भक्तपुर नपा वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालले भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै बजार अनुगमनमा तीव्रता दिएको बताउनुभयो। उहाँले बजार अनुगमन समिति गठन, कार्यविधि, काम-कर्तव्य र अधिकार तथा दण्ड जरिवाना विषयमा प्रस्तुतीकरण गर्नुभयो।

भेलामा पसल व्यवसायीहरूले सूर्यविनायक क्षेत्रमा तारको उचित व्यवस्थापन गर्नुपर्ने, पीचको खाल्डाखुल्डी-लाई पुर्नुपर्ने र ठाउँ-ठाउँमा फोहर फाल्ने बाल्टिनको व्यवस्था गर्नुपर्नेलगायतका सुझावहरू दिनुभएको थियो।



कार्यक्रममा श्यानिटेशन शाखाका प्रमुख दिलिपकुमार सुवालले पनि बोल्नुभएको थियो।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ।

# पुजारी मठ जीर्णोद्धारसम्बन्धी छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक सुशील ज्ञवालीसँग फागुन १७ गते भेट गर्नुभयो। भेटमा भक्तपुरको दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालय पुनःनिर्माण र भक्तपुरको दत्तात्रयस्थित पुजारी मठ जीर्णोद्धारसम्बन्धी छलफल भयो। प्रमुख प्रजापतिले पुजारी मठको लगत इस्टिमेट, नक्सा र सम्बन्धित कागजपत्रसहित मौलिक शैलीमा निर्माण गर्न भक्तपुर नगरपालिकाले तयारी गरिरहेको जानकारी दिनुभयो।

सम्पदाहरूको जीर्णोद्धार समयमा नगरे थप क्षति हुने बताउँदै प्रमुख प्रजापतिले विश्व प्रख्यात मयूर झ्याल र काष्ठकलाको सङ्ग्रहालय नै संकटमा पर्ने हुँदा शीघ्र जीर्णोद्धार गर्न बजेट व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो।

निर्देशक सुशील ज्ञवालीले यही आर्थिक वर्षबाट सुरु हुने गरी केही बजेटको व्यवस्था गर्ने आश्वासन दिनुभयो।

# विद्यार्थीहरू समाज सेवाको भावनाबाट अभिप्रेरित हुनुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यालयले अनुशासित विद्यार्थी उत्पादनमा जोड दिनुपर्ने र विद्यार्थीहरू समाज सेवाको भावनाबाट अभिप्रेरित हुनुपर्ने बताउनुभयो।




फागुन १ गते भएको एभरेष्ट इङ्लिस स्कूलको ३६ औं वार्षिकोत्सव समारोह तथा पुरस्कार वितरण कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले विद्यालयको शैक्षिक गुणस्तर बढाउन पाठ्यक्रममा विशेष ध्यान दिनुपर्ने र विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा समावेश गराउनु आवश्यक भएको बताउनुभयो।

नगरपालिकाको पाक्षिक सरसफाइमा भक्तपुरका विद्यालयको सहभागिता उत्साहजनक भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको फोहोरलाई अर्थ उपार्जनमा रूपान्तरण गर्नेबारे नगरपालिकामा छलफल भइरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले भक्तपुर नगरका सम्पदा र सार्वजनिक स्थलहरूको सरसफाइ तथा हरियाली व्यवस्थापनका कार्यमा जोड दिँदै 'एक विद्यालय एक सम्पदा सरसफाइ' को नीति अवलम्बन गर्दै नियमित सरसफाइको अभियानलाई अगाडि बढाइरहेको बताउनुभयो।

उहाँले विद्यार्थीहरूमा भएको सहयोगी भावनाले समाजको रूपान्तरणमा टेवा पुग्ने बताउनुहुँदै विद्यार्थीहरूलाई देश र समाजको निम्ति प्रतिबद्ध भएर काम गर्न प्रोत्साहन गर्नुपर्ने बताउनुभयो।

एभरेष्ट इङ्लिस स्कूलका संस्थापक प्रिन्सिपल भक्त राजभण्डारीले सीपयुक्त शिक्षा आजको आवश्यकता भएको बताउनुहुँदै विद्यार्थीको स्तरवृद्धिको निम्ति गुणस्तरीय र व्यवहारिक शिक्षामा जोड दिइरहेको बताउनुभयो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले एभरेष्ट जन्मदिन कोष २०७५ बाट संकलित रकमले स्याङ्जा जिल्लाको वालिङ नपा ४, रत्नदोभानस्थित श्री हिमाली माध्यमिक विद्यालय तथा डोटी जिल्लाको दिपायल सिलगढी नपा ६ स्थित श्री पद्म पब्लिक मुक्तिनारायण माध्यमिक विद्यालयका प्रतिनिधिलाई पुस्तक हस्तारण गर्नुभयो।

# मृगौला रोगसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न

भक्तपुर नगरपालिका २ वडा समितिको आयोजनामा फागुन ४ गते मृगौला रोगसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भएको छ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले शिविर उद्घाटन गर्नुहुँदै जनताको स्वास्थ्य स्वस्थ बनाइराख्न भनपाले नगरका १० वटै वडामा मृगौला रोगसम्बन्धी शिविर सञ्चालन गरिरहेको बताउनुभयो।

भक्तपुर नगरलाई देशकै नमुना नगरको रूपमा विकास गर्न शिक्षा–स्वास्थ्यको केन्द्रका साथै पर्यटकीय गन्तव्यस्थल बनाउन भनपा सक्रिय रहेको बताउनुभयो।

पूर्व वडा अध्यक्ष रवीन्द्र खर्बुजाले भनपाले ख्वप अस्पतालको निर्माण गरिरहेको जानकारी दिँदै नपाको काममा जनताले साथ दिइरहेको हुँदा भनपा अगाडि बढ्न सकिरहको बताउनुभयो।

कार्यक्रमका सभापति एवम् वडा नं. २ का वडा अध्यक्ष हरिप्रसाद बासुकलाले नेमकिपाको चुनावी घोषणापत्रअनुसार नै नगरपालिकाका जनप्रतिनिधिहरूले काम गर्दै आएको बताउनुभयो।

कार्यक्रममा विनोदचरण राय, वडा सदस्यद्वय तुल्सीलक्ष्मी दुमरू, श्यामसुन्दर माताङ र राजन जतिले पनि बोल्नुभएको थियो।

शिविरमा ३ सय जना वडावासीले रगत र पिसाब परीक्षण गराउनुभएको थियो। शिविरको रिपोर्ट फागुन ३० गते वडा कार्यालयबाट वितरण गरिने वडासमितिले जानकारी दिएको छ।






# भक्तपुर शिक्षा क्षेत्रमा देशकै उत्कृष्ट गन्तव्यस्थल–प्रमुख प्रजापति

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शैक्षिक विकासमा निजी क्षेत्रले पनि महत्त्वपूर्ण योगदान गर्दै आएको बताउनुभएको छ।

भक्तपुर नगरपालिका वडा नं. १ स्थित लिटल वर्ल्ड इङ्गलिस स्कूलको १८ औं वार्षिकोत्सव कार्यक्रमको



फागुन १८ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर जिल्ला शिक्षा क्षेत्रमा देशकै उत्कृष्ट गन्तव्यस्थलको रूपमा अगाडि बढिरहेको धाराणा व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई आफ्नो दायित्व सम्झेर कलेज र जनस्वास्थ्य केन्द्रहरू सञ्चालन गर्दै आएको बताउनु हुँदै सरकार शिक्षाको जिम्मेवारीबाट पन्छिन खोजिरहेको विचार प्रमुख प्रजापतिले राख्नुभयो।

देशको राजनीति राम्रो भए सबै क्षेत्र राम्रो हुने बताउनुहुँदै उहाँले विद्यार्थीलाई राजनीतिक शिक्षा विद्यार्थीकालदेखि नै सिकाउनुपर्ने, देशको सार्वभौमिकता रक्षाको निम्ति लड्न र अन्याय विरुद्ध संघर्ष गर्न विद्यार्थीलाई देशभक्तिको पाठ सिकाउनुपर्ने बताउनुभयो।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले विद्यालयले देशलाई आवश्यक दक्ष जनशक्ति तयार गर्ने, विद्यार्थीलाई जीवन उपयोगी गतिविधिमा संलग्न गराउनुपर्ने र विद्यार्थीको व्यक्तित्व विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

लिटिल वर्ल्ड स्कूलका प्रिन्सिपल रूपेन्द्र पोखरेलले घोकन्ते विद्यालाई निरुत्साहित गरी व्यवहारिक शिक्षाको पक्षमा रहेको बताउनुहुँदै विद्यार्थीहरूलाई संस्कारयुक्त शिक्षा प्रदानमा विद्यालयले जोड दिएको बताउनुभयो।

प्याब्सन भक्तपुर नगर समितिका अध्यक्ष रमेशचन्द्र श्रेष्ठले विद्यार्थीहरूको सर्वाङ्गीण विकासको निम्ति पढाई सँगसँगै अनुशासन र अतिरिक्त क्रियाकलापमा संलग्न गराउनुपर्ने विचार राख्नुभयो।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पद्मध्वज कार्की, ज्योति जंगमलगायतले पनि बोल्नुभएको थियो। कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रदर्शनी पनि प्रस्तुत गरेका थिए।

# समाजमा परिवर्तन ल्याउन शिक्षा हासिल गर्नुपर्ने

पैसा कमाउन र ठूलो मान्छे बन्नभन्दा असल नागरिक बन्न र जनताको सेवा गरी समाजमा परिवर्तन ल्याउन शिक्षा हासिल गर्नुपर्दछ।

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले माघ २८ गते मिनर्वा इङ्लिस स्कुलको अभिभावक दिवस कार्यक्रममा बताउनु भएको हो। आफ्नो उद्घाटन मन्तव्यमा उहाँले सामुदायिक र निजी विद्यालयबीचको शैक्षिक गुणस्तरमा भिन्नताको अन्त्य गर्नुपर्ने र सबैलाई शिक्षामा समान पहुँचको व्यवस्था हुनुपर्ने बताउनुभयो।

स्थानीय भाषा र संस्कृतिलाई बिर्सन नहुने बताउनुहुँदै उहाँले भन्नुभयो – 'शिक्षा लिएर विदेश जाने होइन बरु विदेशमा सिकेको ज्ञान र सीपले स्वदेशको सेवा गर्नुपर्छ।'

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ का वडाअध्यक्ष कुमार चवाल, वागीश्वरी कलेजका प्रिन्सिपल




धनकुमार श्रेष्ठ र मिनर्वा इङ्लिस स्कुलका प्रिन्सिपल राजेन्द्र दुवालले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सांस्कृतिक गुरुहरूलाई सम्मान र एसईई उत्तीर्ण भएका विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो।

# नि:शुल्क रगत परीक्षण शिविर सम्पन्न

भक्तपुर नगरपालिका वडा नं. १ समिति अन्तर्गत स्वयम्सेविका परिचालन समितिद्वारा आयोजित मृगौला, मधुमेह, रक्तचापसम्बन्धी नि:शुल्क खुला रगत परीक्षण शिविरको शुभारम्भ एक समारोहबीच प्रमुख सुनिल प्रजापतिले फागुन ११ गते गर्नुभयो ।

उक्त अवसरमा उहाँले जनताको स्वास्थ स्वस्थ रहन पाउनुपर्ने विषयको प्रत्याभूति दिलाउन चुनावताका नेपाल मजदुर किसान पार्टीले अगाडि सारेको घोषणापत्रको आधारमा चरणबद्ध नि:शुल्क स्वास्थ्य शिविर चलाउँदै आइरहेको बताउनुभयो । उहाँले जनताको स्वास्थ्य सेवा अझ गुणस्तरीय बनाउन ख्वप अस्पताल भवन निर्माण कार्यको शिलान्याससमेत भइसकेको छ भन्नुभयो ।

कार्यक्रममा समाजसेवी एवम् पूर्ववडाध्यक्ष लक्ष्मीनारायण राजलवटले स्वास्थ्य शिविरले हाम्रो स्वास्थ्यसम्बन्धी भित्री रोग पत्ता लगाई स्वास्थ्य लाभ हुने विश्वास व्यक्त गर्नुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले सभापतिको आशनबाट पुर्खाले सिर्जेको सम्पति हाम्रो कला र संस्कृति भन्ने मूल नारालाई सार्थक बनाउन स्वास्थ्य जीवनको अपरिहार्यता रहने भएकोले नगरपालिकाबाट समय समयमा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन भइरहेको कुरा बताउनुभयो ।

कार्यक्रममा स्वयम्सेविका परिचालन समितिका संयोजक



गंगा बमन्, विश्वराज शिल्पकारले पनि बोल्नुभएको थियो ।

उक्त शिविरमा ३६९ जनाले स्वास्थ्य परीक्षण गराएका थिए ।

# विद्या विकासमा वार्षिक खेलकुद कार्यक्रम

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यालयमा हुने खेलकुद गतिविधि तथा अतिरिक्त क्रियाकलापले शिक्षक-शिक्षिका तथा विद्यार्थीहरूलाई स्वस्थ र तन्दुरुस्त बनाउन मद्दत पुग्ने बताउनुभयो ।

नाचगानको राजधानी भक्तपुरका सबै नागरिकहरू कलाकारको रूपमा परिचित भएको बताउनुहुँदै उहाँले संस्कृतिमा अत्यन्त धनी देश नेपालका सम्पदाहरूको निरन्तर संरक्षण र प्रवर्द्धन गर्न सके विदेशी पर्यटकलाई आकर्षण गर्न टेवा पुग्ने बताउनुभयो ।

सरकारी विद्यालयको भन्दा निजी विद्यालयको नतिजा तुलनात्मक रूपमा राम्रो भएको बताउनुहुँदै प्रमुख




प्रजापतिले भक्तपुर नगरपालिकाका सामुदायिक विद्यालयहरूको शैक्षिक एवं भौतिक सुधारको लागि शिक्षक-शिक्षिकाहरूलाई मन्टेश्वरीको तालिम र आर्थिक सहयोग प्रदान गर्दै आएको बताउनुभयो । विद्या विकास स्कूलले देशको निम्ति आवश्यक जनशक्ति तयार गरिरहेको चर्चा गर्नुहुँदै उहाँले विद्यालयहरूले देशको निम्ति आवश्यक अनुशासित र क्षमतावान जनशक्ति तयार गर्नुपर्नेमा धारणा व्यक्त गर्नुभयो ।

भक्तपुरको इतिहास, भूगोल, कला-संस्कृति, सम्पदा, खेलकुदलगायतका विषयबारे नयाँ पुस्तालाई जानकारी प्रदान गर्न विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरिसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई देशभक्त र कर्तव्यनिष्ठ भई देश र समाजको सेवा गर्ने भावनाले अभिप्रेरित हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा विद्या विकासका प्रिन्सिपल प्रदीप क्षेत्री, भक्तपुर नपा वडा नं. ७ का वडाअध्यक्ष उकेश कवां, वडासदस्यद्वय रञ्जना त्वाती र हेरा ख्याजुको पनि उपस्थिति थियो ।

फागुन १० गे भएको कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले खेलकुद प्रतियोगिताका विजयी खेलाडीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

# रेटिना अध्ययन प्रतिवेदन सार्वजनिक

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले 'भक्तपुर रेटिना अध्ययन प्रतिवेदन' एक समारोहबीच माघ २८ गते संयुक्त रूपमा सार्वजनिक गर्नुभयो ।




कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेँले आँखालगायत विभिन्न रोगहरूबारे राजनैतिक कार्यकर्ताले बुझेमा धेरै जनताको सेवा हुने बताउनुहुँदै शिक्षकहरूमार्फत् विद्यार्थीहरूबीच स्वास्थ्यसम्बन्धी कार्यक्रम गर्नुपर्ने बताउनुभयो ।

उहाँले हरेक विषय सानै उमेरमा सिकाउनुपर्नेमा जोड दिनुहुँदै आफूले रौतहटमा ६/७ कक्षामा पढ्दा नेत्रदान कार्यक्रममा स्वयम् सेवकको भूमिका निर्वाह गरेको स्मरण गर्नुहुँदै त्यसबेला सुनेका कुराहरू ताजै रहेको बताउनुभयो ।

जनताको सेवा गर्न राजनैतिक कार्यकर्ताहरूले धेरै गर्न बाँकी छ– उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा आँखाको स्थितिबारे अध्ययन गर्नुभएकोमा डा. रवा थापालगायतलाई धन्यवाद दिनुहुँदै भक्तपुरका जनताको सेवा लागि घर–घरमा नर्सिङ सेवा सञ्चालन गरिरहेको र ती नर्सहरूमार्फत् विभिन्न रोगहरूसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू गरी अघि बढ्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले नगरवासीहरूको स्वास्थ्य स्थितिबारे थाहा पाउन निश्चित समयावधि तोकी खास खास रोगहरूको स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको बताउनुहुँदै प्रतिवेदनले भक्तपुरका जनताको आँखाको स्थितिबारे जानकारी पाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

शिक्षाशास्त्र अध्ययन संस्थानका पूर्वडीन पृथुचरण वैद्यले भक्तपुरमा आँखा अस्पताल बन्ने कुराले आफू हर्षित भएको बताउनुहुँदै आँखा स्वस्थ राख्न सबैलाई ज्ञान दिनुपर्छ भन्नुभयो ।

डा. सुमन शमशेर थापा र अध्येता डा. रवा थापाले भक्तपुरको अध्ययनबारे जानकारी दिनुभयो ।

डा. रवा थापाले भक्तपुरका २१०० जना नागरिकसँग तीन वर्ष लगाएर आँखाको रेटिना सम्बन्धी रोगको अध्ययन गर्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर जिल्ला सामुदायिक आँखा केन्द्रका प्रमुख धिरज अधिकारीले केन्द्रले गर्दै आएको उपचारको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

**भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र सूर्यविनायक ब्यारेकका प्रमुख सेनानी शिवप्रसाद पौडेलबीचको भेटमा जिल्लाको विपद् व्यवस्थापनसम्बन्धी सहकार्य र समन्वयलगायतका विषयमा छलफल भयो । (फागुन १२ गते)**



**ख्वप बहुप्राविधिक अध्ययन संस्थानको वार्षिकोत्सव**

# समाजलाई अगाडि बढाउन अनुशासित युवाहरूको आवश्यकता

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले देशको सार्वभौमिकता रक्षा गर्न अनुशासित नागरिक तयार गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको माघ २५ गते भएको १५ औं वार्षिकोत्सव कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेंले समाजलाई अगाडि बढाउन अनुशासित युवाहरूको आवश्यकता भएको, विद्यार्थीहरूमा देश र समाजको निम्ति निःस्वार्थ रूपमा काम गर्ने भावना हुनुपर्ने बताउनुभयो।

शिक्षालाई उत्पादन श्रमसँग मिलाउनुपर्नेमा सरकारको ध्यान जान नसकेको बताउनुहुँदै अध्यक्ष बिजुक्छेंले नयाँ पुस्ताका युवाहरूलाई राजनैतिक उद्देश्य बोकेर आफ्नो गन्तव्य पहिचान गर्न मार्गनिर्देशन दिनुभयो।

देश अहिले दिशाहीन गतिमा अगाडि बढिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै अध्यक्ष बिजुक्छेंले जुनसुकै क्षेत्रमा बसेर पनि इमानदारीपूर्वक काम गर्ने र आफूले हासिल गरेको ज्ञानलाई समाज र देशको सेवामा प्रयोग गर्ने युवाहरूको खाँचो औंल्याउनुभयो।

कार्यक्रमका सभापति कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले न्युन शुल्कमा गुणस्तरीय शिक्षा दिइरहेको र विद्यार्थीहरूलाई सीपमूलक शिक्षा प्रदान गरिरहेको बताउनुभयो।

जनताका छोराछोरीले राजनीति गरेन भने शोषक सामन्तहरू राजनीतिमा अगाडि आउने भएकोले स्वच्छ छवि भएका इमानदार व्यक्तिहरू राजनीतिमा लागि राज्य र सरकारको नेतृत्व गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाले नगरको १० वटै वडामा घरदैलो नर्सिङ सेवा सञ्चालन गरेको र च्याम्हासिंह स्वास्थ्य केन्द्रसँगै २५ शय्याको ख्वप अस्पताल निर्माणको प्रक्रिया अगाडि बढिसकेको जानकारी उहाँले दिनुभयो।

नेमकिपाबाट प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले देशलाई माया गर्ने, देश र समाज बुझ्ने असल नागरिकको खाँचो भएको बताउनुहुँदै राजनीतिक नेतृत्व राम्रो भए देशको भविष्य पनि सुन्दर हुने बताउनुभयो।

नेमकिपाबाट प्रदेशसभा सदस्य सृजना सैंजुले संघीयताको सफल कार्यान्वयन हुन नसक्नुमा शासक दलहरू जिम्मेवार भएको बताउनुभयो। उहाँले महिलाहरू राजनैतिक रूपमा सचेत भई देश र समाजको सेवा गर्ने भावनाले अगाडि बढ्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले विद्यार्थीहरूले आफूले पाएको शिक्षाबाट देश र समाजको सेवा गर्नुपर्नेमा जोड दिनुहुँदै भक्तपुर नगरपालिकाको उद्देश्य भक्तपुरलाई सफा, स्वच्छ, सभ्य र शिक्षाको केन्द्र बनाउने रहेको बताउनुभयो।

कार्यक्रममा सीटीईभीटीका उपाध्यक्ष कुलबहादुर बस्नेतले भक्तपुर नगरपालिकाले अरु नपाको तुलनामा उदाहरणीय कार्य गरिरहेको चर्चा गर्नुहुँदै प्राविधिक र व्यवसायिक शिक्षाले मुलुकको विकासमा मद्दत पुग्ने बताउनुभयो।

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक ऋषिकेश श्रेष्ठले क्यान्सरको जोखिम भयावह बन्दै गएको अवस्थामा



प्रमुख अतिथि नेमकिपाका अध्यक्ष का.नारायणमान बिजुक्छें (रोहित), प्रमुख सुनिल प्रजापति, प्रदेश सदस्य सुरेन्द्रराज गोसाइं र प्रदेश सदस्य सृजना सैंजु






उप-प्रमुख रजनी जोशी, सीटीईभीटीका उपाध्यक्ष कुलबहादुर बस्नेत, क्यान्सर अस्पतालका निर्देशक ऋषिकेश श्रेष्ठ र प्राचार्य डा. रत्नसुन्दर लासिवा

क्यान्सर रोकथामको निम्ति जनचेतनामूलक कार्यक्रमको आवश्यकता भएको औंल्याउनुभयो ।

ख्वप बहुप्राविधिक संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले नगरपालिकाद्वारा सञ्चालित ख्वपअन्तर्गतका कलेजहरूले देशको लागि दक्ष नागरिक तयार गर्न र शिक्षा क्षेत्रमा नमुना कलेजको रूपमा शिक्षा प्रदान गरिरहेको बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि बिजुक्छेंले शैक्षिक वर्ष २०७५/७६ को तेस्रो वर्ष परीक्षाफलमा प्रथम, द्वितीय र तृतीय हुन सफल विद्यार्थी तथा शैक्षिक वर्ष २०७५/७६ को सिभिल इञ्जिनियरिङ तेस्रो वर्ष दोस्रो खण्डको परीक्षाफलका उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।



# नगरवासीहरुलाई बाल्टिन तथा कम्पोष्ट बिन वितरणसम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

भक्तपुर नगरपालिकाले वडा कार्यालयमार्फत कुहिने र नकुहिने फोहर सङ्कलनका लागि अलग–अलग बाल्टिन र कुहिने फोहरबाट घरमै मल उत्पादन गर्न सकिने कम्पोष्ट बिन वितरण गरिरहेको सबै नगरवासीहरूमा जानकारी गराइन्छ ।

- प्रत्येक घर परिवारले कुहिने फोहर राख्ने बाल्टिन रु. १५०। मा, नकुहिने फोहर राख्ने बाल्टिन रु. ५०।– मा र कम्पोष्ट बिन रु. १०००। मा वडा कार्यालयमार्फत् पाउन सक्नुहुनेछ । कम्पोष्ट बिन पाउन नागरिकताको फोटोकपीसहित निवेदन अनिवार्य छ ।
- नगरपालिका क्षेत्रमा डेरा बस्ने, पसल व्यवसाय गर्ने महानुभावहरूले पनि वडा कार्यालयमा सम्पर्क राखी वार्षिक सफाइ कर तिरेर उक्त सुविधा पाउन सक्नुहुनेछ ।
- जथाभावी फोहर फाल्नु कानुनतः अपराध हो ।

**भनपा प्रमुख र ल क्याम्पस प्रमुखबीच भेट**

# ल क्याम्पसको भवन मौलिक शैलीमा निर्माण गर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र नेपाल ल क्याम्पसका क्याम्पस प्रमुख डा. डी.एन. पराजुलीबीच माघ २३ गते नगरपालिकाको सभाकक्षमा भेट तथा छलफल भयो ।

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो । उहाँले नगरपालिकाको तर्फबाट मौलिक शैलीमा मठ मन्दिर र निजी घरहरू निर्माणमा जोड दिइरहेको बताउनुहुँदै नेपाल ल कलेज भवन निर्माणमा प्राविधिक सहयोगको लागि आग्रह गर्नुभएकोमा आफूहरू सकारात्मक भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले पुन:निर्माणका कार्यहरू स्थानीय जनताको सहभागितामा उपभोक्ता समितिमार्फत् गरिरहेको बताउनुभयो । उहाँले भक्तपुरलाई सांस्कृतिक र ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य नगरपालिकाको रहेको बताउनुभयो ।

क्याम्पस प्रमुख पराजुलीले नेपाल ल क्याम्पसको नयाँ भवन भक्तपुरको मौलिक शैलीमा निर्माण गर्न भक्तपुर नगरपालिकाको तर्फबाट भवनको डिजाइन बनाउन र प्राविधिक सहयोगको लागि अनुरोध गर्नुभयो । भक्तपुर नगरपालिकाका प्राचीन सम्पदाहरू अतुलनीय रहेको बताउनुहुँदै क्याम्पस प्रमुख पराजुलीले नगरपालिकाको तर्फबाट भवन निर्माणको लागि आवश्यक प्राविधिक सहयोग पाउनेमा विश्वास व्यक्त गर्नुभयो ।

# इञ्जिनियरिङ कलेजहरूको विनियमबारे छलफल

भक्तपुर नगरपालिकाको चौथो नगरसभाबाट पारित भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज अफ इञ्जिनियरिङको विनियम २०७५ बारे प्राध्यापकहरूबीच माघ २४ गते छलफल कार्यक्रम सम्पन्न भयो ।



कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित कलेजबाट देशभरिका विद्यार्थीहरूले कम शुल्कमा गुणस्तरीय शिक्षा पाइरहेको र भक्तपुर नगरपालिकाले शैक्षिक क्षेत्रमा अरुको तुलनामा पृथक र उदाहरणीय रूपमा काम गर्दै आएको बताउनुहुँदै आर्थिक उदारीकरणको नाउँमा शिक्षालाई निजी क्षेत्रमा जिम्मेवारी दिएकै कारण सरकारी कलेजहरूको गुणस्तर बढ्न नसकेको बताउनुभयो ।

आर्थिक रूपले पछाडि परेका विद्यार्थीहरूको लागि सहुलियत दरमा शैक्षिक ऋण दिने उद्देश्यले भक्तपुर नगरपालिकाको चौथो नगरसभाले भक्तपुर नपामा स्थायी बसोबास गर्ने गरिब, जेहेन्दार विद्यार्थीलाई शैक्षिक योग्यताको प्रमाणपत्र धितो राखी रु. ५ लाखसम्म शैक्षिक ऋण दिनेसम्बन्धी निर्देशिका पारित गरेको जानकारी प्रमुख प्रजापतिले दिनुभयो । उहाँले कलेजमा कार्यरत कर्मचारी र प्राध्यापकहरूलाई इमानदारीपूर्वक काम गरी आफ्नो कार्यक्षेत्रका सेवा विस्तारमा सहयोग पुऱ्याउन जोड गर्नुभयो ।

उक्त कार्यक्रममा ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इञ्जिनियरिङका प्राचार्य सुनिल दुवालले ख्वप इञ्जिनियरिङ कलेजको विनियममा उल्लेख परिच्छदहरूबारे प्रस्ट पार्नुभयो ।

# शहीद स्मृति खेल मैदान र देकोचामा सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा शहीद दिवसको अवसरमा यही मिति २०७५ फागुन ५ देखि ७ गतेसम्म हुने अन्तर नगर कराँते प्रतियोगितालाई लक्षित गर्दै भनपा- २ स्थित शहीद स्मृति खेल मैदानको सरसफाइ कार्यक्रम फागुन १ गते सम्पन्न गऱ्यो। सो कार्यक्रममा भक्तपुर नगरपालिकाका जनप्रतिनिधीहरू, कर्मचारीहरू, विद्यालय र कलेजका शिक्षक र विद्यार्थीहरू, स्थानीय टीम, क्लब र नागरिकहरूको उल्लेख्य सहभागिता रहेको थियो।

सरसफाइ कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पाक्षिक नियमित सरसफाइ कार्यक्रमले नगरवासीहरूमा सरसफाइ सम्बन्धी चेतना बढ्दै गएको बताउनुहुँदै ही मिति २०७५ फागुन ५ देखि ७ गतेसम्म हुने अन्तर नगर कराँते प्रतियोगिताको ऱ्याली र समुद्घाटन कार्यक्रममा सकृय सहभागिताको लागि अपील गर्नुभयो। सो कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र वडा सदस्य श्यामसुन्दर मातांले पनि बोल्नुभएको थियो।



त्यस्तै भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइ कार्यक्रम अन्तर्गत भक्तपुर नगरपालिका वडा नं. ६ देकोचास्थित अरनिको सभा भवन निर्माण स्थलमा फागुन १५ गते सरसफाइ कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रमका प्रमुख अतिथि भ.न.पा.का उप प्रमुख श्री रजनी जोशीले यस स्थानमा सरसफाइ गर्नुको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै अरनिको सभा भवन निर्माणको लागि तयारी नै हो। भक्तपुर नगरपालिकाले कुरामात्र गर्दैन काम गरेर देखाउने



छ। जसरी शिक्षा तथा स्वास्थ्य क्षेत्रमा नमुना भए जस्तै अन्य क्षेत्रमा पनि नमुना बनाउनको लागि नगरपालिका तदारुकताका




साथ अगाडि बढिरहेको कुरा बताउनुभयो। भक्तपुर नगरका नगरवासीहरूको स्वास्थ्य सेवाको निम्ति ख्वप अस्पताल बनाउन लागेको बताउनुका साथै नगरको हरेक विकास निर्माणमा नगरवासीहरूको साथ र सहयोगको अपेक्षा गर्नुभयो।

सभापतिको आशनबाट भ.न.पा. वडा नं ६ का वडा अध्यक्ष हरिराम सुवालले भूकम्प पीडितहरू बसेको टहरा भित्रको सामानहरू हटाउन सूचना जारी गर्दा पनि अटेर गरी बसिरहेकोले वाध्यतावश हामीले हटाउनु परेको कुरा बताउनुभयो। साथै उहाँले पार्टीको घोषणापत्रअनुसार नै २८ रोपनी जग्गामा अरनिको सभा भवन निर्माण गर्नको लागि अगाडि बढेका हौं सरसफाइ कार्य यसैको सिलसिला हो भन्नुभयो।

वडा नं. ६ का वडा सदस्य गोविन्द दुवालले भ.न.पा.को सम्पत्ति हामी सबै नगरवासीहरूको साझा सम्पत्ति भएकोले हामी सबै मिली संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो। तर यस स्थानमा भूकम्प पीडितहरूको लागि दाताहरूले सहयोग गरेको खानेपानीको ट्याङ्की बिक्री गरेकोमा दुःख व्यक्त गर्नुभयो। नेमकिपाको घोषणापत्रअनुसार जनताको स्वास्थ्यको विषयमा चिन्तनशिल भएर सरसफाइमा जोड दिइरहेको साथै जनताको इच्छा र चाहनाअनुसार यस ठाउँमा अरनिको सभा भवन बनाउन लागी परेको बताउनुभयो।

उक्त कार्यक्रममा भ.न.पा.कार्यपालिका सदस्य सुनिता अवालले भक्तपुर नगरलाई सधैं सफा राख्न भक्तपुर नगरपालिकाका जन प्रतिनिधिहरू र कर्मचारीहरूले मात्र सरसफाइ गरेर पुग्दैन सम्पूर्ण नगरवासीहरूको सहयोग आबश्यक रहन्छ भन्नुभयो।

भ.न.पा. कार्यपालिका सदस्य रोशन मैया सुवालले अरनिको सभा भवन किन नबनाएको भन्ने जनताको गुनासो बढेकोले जनतालाई वचन दिएअनुसार कार्य शुरु गर्न लागेको बताउनुभयो।

कार्यक्रममा वडाका विभिन्न स्कुलहरू, कलेजहरू, टिम, क्लब, सहकारीहरू, दाफा भजन, टोल सुधार समितिहरू, भ.न.पा का जनप्रतिनिधिहरू, भ.न.पा.का कर्मचारीहरूलगायत गन्यमान्य व्यक्तिहरू र स्थानियवासीहरूको सहभागीता रहेको थियो।

# भक्तपुर नगरपालिकाको बजार अनुगमन

## मासु पसल परम्परागत रूपमै सञ्चालन

भक्तपुर नगरपालिका भित्र रहेको अधिकांश राँगोको मासु पसल परम्परागत रूपमै संचालन गरिरहेको पाइन्छ। त्यसलाई सुधार गर्नु पर्ने आवश्यकता रहेको बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा च्याम्हासिंहदेखि सुकुलढोका र त्रिपुरासुन्दरीसम्मका ११ वटा मासुपसलमा माघ २८ गते अनुगमन गर्दा पाइएको बताउनु भयो ।



अनुगमनको क्रममा विभिन्न पसल धनीलाई ढक तराजू नवीकरण गर्न, मासु जालीले छोपेर राख्न, सरसफाइमा विशेष ध्यान दिन, डी फ्रिज प्रयोग गर्न, एप्रोन सेतो प्रयोग गर्न, मुल्य सूची राख्न, साइनबोर्ड राख्न, मासु काट्ने औजार खिया लागेकोले सफा गर्न, भित्ता र भुईं सफा गर्न मिल्ने गरी कार्पेट र प्लाष्टर गर्न, मासु बाटो र पेटीमा राखी नबिगार्न र नबेच्न निर्देशन दिँदै एक पसलका बिग्रेको भेडाको मासु साढे एक किलोग्राम नष्ट गरायो। त्यस्तै कुखुरा र राँगोको मासु टुक्रा गर्न अचानो छुट्टाछुट्टै प्रयोग गर्न निर्देशन दियो। पहिला नै अनुगमनमा दर्ता गर्न निर्देशन दिदां समेत जीवन साहीले अटेर भई नगरेकोले आजै पसल दर्ता गर्न अन्यथा पसलको सामान जफत गर्ने कडा निर्देशन दियो।

अनुगमनमा भक्तपुर नगरपालिकाका अनुगमन समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, सदस्य सचिव दिलिपकुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका बिष्णुकेशरी जोशी, पशु सेवा कार्यालयका उमेशलाल प्रधान, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, जिल्ला प्रशासन कार्यालय भक्तपुरका लुमा श्रेष्ठ, महानगरीय प्रहरी परिसरका प्र.स.नि. प्रेम सिंह कुवँर, शहरी क्लिनिक जन स्वास्थ्य केन्द्र भनपाका कृष्णलक्ष्मी दुमरु, भक्तपुर उद्योग बाणिज्य संघका संजय जोन्छे र जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरको सहभागीता थियो।

## ढक तराजु जफत

भक्तपुर नगरपालिका बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा भार्वाचोदेखि नासमनासम्म नौ वटा मासुपसलमा माघ २८ गते अनुगमन गरियो। अनुगमनमा राँगोको मासु पसल फोहर, अँध्यारो, खिया लागेको टेबुल, न्युनतम पूर्वाधार विना संचालन भएको र सुधार नगरेको पाइएको छ।

अनुगमनको क्रममा बुलुचामा तराजू नमिल्ने, ढुंगा राखी ग्राहक ठगेको र खिया परेको तराजु र ढक जफत गरिएको छ।

साथै अनुगमन गरिएका विभिन्न पसलहरूका धनीलाई तीन दिनभित्र पसल दर्ता गर्न, एप्रोन सेतो प्रयोग गर्न, सरसफाइमा ध्यान दिन, फ्रिज सफा गर्न, मुल्य सूचि र साईनबोर्ड राख्न, पसल नवीकरण गर्न, ढक तराजू नवीकरण गर्न, भित्ता र भुईं सफा गर्न मिल्ने गरी प्लाष्टर वा कार्पेट राख्न, मासु राख्ने टेबुल बाटोमा नराख्न, तराजू नमिलेकोले डिजिटल प्रयोग गर्न, मासु जालीले छोपेर राख्न, मासु राख्ने फलामको टेबुल खिया परेकोले सो हटाई एलुमिनियमको पाटा राख्न, मासु काट्ने औजार सफा राख्न निर्देशन दिएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो।

अनुगमनमा भक्तपुर नगरपालिकाका अनुगमन समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, सदस्य सचिव दिलिप कुमार सुवाल, भनपा श्यानिटेशन उपशाखाका व.नि. रामकृष्ण प्रजापति, भनपा कर उपशाखाका बिष्णु केशरी जोशी, पशु सेवा कार्यालयका उमेशलाल प्रधान, राष्ट्रिय उपभोक्ता मञ्चबाट मनोज थापा, जिल्ला प्रशासन कार्यालय भक्तपुरका लुमा श्रेष्ठ, महानगरीय प्रहरी परिसरका प्र.स.नि. इन्द्र घिमिरे, शहरी क्लिनिक जन स्वास्थ्य केन्द्र भनपा र जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर, भक्तपुर उद्योग वाणिज्य संघको सहभागीता थियो।

## देकोचामा तेह्रवटा पसल दर्ता नभएको पाइयो

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा फागुन १२ गते देकोचामा पच्चीस वटा पसल अनुगमन गरिएकोमा बाह्रवटा पसल दर्ता भएको र तेह्रवटा पसल दर्ता नभएको पाइयो।

अनुगमनमा दर्ता नभएका पसलहरूमा के.आर.एस फर्निचर, न्यू रिलाक्स फर्निचर, रामलक्ष्मी माकको टेलर्स, शान्ति तामाङको कुचो पसल, दर्शना टेलर्स, आर.आर. स्टोर, सुभद्रा धामीको किराना पसल, बद्री एण्ड सन्स, दिपक ठाकुरको हेयर सैलुन, सुनिता अधिकारीको जुत्ता पसल, साहेब जीमियाको सिरक डस्ना पसल, रामबहादुर खड्काको खाजा पसल र सुसोभ एजुकेशन इन्टरप्राईजेज रहेका छन्।

त्यस्तै आर.आर.स्टोर तीन दिनभित्र दर्ता गर्न, सरसफाइमा ध्यान दिन, पेटीको सामान हटाउन, मादक पदार्थ अनुमति लिएरमात्र बेचबिखन गर्न र बद्री एण्ड सन्स तीन दिनभित्र दर्ता गर्न, सरसफाइमा ध्यान दिन, ढल निकास खुल्ला छोडिराखेकोले दुर्गन्धित भएको व्यवस्थापन गर्न, कामदारलाई एप्रोन प्रयोग गर्न निर्देशनदियो।

त्यस्तै किरण किराना स्टोर ६/७ वर्षसम्म नवीकरण नगरेकोले तत्काल नवीकरण गर्न, भेटिएका म्याद नाघेका सामानहरू नष्ट गर्न र एम एस किराना स्टोर नवीकरण गर्न, म्याद नाघेका सामानहरू नष्ट गर्न निर्देशनदिएको वडा निरिक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू हरिराम सुवाल, रोशन मैंया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जु, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक राजबहादुर डगौरा, जिल्ला प्रसाशन कार्यालय भक्तपुरका लुमा श्रेष्ठ,उद्योग वाणिज्य संघका सञ्जय जोन्छे सहभागी रहेका थिए।

## महालक्ष्मीमा बजार अनुगमन

भक्तपुर नगरपालिकाअनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा फागुन १३ गते देकोचामा एकतीस वटा पसल अनुगमन गरिएकोमा चौध वटा पसल दर्ता भएको र सत्र वटा पसल दर्ता नभएको पाइयो।

अनुगमनमा दर्ता नभएका पसलहरूमा आर.के. मोटरसाईकल सेन्टर, काभ्रेली खाजा घर, सरोज गौतमको दुनोट उद्योग, राजेश कक्षपतिको प्लाष्टिक पसल, शिव रेडिमेड एण्ड ई. पसल, एस एन मोबाइल पसल, बुद्धिसागर अवालको खाजा घर, गीता राजचलको टेलर्स, महालक्ष्मी खाजा घर, पुरन शाहको पानीपुरी पसल, आर.के. मोबाइल पसल, दिनेश दुवालको चिया पसल, राकेश दुवालको खाजा पसल, श्यामकृष्ण अवालको हार्डवेयर पसल, आर.के. ईलेक्ट्रिक पसल, महमद इन्ताहजलको सिरक डसना पसल, दतात्रय लाईट हाउस रहेको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनु भयो।

राम गोपाल स्टोल साइन बोर्ड राखी महालक्ष्मी स्टोर एण्ड सप्लार्यस दर्ता गरी संचालन गरी नगरपालिकामा सामान्य किराना पसलमा दर्ता गरिराखेकोले मिनि मार्टमा दर्ता गर्न र भेटिएका म्याद नाघेका सामानहरू जफत गरियो भने पसल सरसफाइ र सामानहरू व्यवस्थित गरी राख्न निर्देशन दियो।

त्यस्तै सरोज गौतमको दुनोट उद्योगमा बासी र दुषित अखाद्य तेल जफत गरी नष्ट गरियो भने उद्योग तीन दिनभित्र दर्ता गर्न र फोहर भई दुर्गन्धित भएकोले सरसफाइमा ध्यान दिन निर्देशन दियो।

त्यस्तै महालक्ष्मी तरकारी पसलमा प्रमाणपत्र पसलमा राख्न, बाटो र पेटीमा पसलको सामान नराख्न, पसलमा सरसफाइ र सामान व्यवस्थित राख्न निर्देशन दियो।

अनुगमनमा अनुगमन समितिका सदस्य हरिराम सुवाल, रोशन मैंया सुवाल, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी ब्याञ्जु, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक शिवशरण लुबन्जार, जिल्ला प्रसाशन कार्यालय भक्तपुरका कर्णाखर आर्चाय, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा र उद्योग वाणिज्य संघका सञ्जय जोन्छे सहभागी रहेको थियो।

## चुनदेवीको शिलबन्दी गोदाम खोलियो

भक्तपुर नगरपालिकाको नेतृत्वमा माघ १८ गते गरिएको बजार अनुगमनमा चुनदेवी किराना पसलमा छापा मार्दा ठूलो मात्रामा भेटिएको म्याद नाघेको र अखाद्य सामानको गोदाम शिलबन्दी गरिएको थियो। उक्त गोदाम सरोकारवालाहरूको रोहवरमा फागुन २ गते शिलबन्दी ताला खोलिएको बजार अनुगमन टोलीका संयोजक राजकृष्ण गोराले बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. १ चुनदेवी स्थानमा रहेको चुनदेवी किराना पसलमा शिलबन्दी खोली पसलमा रहेका म्याद नाघेका सामानहरू घ्यू, आटा, चिउरा जफत गरी नष्ट गरियो भने म्याद नाघेको र अखाद्य तेल, घ्यू, चामल, आटालगायत सामान ७ दिनभित्र निज व्यवसायी आफैले सम्बन्धित कम्पनीलाई फिर्ता गर्ने र फिर्ता नभए आफैले नष्ट गरी सरोकारवाला कार्यालयलाई जानकारी दिने निर्णय भएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो। साथै पहिलो पटक भएकोले पाँच हजार रूपैंयासमेत जरिवाना गराएको बताउनुभयो।



उक्त गोदाम अनुगमन समितिका सदस्य हरिराम सुवाल, रोशन मैया सुवाल, वडाध्यक्ष श्यामकृष्ण खत्री, प्र.स.नि प्रेम सिं कुवंर, जिल्ला प्रशासन कार्यालय भक्तपुरका नारायणप्रसाद लघु, भनपा श्यानिटेशका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग वाणिज्य संघका सञ्जय जोन्छेका साथै सम्बन्धित गोदाम धनीको रोहबरमा खोलिएको थियो।

# ‘उत्पादन श्रमसँग जोडिएको शिक्षामा जोड दिनुपर्ने’–प्रमुख प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यालयले शैक्षिक योग्यताको प्रमाणपत्र वितरण गर्नेभन्दा विद्यार्थीहरूलाई उत्पादन श्रमसँग जोडिएको शिक्षामा प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

ई.जी. पायोनियर स्कूलको २५ औं वार्षिकोत्सव कार्यक्रमको फागुन १८ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरलाई सांस्कृतिक नगर, पर्यटकीय गन्तव्यस्थल र ज्ञान–विज्ञानको केन्द्र बनाउने उद्देश्य बोकेको र भक्तपुरको शिक्षा, संस्कृति, सम्पदा, भाषा आदिमा दक्ष बनाउन भक्तपुर नगरपालिकाले नगरभित्रका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरेको बताउनुभयो ।

शैक्षिक संस्थाहरूले विद्यार्थीहरूलाई राजनैतिक, सैद्धान्तिक र व्यवहारिक शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले देश र समाजको विकासको निम्ति प्रयोग गर्न उपयुक्त शिक्षा दिनुपर्ने धारणा राख्नुभयो ।

देशभक्तिको शिक्षाले मात्र देशलाई अगाडि बढाउन मद्दत पुग्ने विचार राख्नुहुँदै उहाँले विद्यार्थीहरूलाई देश र समाजप्रति जिम्मेवार बनाउनुपर्ने र देशको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्नमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरलाई सफा र व्यवस्थित बनाउन पाक्षिक सरसफाइको अभियान चलाएको, भक्तपुर नपाको चौथो नगरसभाले कर संकलनको अभियान सञ्चालन गर्ने निर्णय गरेको र भनपाभित्र स्थायी बसोबास गर्ने गरिब तथा जेहेनदार विद्यार्थीहरूको लागि रु. ५ लाखसम्मको सहुलियत ऋण प्रदान गर्नेसम्बन्धी विधेयक पारित गरेको जानकारी गराउनुभयो ।

कार्यक्रममा विद्यालयका संस्थापक प्रिन्सिपल विजेन्द्र धौंजुले हजारौं माइलको यात्रा पहिलो पाइलाबाट सुरु हुने




बताउनुहुँदै विद्यार्थीलाई किताबी ज्ञानका साथसाथै व्यवहारिक र जीवन उपयोगी शिक्षा प्रदान गर्नमा जोड दिएको बताउनुभयो ।

कार्यक्रममा इतिहासविद् पुरुषोत्तमलोचन श्रेष्ठ, संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग, प्याब्सनका उपाध्यक्ष चन्द्र अधिकारी, प्याब्सन भक्तपुर नगर समितिका अध्यक्ष रमेशचन्द्र श्रेष्ठ, शिक्षक पारसमणि खतिवडा, रवि भारतीलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले स्कूलको स्मारिका विमोचन गर्नुका साथै स्कूलले आयोजना गरेको विभिन्न प्रतियोगिताका विजयीहरू, शिक्षक–शिक्षिका तथा उत्कृष्ट विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# वडा नं. १० मा बृहत स्वास्थ्य शिविर सम्पन्न

भक्तपुर नगरपालिका वडा नं. १० समितिको आयोजनामा सुगर, प्रेसर र मृगौलासम्बन्धी बृहत स्वास्थ्य शिविर कार्यक्रम कमलविनायक मन्दिर परिसरमा फागुन १८ गते सम्पन्न भयो ।




कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले विकासको आधार भनेको नागरिकहरूको स्वास्थ्यमा भरपर्ने बताउनुहुँदै नगरपालिकाले शिक्षा र स्वास्थ्यमा जोड दिएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीको घोषणापत्रअनुसार नगरपालिकाले कार्य गर्दै आइरहेको उल्लेख गर्नुहुँदै उहाँले ख्वप अस्पतालको शिलान्यास, पाक्षिक सरसफाइ कार्यक्रम, दीर्घ रोगीलाई दश हजार रूपैंया अनुदान, शैक्षिक ऋण, डाक्टर पढ्नेलाई छात्रवृत्तिलगायत कार्यहरू भइरहेको बताउनुभयो ।

पूर्ववडाध्यक्ष चन्द्रबहादुर उलकले स्वास्थ्यलाई ध्यानमा राखेर खानपिन गर्नुपर्ने बताउनुभयो ।

वडा नं १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाको सभापतित्वमा सम्पन्न कार्यक्रममा ज्ञानकुमार मगजू र जितेन्द्र मुनंकर्मीले पनि बोल्नुभएको थियो ।

उक्त शिविरबाट ३६८ जना लाभान्वित भएको जानकारी दिइएको छ ।

# स्वास्थ्यको अधिकार स्थानीय सरकारलाई दिने कुरा प्रचारमात्र

भक्तपुर नगरपालिकाअन्तर्गत ३ वटा जनस्वास्थ्यकेन्द्र सञ्चालनमा छन् । यसबाट दैनिक ३ सयभन्दा बढी बिरामीले उपचार सेवा पाउने गरेका छन् । यी केन्द्रहरूमा १६ जना विशेषज्ञ चिकित्सकले सेवा प्रदान गरिरहेका छन् । च्याम्हासिंह केन्द्रमा विशेषज्ञ सेवा उपलब्ध छ । एमबिबिएस डाक्टरसमेत गरी नगरपालिकाभित्र ३० जना डाक्टरले सेवा दिइरहेका छन् ।

नगरपालिकाका प्रत्येक वडामा घर-घरमा नर्सिङ सेवासमेत उपलब्ध गराइरहेको छ । यसमा इमर्जेन्सी सेवासमेत समावेश छ । यहाँ जम्मा १६ जना नर्स कार्यरत छन् । यसरी नै स्वास्थ्यको एउटा टोलीले नगरपालिकाभित्रका जनताको स्वास्थ्यसेवाका लागि काम गरिरहेको छ । घर-घरमा उपलब्ध नर्सिङ सेवामा नर्सहरूले स्वास्थ्यस्थिति हेरेर स्वास्थ्यचेतना दिने, बिरामी रेफर गर्ने, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकालाई सेवा दिनेजस्ता स्वास्थ्य कार्यक्रम नगरपालिकाले सञ्चालन गर्दै आएको छ । समग्रमा भक्तपुर नगरपालिकाले स्वास्थ्यक्षेत्रमा उल्लेखनीय काम गर्दै आएको छ भन्ने लाग्छ ।



> सरकारले स्वास्थ्यक्षेत्रको जिम्मा स्थानीय तहलाई हस्तान्तरण गर्ने काम प्रचारात्मक भएको छ । जुन हिसाबले स्थानीय तहलाई स्वास्थ्यक्षेत्रको अधिकार दिइनुपर्थ्यो, त्यो गर्न सकेको छैन । स्थानीय तहलाई दिइयो भनेर हल्ला मात्र गरेर हुन्न, त्यसका लागि बजेट पनि विनियोजन गर्नुपर्छ ।
>
> **सुनील प्रजापति**
> मेयर, भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिकाले २५ शय्याको ख्वप अस्पताल निर्माणका लागि भवन निर्माणको स्वीकृति पाइसकेको छ । हाल २५ शय्या भनिए पनि उक्त अस्पताललाई सय शय्यासम्म विस्तार गर्न सकिनेछ । नगरपालिकाकै लगानीमा ४० करोडको कुल बजेटमा उक्त अस्पताल बन्न लागेको हो ।

नगरपालिकाले वडा नं. १ र २ मा महिनामा दुईपटक नगरवासीलाई आयुर्वेद सेवा प्रदान गरिरहेको छ । स्वास्थ्य केन्द्रमार्फत दैनिक आयुर्वेदिक पद्धतिबाट गरिने चेकजाँचका क्रममा नि:शुल्क औषधिसमेत वितरण गर्ने गरिएको छ । समग्रमा भन्नुपर्दा नगरपालिकाले सम्भव भएसम्मका स्वास्थ्यसेवा र सुविधा नगरवासीलाई पुर्‍याउँदै आएको छ ।

जनचेतनाका लागि नगरपालिकाभित्रका विद्यालयहरूमा नपाले विभिन्न प्रकारका स्वास्थ्य चेतनाका कार्यक्रम सञ्चालन गर्दै आएको छ । नगरपालिकाले प्रत्येक वडामा हरेक महिना एक वटा अनिवार्य र तीनवटासम्म स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्यक्षेत्रका समस्यालाई मासिक रूपमा अनुसन्धान गरी नगरपालिकाले त्यसको निराकरण गर्ने प्रयास गरेको छ ।

## स्वास्थ्यमा बजेट

नगरपालिकाको कुल बजेट १ अर्ब ७४ करोड ४० लाख हो । त्यसमध्ये स्वास्थ्यक्षेत्रमा ७ करोडभन्दा बढी बजेट विनियोजन गरिएको छ । स्वास्थ्यक्षेत्रका लागि यो बजेट पर्याप्त भने होइन । यदि पर्याप्त बजेट विनियोजन गर्न सकिएको भए स्वास्थ्यक्षेत्रमा अझ प्रभावकारी योजना बन्नेथियो । क्युबाले आफ्ना नागरिकलाई एकदमै प्रभावकारी स्वास्थ्यसेवा दिने गरेको छ । त्यहाँ १ सय ५० जना बिरामीबराबर एकजना डाक्टर छन् । नेपालमा भने ४-५ हजार बिरामीबराबर १ डाक्टर पर्न आउँछ । त्यो पनि सबै डाक्टर सहरकेन्द्रित छन् । त्यसैले प्रभावकारी स्वास्थ्य सुविधाका लागि स्वास्थ्यको सम्पूर्ण अधिकार नगरस्तरलाई नै दिनुपर्छ भन्ने मलाई लाग्छ ।

## नगरका प्रमुख स्वास्थ्य समस्या

भक्तपुर नगरपालिकाको मुख्य स्वास्थ्य समस्या भनेको पहिलेभन्दा फरकखाले रोगहरू देखापरिरहेका छन् । पहिले सर्ने रोगहरूको प्रकोप नगरपालिकामा धेरै देखिएको थियो भने अहिले नसर्ने रोगहरूको प्रकोप देखापर्दै छन् । जस्तै, क्यान्सर, ब्लड प्रेसर, सुगर, मृगौला फेल जस्ता रोगको समस्या बढी देखिएका छन् । नसर्ने रोगहरू बढ्दै गएका कारण हामीले हाम्रा ३ वटै जनस्वास्थ्यकेन्द्रमा प्रतिव्यक्ति ४० रुपैयाँका दरले ग्लुकोमिटर अर्थात् चिनीरोग परीक्षण गर्ने काम सुरु गरिसकेका छौं ।

नगरपालिकाले मस्तिष्काघात भएका, मिर्गौला फेल भएका, क्यान्सरका बिरामीलाई आर्थिक सहायतास्वरूप १० हजार रुपैयाँ दिने गरेको छ । मस्तिष्काघात, क्यान्सर, मिर्गौला तथा अन्य दीर्घरोगका बिरामीलाई अलिकति भए पनि राहत दिन नगरपालिकाले यस्तो कार्यक्रमको सुरुवात गरेको हो ।

आ.व. २०७५/७६ बाट शुरु गरेको उक्त सहयोग कार्यक्रमबाट ९० जना भन्दा बढी नगरवासीले सहयोग पाइसकेका छन् ।

### स्वास्थ्यचौकी, उपस्वास्थ्य केन्द्रका सेवा

नगरपालिकाभित्रका स्वास्थ्यचौकीबाट सबै प्रकारका आधारभूत सेवा प्रदान गरिएको छ । यसका अतिरिक्त नगरपालिकाभित्र भक्तपुर अस्पताल, क्यान्सर अस्पताल, मानव अंग प्रत्यारोपण केन्द्रलगायत ठूला अस्पताल पनि छन् । नर्सिङ सेवाजस्तै चिकित्सकीय सेवासमेत घर–घरमा पुर्याउनका लागि विभिन्न छलफल भइरहेका छन् ।

### महिला स्वास्थ्यमा नगरको प्रयास

नगरपालिकाले गएको कार्तिक मसान्तभित्र नगरपालिकाका सबै वडामा महिलाको पाठेघरसम्बन्धी रोगको परीक्षण र उपचारका लागि शिविर सञ्चालन गरेको थियो । त्यसबाट प्राप्त रिपोर्टका आधारमा नगरपालिकाको कुनै वडामा त्यस्ता महिलाको सङ्ख्या अलिकति बढी देखापरेका र तत्कालै शल्यक्रिया गर्नुपर्ने, क्यान्सरको सम्भावना देखिएका महिलालाई उपचारका लागि नगरपालिकाले भक्तपुर क्यान्सर अस्पतालसँग सहकार्यको प्रक्रिया अगाडि बढाएको छ ।

नगरपालिकाले विभिन्न रोग लागेका नगरवासीको पहिचान गर्ने अभियान नै सञ्चालन गर्ने गरेको छ । त्यसबाट प्राप्त नतिजाअनुसार नगरपालिकाले स्वास्थ्यक्षेत्रमा अन्य कार्यक्रम सञ्चालन गर्नेछ ।

### स्वास्थ्यको अधिकार स्थानीयलाई दिने कुरा प्रचारमात्र

सरकारले स्वास्थ्यक्षेत्रको जिम्मा स्थानीय तहलाई हस्तान्तरण गर्ने काम प्रचारात्मक भएको छ । जुन हिसाबले स्थानीय तहलाई स्वास्थ्यक्षेत्रको अधिकार दिइनुपर्थ्यो, त्यो गर्न सकेको छैन । सबै अधिकार दिइसकेको भनिएपछि औषधि पठाउने काममा पनि सरकारले सहजता दिन सक्नुपर्थ्यो । स्थानीय तहलाई दिइयो भनेर हल्लामात्र गरेर हुन्न, त्यसका लागि बजेट पनि विनियोजन गर्नुपर्छ ।

हालको स्थानीय तहमा कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकासमेतको व्यवस्था भएकाले केन्द्र सरकारले स्वास्थ्यको जिम्मेवारी स्थानीय तहलाई नै दिने हो भने अवश्य पनि स्वास्थ्यक्षेत्रमा पनि सुधारचाहिँ आउँछ भन्ने विश्वास छ ।

सरकारले स्वास्थ्यक्षेत्रमा आवश्यक मात्रामा बजेट उपलब्ध गराउने, अस्पताल बनाउन बजेट दिने, स्वास्थ्यचौकीका लागि डाक्टर उपलब्ध गराउनेजस्ता काम गरेमा स्वास्थ्य सेवाप्रवाहमा प्रभावकारिता आउँछ । सरकारले स्वास्थ्यसंस्थामा डाक्टर उपलब्ध गराइदिन सकेमा स्वास्थ्यसेवा प्रभावकारी बनाउन सकिन्छ । अहिले पनि कतिपय ठाउँमा त पियनले नै स्वास्थ्यसंस्थामा औषधि वितरण गरिरहेको अवस्था छ ।

नेपालमा २० देखि २३ हजारसम्म डाक्टर छन् भन्ने तथ्यांकले बताएको छ । त्यसमध्ये पनि ५ हजार विदेशमा भएको बताइन्छ । ४–५ हजार बेरोजगार छन् भन्ने पनि आएको छ । कतिपय डाक्टर केन्द्रमा मात्रै सीमित भई दुर्गममा जान मानेनन् भन्ने समाचारहरू पनि आइरहेका छन् । दुर्गम क्षेत्रमा पनि डाक्टर जाने वातारण बनाउने काम सरकारको हो ।

### बढ्दो प्रदूषण प्रमुख स्वास्थ्य चुनौती

नगरवासी स्वस्थ हुनु भनेको सिंगै नगर नै स्वस्थ हुनु हो । स्वस्थ हुनका लागि सरसफाइ अत्यावश्यक मानिन्छ । धुवाँ, धूलोलगायत बाहिरी वातावरणले नगरवासीको स्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्ने गर्छ । त्यसैले धुवाँ–धूलो फाल्ने उद्योगलाई व्यवस्थित गराउनु आवश्यक छ । नगरपालिकाभित्रका त्यस्ता उद्योगलाई व्यवस्थित बनाउन हामी छलफल गरिरहेका छौँ । उद्योगहरूबाट निस्किने धुवाँलाई व्यवस्थित गर्न चिम्नीलाई माथि राख्न नगरपालिकाले कतिपय उद्योगलाई आग्रह गरेको छ । विद्यमान प्रदूषणलाई ५० देखि ६० प्रतिशतसम्म कम गर्न सक्ने उपकरणहरू प्रयोग गर्नु आवश्यक छ ।

*(मेयर प्रजापतिसित हेल्थपोस्टकी लक्ष्मी चौलागाईंले गरेको कुराकानीमा आधारित)*

---

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर–२

**6f}d9L If]qdf rf/kfª\u] ;jf/L ;fwg k|j]z lgif]w ;DaGwL ;'rgf**

भक्तपुर नगरपालिका वडा नं. ५ स्थित विश्व प्रसिद्ध ङातापोल परिसरको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर स्थानीय जनता, बुद्धिजीवी र सरोकारवालाहरूको सुझावअनुसार त्यस क्षेत्रमा पूर्वमा क्वाछें, पश्चिमा स्वपुंग भैरव, उत्तरमा चतुब्रम्ह महाविहारको पूर्वी बाटो र दक्षिणमा तीलमाधव नारायण मन्दिरको पूर्वी ढोका चलाखु यता चार किलाभित्रको क्षेत्रमा हाललाई २०७५ माघ १ गतेदेखि बिहान ७:०० बजेदेखि बुलुकी ७:०० बजेसम्म हरेक दिन चारपाङ्ग्रे सवारी साधन प्रवेश निधेष गर्ने निर्णय भएको हुँदा सम्पूर्ण सवारी साधन धनीहरू तथा सर्वसाधारणहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# ऐतिहासिक भैरवनाथ मन्दिरको जीर्णोद्धारमा नगरवासी र सर्वसाधारणको योगदान एवम् सहभागिता सम्बन्धमा

## भक्तपुर नगरपालिकाको अनुरोध



नेपालीहरूको गौरवको रूपमा विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुरको तौमढीस्थित ऐतिहासिक सम्पदा भैरवनाथ मन्दिरको भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत जीर्णोद्धार गरिरहेको सम्पूर्ण नगरवासीहरू र सर्वसाधारणमा जानकारीको लागि अनुरोध गरिन्छ ।

हाम्रा पुर्खाले सिर्जेको उक्त ऐतिहासिक सम्पदाको जीर्णोद्धार र सम्बर्द्धनमा सर्वसाधारण इच्छुक महानुभावहरूको समेत योगदान, सहभागिता र अपनत्व होस् भन्ने उद्देश्यले उक्त मन्दिर जीर्णोद्धारमा भौतिक र आर्थिक सहयोग गर्न चाहने इच्छुक महानुभावहरूलाई आफ्नो श्रद्धा एवम् गच्छेअनुसार सहयोग र योगदान गर्नुहुन अनुरोध गरिन्छ ।

उपरोक्त अनुसार योगदान गर्न इच्छुक दाताहरूले भैरवनाथ मन्दिर जीर्णोद्धार उपभोक्ता समितिको नाममा **नेपाल बैंक लिमिटेड भक्तपुर कमलविनायक शाखामा रहेको खाता नं. ०१९००१०६६१२८३९००००01** मा आफ्नो श्रद्धा एवम् गच्छेअनुसार रकम जम्मा गरी सोको रसिद मन्दिर परिसर अगाडि रहेको उपभोक्ता समितिको सम्पर्क कार्यालयमा उपलब्ध गराई दिनुहुन र भौतिक सहयोग गर्न चाहनेहरूले सोझै उपभोक्ता समितिको सम्पर्क कार्यालयमा उपलब्ध गराई दिनुहुन भक्तपुर नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

सहयोग र योगदान गर्नुहुने महानुभावहरूको नामावली उपभोक्ता समितिको सम्पर्क कार्यालय, मन्दिर परिसरमा र भक्तपुर नगरपालिकाका प्रकाशनहरू 'भक्तपुर' मासिक, 'ख्वप पौ', फेसबुक पेज, भक्तपुर खबर डट कम, एफ.एम. रेडियोलगायतमा प्रकाशित तथा प्रसारण गरिने समेत जानकारी गराइन्छ ।

**सम्पर्क गर्ने स्थान र पदाधिकारी**

- उपभोक्ता समिति अध्यक्ष न्हुछेराम भेले, मो.नं. ९८४१५९०१०५
- भक्तपुर नगरपालिका, योजना शाखा प्रमुख रामगोविन्द श्रेष्ठ, मो.नं. ९८४१३६३५४६
- भक्तपुर नगरपालिका, सम्पदा उपशाखाका ई.सूर्यभक्त खर्बुजा, मो.नं.९८४१५१४१६२

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
व्यासी, भक्तपुर-२

# अन्तर नगर कराते प्रतियोगिताका केही झलक











# अन्तर नगर कराते प्रतियोगिताका केही झलक









# अन्तर नगर कराते प्रतियोगिताका केही झलक












# अन्तर नगर कराते प्रतियोगिताका केही झलक










# भक्तपुरका टोल-टोलमा पैसा तिर्नु नपर्ने जिमखाना

• सबिना श्रेष्ठ

रोम्बस सेकेन्डरी स्कूलमा बुधबार छुट्टी थियो। स्कुलका केही विद्यार्थी कमलपोखरीनजिकै खेलिरहेका थिए।

'के खेलिरहेको ?' पिङमा झैं मच्चिरहेकी सञ्जिता तामाङलाई सोधेँ।

'कहाँ खेल्नु ?' उनले भनिन्, 'देख्नुभएन, खुट्टाको व्यायाम गरेको नि।'

यतिबेला भक्तपुर डुल्दै हुनुहुन्छ भने तपाई रोम्बस स्कुलका विद्यार्थीझैं ठाउँ-ठाउँमा व्यायाम गर्न सक्नुहुन्छ। बिहान वा बेलुकी हिँड्दा हातखुट्टा तन्काउन सक्नुहुन्छ। ढाड-घुँडा सोझ्याउन, कम्मर-पेटमा लागेको बोसो घटाउन सक्नुहुन्छ। जिमखाना वा योगमा झैं यहाँ पैसा तिर्नुपर्दैन।

कुनै भऱ्याङजस्ता, कुनै पिङ त कुनै गाडीका स्टेयरिङजस्ता आधुनिक व्यायामका उपकरण भक्तपुरका ठाउँ-ठाउँमा राखिएका छन्। साना केटाकेटीलाई त झन् व्यायाम पनि, खेल पनि।

कमलपोखरीको व्यायाम त्यसैमध्ये एक हो।

हामी पुग्दा ६४ वर्षीय रामसुन्दर शिल्पकार आफ्नी नातिनीसँग व्यायाम गर्ने अर्को उपकरणमा बसिरहेका थिए। नजिकै घर भएका उनी नातिनीलाई खेलाउँदै र आफू सँगसँगै व्यायाम गर्दै थिए।

विशेषगरी यो हामीजस्ता बुढापाका र नसा रोग भएकालाई हो। साना केटाकेटीलाई खेल्ने ठाउँ पनि भयो, उनले भने, 'जे भए पनि मोबाइलमा झुन्डेर बस्नुभन्दा त यही राम्रो। व्यायाम पनि हुने भो।'

शिल्पकारका अनुसार भक्तपुरका प्रत्येक वडामा नगरपालिकाले व्यायाम गर्ने उपकरण जोड्ने योजना राखेको छ।

यही पुष्टि गर्न हामी नगरपालिका पुग्यौं। मेयर सुनिल प्रजापतिका अनुसार भक्तपुरका १० वटा वडामा शारीरिक व्यायाम गर्ने ठाउँ निर्माण हुँदैछन्। कमलपोखरी (वडा नम्बर १०), महाकालीस्थान (६), माहेश्वरी (७), दूधपाटी (भाजुपोखरी नजिकै) वडा नं. १ र च्याम्हासिंह (९) मा निर्माण सकिएको छ।

त्यस्तै, वडा नम्बर २, ३, ४, ५ र ८ मा बनाउने तयारी हुँदैछ। ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेजमा पनि राख्न लागेको उनले जानकारी दिए।

'हामीले त विद्यार्थी कालमा यस्ता उपकरणमा खेलेर व्यायाम गर्न पाएनौं। हामीले नपाएको सुविधा नयाँ पुस्तालाई किन नदिने ?' प्रजापतिले भने, 'यो उपकरणमा शरीरका सबै भागको व्यायाम गर्न सकिन्छ। एकैपटकमा १७ जनासम्मले उपयोग गर्न सक्छन्।'

हाल व्यायाम सेट जडान गरिएका ठाउँमा 'रनिङ मेसिन' छैन। बाँकी ठाउँमा त्यो पनि राख्ने योजना छ। करिब दुई महिनामा सबै क्षेत्रमा शारीरिक व्यायामका उपकरण जडान हुने उनी बताउँछन्।

मेयर प्रजापतिका अनुसार यो उपकरण जोड्नुअघि कतिपय स्थानीय जनस्वास्थ सेवा केन्द्रमा फिजियोथेरापी गर्न पुग्थे। त्यो सबैको पहुँचमा थिएन। केही वर्षअघि अमेरिका पुग्दा उनले विभिन्न ठाउँमा शारीरिक व्यायामका उपकरण राखिएका देखेका रहेछन्। त्यस्तै आधुनिक उपकरण आफ्नो ठाउँमा पनि राख्न उनलाई मन लागेछ। स्थानीय जनताको स्वास्थ्यलाई ध्यानमा राखेर यो काम हुँदैछ।

उनले नगरपालिकाका ठाउँ-ठाउँमा शारीरिक व्यायामको व्यवस्था गर्ने सोच बनाए। सस्तो, सुलभ र भरपर्दो सामग्री कहाँ पाइन्छ ? कसैलाई थाहा थिएन।

करिब ६ महिनाअघि चिनजानका खेलाडीले कटुन्जेमा एक व्यक्तिसँग त्यस्तै उपकरण भएको जानकारी दिए।

'हामी ढिलो नगरी त्यो ठाउँ पुग्यौं। राम्रो काममा किन बेर लाउनु,' प्रजापतिले भने, 'त्यो मान्छेसँग व्यायाम



कमलविनायकमा नगरपालिकाले राखेको उपकरणमा व्यायाम गर्दै सीतालक्ष्मी प्रजापति र उनका नाति।



गर्ने उपकरणको सेट नै रहेछ। हामीले त्यसलाई हेर्‍यौं। आफूले पहिले खेल्यौं।'

मेयर प्रजापतिसँगै गएका सबैले ती उपकरण मन पराए। त्यहाँबाट फर्किनुअघि उनले ती व्यक्तिलाई सोधेछन्, 'हामीलाई यस्तै सेट ल्याइदिन सक्नुहुन्छ ?'

चिनियाँ सामान व्यापार गर्ने उनले ४५ दिनमै ल्याइदिन सक्ने बताएछन्।

'४५ दिन भनेको तीसै दिनमा हामीले उपकरण पायौं,' उनले भने, 'त्यसपछि सुरुमा वडा नम्बर १ मा राख्यौं। अनि अन्य ठाउँमा।'

सुरुआतमा नगरपालिकाले पाँचवटा मात्रै व्यायाम सेट मगाएको रहेछ। त्योबेला त्यसलाई १ लाख ८४ हजारका



दरले किनिएको थियो। हाल डलरको भाउ महँगो भएकोले मूल्य बढेर २ लाखभन्दा बढी पुगेको प्रजापति बताउँछन्।

उनका अनुसार सबै ठाउँमा यस्ता उपकरण जडान गर्न सार्वजनिक ठाउँको अभाव छ। भएसम्मका ठाउँ खोजेर जडान गर्ने योजना रहेको प्रजापति बताउँछन्। बिहान डुल्दै माहेश्वरी मन्दिर परिसर पुग्नुभयो भने त मेयर प्रजापति नै देखिनुहोला।

'मेरो घर नै माहेश्वरीनजिकै हो। म बिहान व्यायामका लागि जान्छु,' उनले भने, 'आफूले पनि व्यायाम गर्नुपर्‍यो नि। नयाँ उपकरण छ, चलाउन सिक्नुपर्‍यो। अरूलाई कस्तो लाग्यो भन्ने कुरा पहिले आफै खेलेरै धेरै थाहा हुन्छ।'

बिहीबार बिहान हामी त्यहाँ पुग्दा भने उनी भेटिएनन्। बरू कमलविनायकमा केही साना केटाकेटी, धेरै युवा र बूढापाका यो उपकरण सदुपयोग गर्दै थिए।

७३ वर्षीय सीतालक्ष्मी प्रजापति तिनैमध्ये थिइन्। उनी साना केटाकेटी खेलिरहेको ठाउँमा आइन्। त्यही पिङजस्तो उपकरणमा खेल्न थालिन्। खुट्टा दुख्ने समस्याका कारण व्यायाम गर्न थालेको उनले बताइन्।

'बिहान मन्दिर पुग्छु। व्यायाम गरेर घर फर्किन्छु,' उनले भनिन्, 'शरीरलाई राम्रो हुन्छ भनेर आउन थालेको हुँ।'

४३ वर्षीय महेन्द्र थकाली भने पहिले 'मर्निङ वाक' का लागि कमलपोखरी आउँदा रहेछन्। 'स्किपिङ' खेल्दा रहेछन्। अहिले नगरपालिकाको आधुनिक उपकरणमा व्यायाम पनि गर्न थालेको उनले बताए।



त्यसैगरी, ५२ वर्षीय हरिकृष्ण तुल्सीबाख्यको भने पहिले नसा च्यापिएको रहेछ। त्यसपछि उनले उपचार गरे, योग गरे। अस्पताल धाए। औषधि खाए। तै राम्ररी निको भएन।

'घरनजिकै व्यायाम गर्ने ठाउँ बनेपछि अहिले यतै आउँछु,' उनले भने, 'दैनिक गर्न पायो भने व्यायामले राम्रो गर्छ। तर व्यायाम गर्दा एउटा मात्रै गरेर नहुने रहेछ। सबै उपकरणमा थोरै भए पनि समय दिनुपर्छ।'

समय मिल्यो भने उनलाई अब त्यसको पनि चिन्ता छैन। भक्तपुर नगरपालिकाले सबै किसिमका उपकरण जो व्यवस्था गरिदिएको छ।

*(सबै तस्बिर : सबिना श्रेष्ठ/सेतोपाटी, फागुन ९, २०७५ बाट)*

# 'निजीकरणको पक्ष लिनेहरू कम्युनिष्ट हुन सक्दैनन्'

• सुनिल प्रजापति, केन्द्रीय सदस्य, नेमकिपा

नेपाल मजदुर किसान पार्टीको उद्देश्य जनताको प्रजातन्त्र, समाजवाद हुँदै देशमा साम्यवादी समाज स्थापना गर्ने हो। समाजवादको अर्थ उत्पादनका साधनहरू सामाजिकीकरण, व्यक्तित्व विकासमा समान अवसर, शिक्षा र स्वास्थ्य उपचारमा निःशुल्क हुने व्यवस्था हो। नेपाल मजदुर किसान पार्टी अहिले जनतालाई वैचारिक रूपमा सचेत र संगठित पार्न समाजवादी गणतन्त्र प्रचार अभियानमा छ।

अहिले हाम्रो देशको संघीय संसद र प्रदेश सभाहरूमा नेपाल कम्युनिष्ट पार्टी नामका पार्टीको बहुमत छ। संघीय संसदमा नेकपाको दुइ तिहाइ छ भने ७ प्रदेशमध्ये २ नं. प्रदेश बाहेकमा नेकपाकै एकलौटी सरकार छ। कम्युनिष्ट पार्टीको नामबाट निर्वाचन लडेर चुनाव जितेको सरकारले कम्युनिष्ट चरित्र प्रदर्शन गर्न सकेन। कुन पार्टी कम्युनिष्ट हो होइन छुत्याउन उसले निजीकरण वा राष्ट्रियकरण मध्ये कुन नीति लिन्छ त्यसलाई आधार मान्न सकिन्छ। निजीकरणका पक्षपातिहरू कम्युनिष्ट हुनै सक्दैनन्।

नेपालमा २०४६ मा पञ्चायती व्यवस्थाको अन्त्य भयो तर पंचायती संस्कारको अन्त्य भएन। हिजो पंचायती व्यवस्थाले जे गऱ्यो, नेकाले पनि त्यही गऱ्यो, नेकाकै बाटोमा एमाले हिंड्यो त्यसैले हामीले एमालेलाई भाइ कांग्रेस भन्यौं। माओवादी पनि पटक-पटक सरकारमा पुग्यो, तिनीहरू पनि एमालेकै पदचापमा हिंडे। अहिले नेकपाको सरकार छ उही सिलसिला दोहोरिएको छ। नेका, एमाले र माओवादी नाउँमा फरक भए पनि तिनीहरू निजीकरणलाई जोड दिने पूँजीवादी पार्टीहरू नै हुन्। यसमा कसैले भ्रम पाल्नु आवश्यक छैन। तिनीहरू 'एउटै ड्याङका मूला' हुन्।

नेपाल मजदुर किसान पार्टीले पूँजीवादी पार्टीहरूको विरुद्ध निरन्तर सैद्धान्तिक संघर्षलाई चालु राखेको छ। नेपालमा गैरसरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ)हरूले खुलेआम काम गरिरहेका छन्। कुनै पनि देशको एनजीओ आइएनजीओहरूले हाम्रो देशमा विना स्वार्थ पैसा खर्च गर्दैनन्। तिनीहरू आ-आफ्नो राजनैतिक स्वार्थ लिएर आउँछन्, नीति निर्माताहरूलाई आफ्नो प्रभावमा पार्छन्। एमाले र माओवादीहरूका धेरै नेता कार्यकर्ताहरू एनजीओ आइएनजीओ सञ्चालकहरू छन्। तिनीहरू नै अहिले सांसद, मन्त्री र प्रदेश तथा स्थानीय तहका महत्त्वपूर्ण पदहरूमा छन्। विदेशीको पैसामा बाँचेकाहरू विदेशीहरूको स्वार्थ अनुसार काम गर्छन्। विदेशीको निम्ति काम गर्नेहरू विदेशी दलाल हुन्। राजनैतिक नेताहरूले विदेशीको निम्ति काम गरेसम्म जनताले सुख पाउने छैनन् र देश अगाडि बढ्न पनि सक्दैन।

२०४६ सालदेखि अहिलेसम्म सरकारी स्वामित्वमा एउटा विद्यालय, कलेज र विश्वविद्यालय बनेको छैन। जति शैक्षिक संस्थाहरू बने ती सबै निजी क्षेत्रले नै बनाए। सरकारले आफ्नै लगानीमा कुनै कल-कारखाना पनि स्थापना गरेको छैन। पंचायतकालमा विभिन्न देशहरूले नेपाली जनताको



आर्थिक विकासको निम्ति बनाइ दिएका कल-कारखानाहरू एक एक गरी कौडीको मूल्यमा निजीकरण गरियो र देशलाई आर्थिक रूपमा टाट पल्टिने स्थितिमा पुऱ्यायो ।

अहिले हामीसँग धेरै निर्यात योग्य वस्तुको उत्पादन छैन । न कृषि न औद्योगिक उत्पादन हामीसँग छ । हामी सबै वस्तु विदेशबाट आयात गर्छौं । कृषि प्रधान देशमा चामल मात्रै महिनाको २ अर्बभन्दा बढीको आयात गर्छौं । गएको ५ महिनामा नेपालले विदेशबाट करिब ६ खर्ब रूपैयाँको आयात गऱ्यो भने ३७ अर्बको मात्रै निर्यात गर्न सक्यो । यस अवधिमा ५ खर्ब ६३ अर्ब व्यापार घाटा भयो । ५ महिनामा चामल १० अर्बको, मकै ५ अर्बको आयात गरियो । जुन देश ऋणमा डुब्छ त्यो विकास हुन सक्दैन । संसारको इतिहासलाई हेर्ने हो भने ऋणमा डुबेको देशले उन्नति गर्न सकेको देखिन्दैन ।

नेपालका युवाहरू दैनिक १२/१३ सय रोजगारीको निम्ति विदेश जान्छन् । तिनीहरू खाडी मुलुकहरू र मलेसियामा गएर दुःख गर्न जान्छन् । हाम्रो देशको जग्गा जमिन बाँझा छन् । काम गर्ने मानिसहरू पाउन मुस्किल छ । कैयौं गाउँ युवाविहीन हुँदैछन् । मलामी जाने पुरुष नभएका समाचारहरू आएका छन् । हाम्रा पहाडहरूमा वातारणअनुसार फलफूल खेती र कृषिमा आधुनिक खेतीको विकास गर्न सक्यौं भने हामी खाद्यान्न र फलफूलगायतका वस्तुहरूमा आत्मनिर्भर मात्रै होइन ती वस्तुहरू निर्यात गरेर अर्बौं रूपैयाँ आर्जन गर्न सक्छौं । मुख्य कुरा नीति निर्माण हो । राजनीतिले नै सबै कुरा निर्णय गर्छ । त्यसैले राजनीतिलाई सबै नीतिको राजा भनिन्छ ।

राजनीति राम्रो भएर पनि राजनीति गर्नेहरू राम्रो भएन भने जनताले दुःख पाउँछन् । देश र जनताको सेवा गर्ने भावना भएका मानिसहरू देशको उच्च ओहोडामा पुगेका भए देश धेरै अगाडि बढिसक्थ्यो । नेपालमा २००७ सालमा राजनैतिक परिवर्तन भयो, चीनमा पनि त्यही समयमा जनवादी क्रान्ति सम्पन्न भएको थियो । चीनमा अहिले करिब १ अर्ब ३५ करोड जनसङ्ख्या छ, नेपालमा करिब ३ करोड जनसङ्ख्या छ । चीन अबको २ वर्षपछि अर्थात् चिनियाँ कम्युनिष्ट पार्टी स्थापना भएको १०० वर्ष पुगेको अवसरमा सन् २०२१ सम्ममा संसारकै सबभन्दा ठूलो अर्थतन्त्र भएको देश बनाउने लक्षसाथ अगाडि बढिरहेको छ । यसको मुख्य कारण नेपालमा राजनीति गर्नेहरूले सेवाभन्दा व्यापारिक सोचले काम गरे ।

जनआन्दोलनको बलमा हामीले प्रजातन्त्रको पुनःस्थापना र गणतन्त्र स्थापना गऱ्यौं । सत्तामा जाने पार्टीहरूको लागि गणतन्त्र 'बाँदरको हातमा नरिवल' सावित भएको छ । सत्तामा जानेहरूले आफ्ना सन्तान र नातागोतालाई मात्रै हेरे । योग्य मान्छे भएर पनि पार्टीको झन्डा नबोक्नेहरू कुनै पदमा पुग्नै नसक्ने स्थिति आयो । सबै कुरा भागबण्डामै टुङ्ग्याउने स्थितिले हामीलाई कहाँ पुऱ्याउँछ ?

अहिलेकै राजनीतिक अवस्थाले निरन्तरता पाएमा आगामी एक डेढ दशकपछि हाम्रो देशको राजनीति गुण्डा, तस्कर, बलात्कारी वा अपराधीहरूको हातमा जाने प्रायः निश्चित देखिन्छ । अहिले त्यसको संकेत देखा परेको छ । अपराधी भनेर पुलिसको खोजीको सूचिमा परेको मान्छे सांसद बनेका छन्, हत्या आरोपी व्यक्तिलाई जेलबाट बाहिर ल्याएर सांसदको शपथ गराउने र पुनः जेल पठाउने गरिएको छ । यस्ता गतिविधिले भोलि कस्तो नजिर बन्छ ? गम्भीरतापूर्वक सोच्नु जरुरी छ ।

नेपालको राजनीति ठेकेदारहरूको हातमा पुग्दैछ । संसदमा जित्न करौडौं खर्च गरेको सांसदहरू स्वयं बताउँछन् । सासद बने पछि तिनीहरूले आफ्नो खर्च मात्रै उठाउने होइन बरु साँवा ब्याज र ब्याजको पनि ब्याज उठाउँछन् । राजनीति व्यापारिक मानसिकता भएकाको हातमा गएपछि तिनीहरू नाफाबाहेक केही सोच्दैनन् । देश डुबाउनेमा नेताहरू मात्रै होइन जनता पनि दोषी छन् । भ्रष्टाचारी, तस्करी, बेइमान भन्ने थाहा हुँदाहुँदै पनि हामीले त्यस्ता मान्छेलाई नै भोट दिन्छौं र जिताउँछौं ।

वर्तमान राजनैतिक व्यवस्था पश्चिमेली प्रजातन्त्र हो । नेपालमा शासक दलहरू संसदीय मूल्य मान्यताअनुसार पनि चल्न सकिरहेका छैनन् । संसदीय व्यवस्थामा प्रमुख प्रतिपक्षी दलले सत्ताधारी दलको कमी कमजोरी देखाएर सत्ताबाट खसाल्न खोज्छ र अन्ततः सरकारको असफलता पछि प्रमुख प्रतिपक्षले सरकार गठन गर्छ । त्यसैले प्रमुख प्रतिपक्षले छायाँ सरकार बनाएको हुन्छ । प्रतिपक्ष कमजोर हुनु भनेको प्रजातन्त्र कमजोर हुनु हो । यतिबेला नेका आफ्नै आन्तरिक कलहका कारण कमजोर छ । नेकाले संसदमा प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्न सकेन ।

सरकारले "समृद्ध नेपाल सुखी नेपाली" नारा दिए पनि देशको समृद्धिको लागि केही गर्न सकेन । काठमाडौं उपत्यका धूलो मुक्त बनाउने घोषणा गऱ्यो तर काठमाडौं घाम लागेमा धुलाम्य र पानी परेमा हिलाम्य हुने स्थिति यथावत छ । सिण्डिकेट अन्त्य गर्ने बतायो, यातायात व्यवसायीहरूको दबाबमा त्यो हल्लामै सीमित भयो । ३३ केजी सुनका ठूला माछा कहाँ गयो ? वाइड बडीमा ४ अर्ब ३५ करोड भ्रष्टाचार भएकोबारे छानविन भएन । ३ जना मन्त्रीहरू संलग्न भएको कुरा आएपछि सबै गुपचुप छन् ।

भारतले नेपालको विभिन्न ठाउँमा गरी ७० हजार हेक्टरभन्दा बढी जग्गा मिच्यो । यसबारे संसद र सडकमा

भारतीय विस्तारवादको विरोध भयो तर सरकार मौन छ। नागरिकता जस्तो संवेदनशिल विषय बस र सिनेमाको टिकटभन्दा सस्तो वितरण गरी लाखौं विदेशी (भारतीय) नागरिकलाई नेपालको नागरिकता वितरण गरियो। तराइका अधिकाँश ठाउँहरूमा नेपाली नागरिकता प्राप्त विदेशीको प्रभाव बढ्दैछ। खोइ कहाँ छ सरकार ? नेपालको प्रधानमन्त्री, गृहमन्त्री, रक्षामन्त्री कसलाई बनाउने भन्ने निर्णयसमेत नयाँ दिल्लीले गर्ने अवस्था आयो। हाम्रो संसद औपचारिकता पूरा गर्ने थलोमात्रै भएको देखिएको छ। के यही हो हाम्रो स्वाभिमान र स्वतन्त्रता ? सबै देशभक्त नेपालीहरूले गम्भीर भएर सोच्नु पर्ने बेला आएको छ।

केही वर्षदेखि देशका ठूलठूला भौतिक संरचना निर्माण लगानी बोर्डबाट हुँदै आएको छ। लगानी बोर्ड विधेयक संसदमा पेश हुँदा हामीले त्यसको कडा विरोध गरेका थियौं। त्यो साम्राज्यवादीहरूको हतियारको रूपमा रहने कुरा हामीले त्यही बेला भनेका थियौं। अहिले काठमाण्डौ, ललितपुर महानगरपालिकाका प्रमुखहरू लगानी बोर्डकै कारण सफाइलगायत काम गर्न नसकेको बताउँदै बोर्ड खारेज गर्नु पर्छ भनिरहनु भएको छ। हो, वास्तवमा लगानी बोर्ड खारेज नगरिएसम्म हामीले कुनै पनि ठूला संरचना स्वतन्त्र रूपले निर्माण गर्न पाउने छैनौं। विदेशी लगानीको नाउँमा नेपालको राजनीतिक, आर्थिक क्षेत्रमा वैदेशिक हस्तक्षेप गर्न लगानी बोर्डले राजमार्गको काम गर्दैछ।

नेपाल मजदुर किसान पार्टीले हरेक निर्वाचनलाई जनताको राजनैतिक चेतानास्तर उठाउने उद्देश्यले उपयोग गर्दै आएको छ। संसद, प्रदेश र स्थानीय तहको निर्वाचनमा भाग लिएर व्यापक जनताको सेवा गर्ने र समाजवादी क्रान्तिको वातावरण तयार गर्न सहयोग गर्ने नेमकिपाको उद्देश्य हो। अहिले कतिपय आफूलाई मार्क्सवादी, लेनिनवादी दाबी गर्ने पार्टीहरू चुनावबाटै समाजवाद आउँछ भनेर जनतालाई ढाँटेर पूँजीवादी शासन सत्तामा गएर फाइदा लुटिरहेका छन्। त्यो संशोधनवादी विचार हो। संशोधनवाद पूँजीवाद भएको हुँदा त्यसको नेमकिपाले निरन्तर विरोध गर्दै आएको छ। ढिलो या चाँडो संसारमा पूँजीवादको पतन र समाजवादको स्थापना अवश्यंभावी छ। जतिसुकै प्रयास गरे पनि पूँजीवादले आफूलाई सदाको लागि सुरक्षित गर्न सक्दैन।

सरकार संघीयताको मर्म अनुसार काम गर्न पनि सफल भएको छैन। संविधानको भावनाअनुसार स्थानीय तहले गर्दै आएका कामहरूमा हस्तक्षेप नगर्न सरकारलाई सचेत पार्दै आएका छौं। संघीयताको अर्थ स्थानीय तहलाई बलियो बनाउनु हो तर केन्द्र सरकारमा बस्नेहरू पुरानै मानसिकताले काम गर्दैछन्। त्यसको विरोध पनि शुरु भएको छ। संविधान र कानूनमामात्रै होइन कार्यान्वयन गर्ने ठाउँमा बस्ने पदाधिकारीको मानसिकता परिवर्तन पनि आजको आवश्यकता हो।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७५ फागुन ३ र ४ गते कोहलपुरमा सम्पन्न नेमकिपा बाँकेको प्रथम जिल्ला सम्मेलनको उद्घाटन कार्यक्रममा दिनु भएको मन्तव्यको सार संक्षेप -सं.)*

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयमा सदस्य भई विभिन्न मितिमा पुस्तकहरू लानुहुने तर समय नाघेर पनि पुस्तक फिर्ता नगर्नुहुने सदस्यहरूलाई चाँडै पुस्तक फिर्ता गर्न सूचित गरिन्छ।

**जनज्योति पुस्तकालय, न:पुखु-१**

**चिनियाँ नीतिकथा**

## जुत्ताको नाप

एक जना मानिस नयाँ जुत्ता किन्न मेलामा गयो। बजारमा पुगेर उसले जुत्ताको नाप घरमै छुटेको थाहा पायो। ऊ दगुर्दै घर गयो र नाप लिएर आयो। तर त्यति बेलासम्म मेलाको बजार उठिसकेको थियो। यसैले उसले जुत्ता किन्न पाएन।

**मन्तव्य**

# गुणस्तरीय निर्माण र सेवा दिने उद्देश्यका साथ ख्वप अस्पताल निर्माण हुने

ज्ञान विज्ञानको केन्द्र र पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृतिलाई एक सिक्काको दुई पाटाको रूपमा लिंदै अघि बढिरहेको भ.न.पा.को यो अभियान ने.म.कि.पा.को मार्गदर्शन अनुरूप हाम्रो कामहरू भइरहेको यहाँहरू सम्पूर्णलाई अवगत छ।

आजको दिन विशुद्ध देश र जनताको सेवामा लाग्ने हामी जनप्रतिनिधिहरू/प्राविधिकहरू एवं समाज सेवीहरूका निम्ति अत्यन्त महत्त्वपूर्ण एवं ऐतिहासिक क्षण हो। आज नेपाल मजदुर किसान पार्टीले बनाएको एउटा अत्यन्त महत्त्वपूर्ण लक्ष्यमध्येको एउटा लक्ष्यको शुभारम्भ हुने दिन जसलाई हाम्रा अग्रजहरूबाट लामो समयदेखि परिकल्पना गरिएअनुसारको ख्वप अस्पताल निर्माण हुन गइरहेको छ र आज हामीले हाम्रा श्रद्धेय नेता एवं नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेंज्यूबाट हुन गइरहेको यस शिलान्यास कार्यक्रममा उपस्थित सम्पूर्णमा शुभ विहानी एवं सुस्वागतम।

हो आज म अति नै खुशीको साथसाथै भावुक भइरहेको छु र मलाई गौरव महसुस भइरहेको छ किनभने म आज यहाँहरूको सामु उपमेयरको साथै एकजना आर्किटेक्टको रूपमा उभिएको छु। जसमा उपमेयरको नाताले नगर निर्माण र जनताको सेवा गर्ने लक्ष्य बोकेर आएको थिएँ भने म आफू आर्किटेक्ट भएको नाताले आफ्नो पनि यस योजनामा involve भएको साथै KHEC/KHCE का पुनःनिर्माण समितिको सम्पूर्ण आर्किटेक्ट/इन्जिनियरिङबाट कार्यहरू भइरहेको पनि अवगत गराउन चाहन्छु। कुनै आर्किटेक्ट/इन्जिनियरलाई यदि आफूले गरेको काम आफ्नो सामु ठडिन्छ भने त्यो उसको लागि वरदान साबित हुनेछ, गौरवको विषय हुनेछ। यो आयोजना नै नगर एवं देशकै गौरवको हुनेछ जहां देशभरिका जनसमुदायले आफ्ना रोगहरू उपचार गर्ने अवसर मिल्नेछ। यो नै हामी जनप्रतिनिधिहिरूले जनतालाई गरेको वाचा हो र यसलाई पूरा गर्न हामी समर्पित भएर लाग्ने यहाँहरूमा विश्वस्त पार्न चाहन्छौं। विश्वास दिलाउन चाहन्छौं।

**उपस्थित महिला तथा सज्जनवृन्द,**

यस ख्वप अस्पताल हामीहरू सामू एक आधुनिक अस्पतालको रूपमा रहने छ। यो अस्पताल भ.न.पा.ले स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त २५ शय्याको अस्पतालको रूपमा शुरु गर्दैछौं र पछि गएर यसको क्षमता १०० शय्यासम्मको हुने यहाँ अवगत गराउन चाहन्छु। यस ख्वप अस्पतालमा अब आँखा उपचारसहितको सुविधा सम्पन्न अस्पताल बन्नेछ र निकट भविष्यबाटै हामी सबैले यस अस्पतालबाट आफ्नो उपचार गर्न पाउने छौं।




उपप्रमुख रजनी जोशी-भक्तपुर नगरपालिका, भक्तपुर

आजबाट औपचारिक रूपमा निर्माण शुरु हुने यस ख्वप अस्पताल भवनको बारेमा यहाँहरू समक्ष केही जानकारी राख्न चाहन्छु। यस च्याम्हासिंहमा १०-१२-३-२ (१० रोपनी १२ आना ३ पैसा २ दाम) को क्षेत्रफलमा जनस्वास्थ्यको भवनको उत्तरतर्फको यस जग्गामा निर्माण गर्दैछौं। यस ख्वप अस्पताल basement सहितको हुनेछ र भवनसहितको basement को क्षेत्रफल ३-१५-०-०.७१ (३ रोपनी १५ आना १ पैसा ०.७१ दाम) को हुनेछ भने भवन मात्रको (जमिन माथि उठ्ने भाग) क्षेत्रफल २-१०-१.९२ (२ रोपनी १० आना १.९२ दाम) मा निर्माण हुने अवगत गराउन चाहन्छु।

यस भवन प्रचलित मापदण्डअनुसार (फ्लेक्समा देखाए अनुसारको) ५ तल्लाको हुनेछ।

जस अनुसार basement मा २८ वडा गाडी र ४५ वटा मोटरसाइकल पार्किङ गर्न सकिन्छ साथै अस्पताललाई चाहिने अस्पतालका कपडा धुन Laundry, Mechanical room, Central Oxygen Supply room, Maintenance room, Electrical room, store room सहित रहनेछ। त्यसैगरी भूईं तल्लामा १० बेडको इमर्जेन्सी रहनेछ र यस तल्लामा X–Ray/CT scan/MRI/Pathology Lab साथै Mortury (शव गृह) रहनेछ। पहिलो तल्लामा Ultra Sound (भिडियो एक्स रे) को व्यवस्था सहितको Maternity Ward (सुत्केरी गराउने ठाउँ) रहने छ। दोश्रो तल्लामा २ वटा Operation Theater (Major/Minor) को व्यवस्था रहने छ

भने यसै तल्लामा ICU लगायत कुरुवाहरूको लागि कोठा रहनेछ। यसैगरी तेश्रो तल्ला आँखा अस्पतालको लागि प्रस्ताव गरिएकोछ र त्यसभन्दा माथि चौथो तल्लामा १५० जना अट्ने multipurpose हल र २२ जना अट्ने बैठक कोठा र प्रशासन शाखा रहनेछ। सँगसँगै यस अस्पताल वातावरणमैत्री/अपांग मैत्री हुने पनि यहाँहरू समक्ष राख्न चाहन्छु। यस अस्पतालको लागि वर्षातको पानी संकलन गरी आवश्यकताअनुसार प्रयोगमा ल्याइनेछ। यसले गर्दा केही हदसम्म पानीको परिपूर्ति हुनेछ। यस अस्पतालको लागि सौर्य उर्जा (Solar Energy) को बढीभन्दा बढी प्रयोगमा ल्याइने छ। आर्थिक लगानीको कुरा भन्दा पनि हामीले हाम्रा नगरवासीको सेवा र सुरक्षालाई मध्यनजर गरेर यस अस्पतालको निर्माण गर्दैछौं तथापि हामीले आफ्नो 'घांटी हेरेर हाड निल्नुपर्ने' भएकोले यसमा पनि हामीले सूक्ष्म रूपमा Reasonable बजेटमा तर गुणस्तरीय निर्माण र सेवा दिने उद्देश्यका साथ ख्वप अस्पताल निर्माण समिति लागिपरेका छौं।

लागतको कुरा गर्नु पर्दा (भूमिगत तल्लादेखि जमिन तल्लाको Tie beam-basement Plinth सम्मको ईस्टिमेट १२,६९९२,७९४।- (अक्षेरूपी १२ करोड ६९ लाख ९२ हजार ७९४ (लागत) Plinth सम्मको निर्माण असारसम्म सकिने लक्ष्य लिएका छौं plinth भन्दा माथि पुरै भवनको अनुमानित लागत ४५ करोड हुने र यसको detail analysis भइरहेको यहाँ अवगत गराउन चाहन्छु। हामीले यस बहु प्रतिक्षित ख्वप अस्पताल ३ वर्षभित्र संचालन गर्ने लक्ष्य लिएका छौं। यसको लागि यस आयोजनामा प्रत्यक्ष रूपमा संलग्न र सम्पूर्ण सरोकारवालासहित सम्पूर्ण नगरवासीहरूको साथ र सहयोगको अपेक्षा राखेका छौं भने शुभचिन्तकहरूसँग पनि हातेमालो गर्न चाहन्छौं। यसो हुन सकेमा मात्र हामीले समयमै आफ्नो लक्ष्यमा पुग्न सफल हुनेछौं र हाम्रा जनताले आफ्नो स्वास्थ्य उपचार आफ्नै ठाउँमा सर्वसुलभ रूपमा गर्न पाउने छन् र स्वस्थ्य नागरिकहरूबाट आफ्ना ठाउँ र देशको विकासमा स्थानीय सरकारसँग हातेमालो गर्दै देश विकासमा अग्रसर हुन सक्ने छौं।

*(उपप्रमुख जोशीले ख्वप अस्पतालको शिलान्यास कार्यक्रममा दिनुभएको मन्तव्य)*

**सफाइ अरुको लागि होइन हाम्रो आफ्नै लागि हो।**

## मन्त्री रवीन्द्रको हेलिकोप्टर दुर्घटनामा मृत्यु



संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीको फागुन १५ गते ताप्लेजुङमा हेलिकोप्टर दुर्घटनामा परी निधन भयो। उक्त हेलिकोप्टरमा सवार नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक वीरेन्द्रप्रसाद श्रेष्ठ, निर्देशक ध्रुवदास भोछिभोया, उपसचिव युवराज दाहाल, पर्यटन व्यवसायी एवं दुर्घटनाग्रस्त हेलिकोप्टर एयर डाइनेस्टीका मालिक आङछिरिङ शेर्पा, हेलिकोप्टरका क्याप्टेन प्रभाकर के.सी. र मन्त्रीका अंगरक्षक अर्जुनकुमार घिमिरेको पनि दुर्घटना स्थलमै मृत्यु भएको थियो। मृतक सातै जनाको फागुन १७ गते काठमाडौं टुँडिखेलमा श्रद्धाञ्जलीको लागि राखिएको थियो।

मृतकहरू मध्ये पाँच जनाको सोही दिन पशुपति आर्यघाटमा अन्त्येष्टि गरियो भने मन्त्री अधिकारीको शव गृह जिल्ला पोखरामा लगी राजकीय सम्मानकासाथ अन्त्येष्टि गरियो। शेर्पाको अन्त्येष्टि भने फागुन १९ गते गरियो।

मन्त्री अधिकारीको निधनमा सरकारले फागुन १६ गते सार्वजनिक विदा दिएको थियो।



## द्विशताब्दीऔं जन्म दिवस

# द्वन्द्वात्मक भौतिकवाद

सुनिल दुवाल, सुजन माक, रत्नशोभा प्रजापति

कार्ल मार्क्स अघिका सबैजसो दार्शनिकहरू मानव समाजको विकास र ऐतिहासिक घटनाहरू कुनै निश्चित नियमविना आफै भएको वा कुनै दैवी शक्ति, असाधारण, अलौकिक, नायक वा भगवानको इच्छाअनुसार वा संयोगवश भएको भन्ने विचार राख्दथे। मार्क्सले समाजको विकास प्रमुख उत्पादन शक्ति र उत्पादन व्यवस्थाका आधारमा विकसित हुँदै जान्छ भन्ने वैज्ञानिक विचार प्रस्तुत गरेर पहिलेका सबै दर्शनलाई अपुरो वा तथ्यसङ्गत नभएको पुष्टि गरिदिए। मार्क्सको दर्शन द्वन्द्वात्मक भौतिकवाद हो।

द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादी–लेनिनवादी पार्टीको विश्वदृष्टि हो। द्वन्द्ववाद प्रकृतिका घटनाहरूलाई अध्ययन गर्ने र ती घटनाहरूबारेको बुझाइलाई परिष्कृत गर्दै लैजाने तरिका हो भने भौतिकवाद ती घटनाहरूलाई कसरी बुझ्नुपर्छ अर्थात ती घटनाहरूप्रतिको हाम्रो बुझाइ कस्तो हुनुपर्छ भन्ने सिद्धान्त हो। त्यसैगरी ऐतिहासिक भौतिकवाद सामाजिक जीवन वा समाजमा यो सिद्धान्त कसरी लागू हुन्छ र समाजको ऐतिहासिक विकासलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिबाट अध्ययन गर्ने सिद्धान्त हो (स्तालिन, १९३८)। एङ्गेल्सका अनुसार द्वन्द्वात्मक भौतिकवादको बारेमा चर्चा गर्दा मार्क्स र एङ्गेल्सले हेगेलको द्वन्द्ववादबाट प्रेरित भएर यो सिद्धान्त विकास गरेका हुन् तर हामीले बुझ्नै पर्ने कुरा के हो भने हेगेलको द्वन्द्ववाद र मार्क्स–एङ्गेल्सको द्वन्द्वात्मक भौतिकवाद फरक सिद्धान्तहरू हुन्। हेगेलको द्वन्द्ववादका केही तर्कसङ्गत कुराहरूलाई मात्र लिएर, आदर्शवादी कुराहरूलाई छोडेर मार्क्स र एङ्गेल्सले अहिलेको वैज्ञानिक अवस्थामा विकास गरेको सिद्धान्त हो। यो विषयमा मार्क्स आफैले पनि 'पूँजी' को भाग १ मा भनेका छन् कि हेगेलको द्वन्द्ववाद र मेरो द्वन्द्वात्मकता नमिल्नेमात्र होइन बरू पूर्णरूपले विपरीत विचारहरू हुन्। हेगेलका अनुसार विचारबाट भौतिक वस्तुको सिर्जना हुन्छ अर्थात् विचार नै भौतिक वस्तुहरूको सर्जक हो जबकि भौतिक वातावरणलाई दिमागले विश्लेषण गरेपछि मात्र विचार पैदा हुन्छ। त्यसैले हेगेलको द्वन्द्ववादले विचारलाई प्रधान मान्दछ जुन सही विश्लेषण होइन (मार्क्स)।

हेगेल र फायरबाखका द्वन्द्ववाद र भौतिकवादबाट मार्क्स प्रेरित थिए तर यी दुवै दार्शनिकहरूलगायत तत्कालीन समयका सबैजसो दर्शनको आलोचनात्मक अध्ययनपछि उत्कृष्ट दर्शनका रूपमा मार्क्स र एंगेल्सले द्वन्द्वात्मक भौतिकवाद अघि सारेका थिए। भौतिकवादले भौतिक पदार्थलाई प्राथमिक तत्वको रूपमा अध्ययन गर्दछ भने द्वन्द्ववादले भौतिक पदार्थमा विद्यमान गतिशीलताको अध्ययन गर्दछ। यी दुवै सिद्धान्तको संश्लेषणात्मक अध्ययन र दुवैको पूर्णताः द्वन्द्वात्मक भौतिकवाद हो।

### द्वन्द्ववाद

संसारमा जतिपनि घटनाहरू हुन्छन् त्यतिकै वा विनाकारण हुँदैनन्। जुनसुकै घटनाको बारेमा बुझ्न त्यसको कारण र त्यसलाई असर पार्ने अरु घटनाहरू बारेमा अध्ययन गरिएन भने त्यसको बारेमा केही बुझ्न सक्दैनौं। त्यो एउटा निर्जिव कथामात्र हुन्छ। स्तालिनका अनुसार प्रकृति एउटा सुसम्बन्धित र अबिच्छिन्न एकाइ हो जसमा वस्तु, घटनाहरू एकअर्कासँग सम्बन्धित हुन्छन् र एकअर्काका कारण घटनाहरू हुन्छन् (स्तालिन, १९३८)।

द्वन्द्ववाद परिवर्तनशील संसारलाई बुझ्ने आधार हो। ब्रम्हाण्डका सारा चिजहरू दुई परस्परमा विरोधी तत्वहरू मिलेर बनेको हुन्छ। हरेक वस्तु यही परस्परमा विरोधी तत्वहरूको आपसी द्वन्द्व वा सङ्घर्षका कारण नै त्यसको अस्तित्व रहेको हुन्छ। प्रकृति स्थिर छैन, यो निरन्तर र गतिशील, विकासशील र परिवर्तनशील छ। प्रकृतिमा भएका सबै चीज नाश हुन्छन् र सँगसँगै नयाँ अस्तित्वमा आउँछ, विकास हुन्छ र फेरि नाश भएर जान्छ। एङ्गेल्सका अनुसार प्रकृतिका सबैभन्दा सूक्ष्मदेखि सबैभन्दा विशाल वस्तुहरू, बालुवाको कणदेखि सुर्यसम्म वा एक कोषीय जीवदेखि मानवसम्म अस्तित्वमा आउने र अन्त्य हुने निरन्तर प्रवाहमा छन्, गति र परिवर्तनको निरन्तर अवस्थामा छन् (वान्तवा र सुब्बा, २०२७)। परस्पर विरोधी कुराहरूको सङ्घर्षको कारण नै संसार गतिशील हुन्छ भन्ने सिद्धान्त द्वन्द्ववाद हो। एङ्गेल्सका अनुसार द्वन्द्ववाद समाजलाई बुझ्ने–बुझाउने सबैभन्दा राम्रो औजार हो र विद्यमान समाजका असमानतालाई प्रहार गर्ने सबैभन्दा तीखो हतियार हो। यसले समाजका घटनाहरूलाई बुझ्ने बाटोको दिशाहिनतामा कम्पास वा नक्साको काम गरेको छ। जसको कारण विभिन्न ऐतिहासिक घटना–परिघटनाहरूबाट आजको संसार कसरी बन्न पुगेको छ भन्ने बुझ्न सजिलो बनाएको छ।

यस सिद्धान्तले हामीले विकासको अवधि पुगेर मरणशील वस्तुभन्दा हुर्किँदो विकासको क्रममा रहेको वस्तुलाई चिन्नुपर्छ र त्यसलाई जतन गर्नुपर्छ भन्ने सिकाउँछ। त्यसैले मार्क्सवादले प्रगतिशील व्यवस्थालाई बढावा दिन प्रेरित गर्दछ, पुरानो सडेगलेको र नास हुने अवस्थामा पुगेको व्यबस्था अँगाल्नुभन्दा त्यो व्यवस्थाको गर्भमा हुर्किरहेको नयाँ प्रगतिशील व्यवस्थालाई नै मलजल गरेर विकास गर्न प्रेरित गर्दछ।

## द्वन्द्ववादका मुख्य नियमहरू

### १) परिमाणात्मक परिवर्तनले गुणात्मक परिवर्तन ल्याउँछ

द्वन्द्ववादले परिवर्तन र विकास हुन्छ मात्र नभनीकन कसरी हुन्छ भन्ने प्रश्नको पनि उत्तर दिन्छ। कुनै पनि नयाँ कुराको विकास हुनको लागि परिमाणमा परिवर्तन हुन्छ र त्यहि परिमाणमा आएको परिवर्तनका कारण गुणात्मक परिवर्तन हुन्छ। उदाहरणको लागि पानी तताउने बेला पानीको तापक्रम वृद्धि हुँदै जान्छ अर्थात तापक्रमको परिमाणमा परिवर्तन आउँछ तर जब तापक्रम वृद्धि हुँदै १०० डिग्री सेल्सियस पुग्छ तब पानीमा गुणात्मक परिवर्तन भई त्यो बाफ बन्छ। यहाँ परिमाणमा आएको परिवर्तन एउटा निश्चित अवस्थामा पुगेपछि त्यस परिवर्तनको क्रमिकतामा हस्तक्षेप हुन्छ अर्थात क्रान्तिकारी फड्कोद्वारा एक्कासी गुणात्मक परिवर्तन आउँछ। त्यो परिवर्तन विस्तारै नभईकन परिमाणमा बिस्तारै र चाल नपाउने गरी आएको परिवर्तन सञ्चय हुँदै अचानक गुणमा परिवर्तन आउँछ। यो परिवर्तन त्यतिकै हुनसक्दैन। यो सिद्धान्तको अर्को उदाहरण हामी रसायनशास्त्रमा पनि दिन सक्छौं। अक्सिजनका दुईवटा परमाणुहरू मिल्यो भने त्यो अक्सिजन ग्यास हुन्छ जब त्यही परमाणु तीनवटा मिल्छन्, त्यो ओजन हुन्छ। ओजनको गुण अक्सिजन ग्यासको भन्दा धेरै फरक हुन्छ। यहाँ पनि परिमाणमा आएको परिवर्तनवाट गुणमा एकआपसमा नमिल्नेखालको परिवर्तन ल्याउँछ।

पूँजीवादी समाजमा पूँजीपतिहरूको निरन्तर सङ्घर्ष र सहयोग हुँदा मजदुरहरूमा वर्ग चेतनाको कमी भयो भने पूँजीपतिहरूले झन्झन् नाफा वृद्धि गर्दै पूँजीको सञ्चय गर्दै पूँजीको परिमाणमा वृद्धि गर्दछ। यो सँगै मजदुरहरूको सङ्ख्या पनि वृद्धि हुँदैजान्छ। पूँजीको सञ्चयसँगैको आवश्यक नाफा प्राप्ति र पूँजीपतिहरूबीच नै एक अर्कासँगको प्रतिस्पर्धाका कारण नाफा वृद्धि गर्ने जायज, नाजायज तिकडम अपनाउँदै पूँजी एकत्रित गर्न बजार पनि विस्तार गर्नुपर्ने बाध्यता हुन्छ। कुनै समयमा पूँजी वृद्धि हुनै नसक्ने अवस्था आउँछ र यो व्यवस्था आफै ध्वस्त भई अर्को व्यवस्था आउँछ। यसको विपरीत यदि मजदुरहरूमा वर्ग चेतना र वर्ग सङ्घर्षका कुराहरू बुझाउँदै जाने हो र पूँजीको वृद्धिसँगै बढ्दै गएका कामदारहरू एकताबद्ध हुँदै जाने हो भने मजदुरहरूको शक्ति बढ्छ र क्रान्ति हुन्छ। योसँगै समाजको उत्पादन सम्बन्ध र आर्थिक व्यवस्था परिवर्तन गर्दछ र समाजवादको स्थापना गर्दछ। यो समाज विकासको नियम हो। सन् १९१७ को रुसको अक्टोबर क्रान्ति र सन् १९४९ को चिनियाँ क्रान्ति मार्क्सले उल्लेख गरेकै अवस्थामा नभए पनि द्वन्द्वात्मकताको नियम परिमाणात्मक परिवर्तनबाट गुणात्मक परिवर्तन आउँछ भन्ने नियमलाई प्रतिबिम्बित गर्दछ। मजदुर र किसानहरू तत्कालीन समयमा भएका अन्याय, अत्याचार, शोषण र ज्यादतिका कारण एकताबद्ध हुँदै परिमाणमा आएको परिवर्तनको प्रभावका कारण व्यवस्था नै परिवर्तन भयो। अर्थात् क्रान्ति भई समाजवादको स्थापना भयो। सामाजिक उत्पादन सम्बन्धमा नै परिवर्तन आयो र समाजको गुणात्मक परिवर्तन भयो।

### २) विरोधी तत्वहरूको एकता र सङ्घर्षको नियम

यस सिद्धान्तका अनुसार प्रकृतिमा जुनसुकै वस्तु वा घटनाप्रवाहभित्र सकारात्मक र नकारात्मक पक्ष रहेका हुन्छन्। यी दुवै पक्ष परस्परमा विरोधी हुन्छन्। यही सङ्घर्षलाई अन्तरविरोध भनिन्छ। यी दुईको सङ्घर्षमा नयाँको विकाससँगै पुरानोको नाश हुन्छ। फेरि त्यसमा पनि अर्को नयाँले विरोध गर्छ र सङ्घर्ष गर्छ र त्यसले जित्छ। अर्थात प्रकृति र समाजमा अहिलेसम्म भएको विकास पदार्थभित्र रहने परस्पर विरोधी तत्वहरूको सङ्घर्ष, पुरानोको हार र नयाँको जीतको नतिजा हो। लेनिनका अनुसार द्वन्द्ववाद सही अर्थमा वस्तुहरूको तत्वमा रहेको अन्तरविरोधको अध्ययन हो र विकास भनेको विरोधी तत्वहरूको सङ्घर्ष हो। माओका अनुसार वस्तुभित्रको सङ्घर्ष विकासको आधारभूत कारण हो र अरु चीजहरूसँगको सम्बन्ध र अन्तरक्रिया दोस्रो कारण हुन्। वाह्य कारण भित्री कारणद्वारा नै क्रियाशील हुन्छन्। जस्तै फुलबाट चल्ला कोरल्न निश्चित तापक्रम र समय चाहिन्छ तर त्यो फुलमा बिऊ नभएमा तापक्रम र समय दिँदैमा चल्ला कोरलिन्न। त्यसैगरी ढुङ्गालाई जतिसुकै तापक्रम र समय दिएपनि चल्ला कोरलिन्न किनभने दुवैको आधार फरक छ। संसारको गतिशीलता अन्तरविरोधका कारण हो अर्थात गतिशीलता अन्तरविरोधको रूप हो। संसारको जीवन नै यही अन्तरविरोध र गतिशीलताको फल हो। हाम्रो शरीरका कोषिकाहरू अन्तरविरोधका कारण मर्छन् र नयाँ कोषिकाहरू पैदा हुन्छन् जब यो क्रम रोकिन्छ तब हाम्रो जीवन नै समाप्त हुन्छ। पूँजीवादी समाजमा समाजको उत्पादनका सम्पूर्ण साधन र पूँजी पूँजीपतिको अधिनमा रहन्छ तर उत्पादन

शक्ति भने श्रमिकको श्रम हो। यी दुईबीचको मेलबाट सामाजिक उत्पादकत्व वृद्धि हुन्छ। तर यी दुवै शक्ति परस्परमा अन्तरविरोधी शक्तिहरू हुन्। समाजमा दुईवटै वर्गको अस्तित्व हुन्छ र एकले अर्कालाई पराजित गर्न खोजिरहन्छ तर परस्परमा सहयोग पनि गर्नैपर्ने हुन्छ। मजदुरले पूँजीपतिको नाफा वृद्धि गर्न र आफ्नो जीविकोपार्जनको लागि काम गर्नैपर्दछ। मजदुरको श्रमशक्ति प्रयोगबाट नाफा वृद्धि हुन्छ र सँगै पूँजीको पनि वृद्धि हुन्छ। उक्त पूँजीको प्रयोग गरी पूँजीपति वर्गले पुनः मजदुर वर्गलाई नै शोषण गर्दछ। यो शोषणविरुद्ध मजदुर वर्गले लड्नुपर्ने हुन्छ। यसरी मजदुर वर्गले पूँजीपति वर्गसँग अन्तरविरोध रहे पनि सम्झौता र एकता गरी सहयोग गरिरहन्छ। त्यसैगरी सङ्घर्ष पनि गरिरहन्छ र शक्ति पाएपछि निर्णायक सङ्घर्ष गर्दछ। यसले द्वन्द्ववादको विपरीत वस्तुहरूको एकता र अन्तरविरोधको नियमलाई प्रतिबिम्बित गर्दछ। विपरीत वस्तुहरूको सङ्घर्षबाट नै विकासले गति लिने हो।

अन्तरविरोधका बारेमा माओले भन्नुभएको छ, जटिल वस्तुको विकास प्रक्रियामा थुप्रै थुप्रै अन्तरविरोधहरू हुन सक्छन्। जस्तै एउटा पूँजीवादी मुलुकमा धेरैथरिका अन्तरविरोधहरू एकैचोटि देखिन सक्छन्, तीमध्ये एउटा चाहिँ मुख्य हुन्छ र अरु सबै अन्तरविरोधहरू त्यसैमा भर पर्दछ। समाजमा परिवर्तन गर्न चाहनेले त्यो मुख्य अन्तरविरोधलाई पत्ता लगाउनुपर्दछ। त्यसको अर्थ समाजमा सबैभन्दा मुख्य प्रतिक्रियावादी कुन हो र त्यसलाई टक्कर दिन सक्ने सबैभन्दा प्रगतिशील वर्ग कुन हो चिन्न सक्नुपर्दछ। त्यस्तो पत्ता लगाउन सकिएन भने अर्थात मुख्य अन्तरविरोध पत्ता लगाउन नसक्दा क्रान्तिका कुराहरू नै गञ्जागोल हुन सक्दछ।

### ३) निषेधको निषेध

संसारमा जुनसुकै कुरा एक समयमा उत्पन्न हुन्छ, विकास हुन्छ र नष्ट हुन्छ। यसरी नष्ट हुनुलाई निषेध भनिन्छ। तर द्वन्द्ववादले निषेधको अर्थ खाली नष्ट हुनुमात्र भन्दैन। निषेध भएको पदार्थले आफ्नो ठाउँमा आफूभन्दा शक्तिशाली र प्रगतिशील वस्तुका लागि स्थान खाली गरिदिन्छ। कुनै चीजको यथेष्ट विकास भईसकेपछि त्यसले नयाँको लागि नष्ट हुनुपर्दछ। यो नै निषेधको निषेध हो। प्रत्येक निषेधमा विकास निम्नस्तरबाट उच्च र साधारणबाट जटिलतर्फ बढ्छ। उदाहरणको लागि मकैको बीउ नष्ट भएपछि नयाँ मकैको बोट उम्रिन्छ र त्यो बोट हुर्केर फेरि त्यसमा मकै फलेर त्यो बोट पनि मर्दछ। यहाँ बीउको निषेधको कारण बोट आयो र बोटको निषेधसँगै नयाँ मकै फलेको हुन्छ। यो निषेधको निषेध हो। सामान्य दृष्टिकोणमा यो एउटा चक्र भयो र अन्त्यमा मकै नै बाँकी रह्यो तर हामीले बुझ्नु पर्ने कुराचाहिँ के हो भने एउटा गेडा मकैको निषेधबाट सयौं नयाँ मकै उत्पादन भयो अर्थात निम्नबाट उच्चस्तरको विकास भयो।

जब कुनै चिजको उत्पति हुन्छ त्योसँगै केही नास पनि भएको हुन्छ। जस्तै, मकैको बीउबाट नयाँ बोट उम्रिँदा बीउ नष्ट हुन्छ। त्यसैगरी सामाजिक व्यवस्थामा पनि कुनै एउटा व्यवस्था हुँदासम्म त्यो नै सर्वोत्कृष्ट व्यवस्था हो कि भन्ने भान हुन्छ र त्यसको पतनसँगै समाज नै नाश हुन्छ कि भन्ने आभास दिलाइन्छ। जस्तो कुनै समयमा दासप्रथा सामान्य थियो र त्यो समाजको यथार्थ जस्तो लाग्थ्यो तर कालान्तरमा भएका विद्रोहहरूले यसलाई गलत सावित गरेर सामन्तवादी व्यवस्थाको स्थापना गर्‍यो र अब संसार यस्तै व्यवस्थामा स्थिर रहन्छ भन्ने आभास दिलाइयो तर त्यो व्यवस्थामा भएको तत्व अर्थात शोषणकै कारण विस्तारै असन्तुष्टिहरू बढ्न थाल्यो र पूँजीवादी क्रान्ति भयो। समाजमा अहिले पूँजीवादको विकासको कारण पूँजीपतिहरूले यो नै सर्वोत्कृष्ट व्यवस्था हो र यो नै स्थायी व्यवस्था हो भन्ने प्रचार गर्छन् तर यो पनि शोषणमा आधारित व्यवस्था भएको कारण थोरैलाई मात्र यो व्यवस्थाले राम्रो गर्ने तर बहुसङ्ख्यक शोषित हुने हुँदा धेरै असन्तुष्ट छन्। यही असन्तुष्टि र शोषणाका कारण मानव समाज अनुकूलको व्यवस्था अर्थात समाजवादको स्थापनाका लागि क्रान्ति गर्छन् र क्रान्तिसँगै पूँजीवादी व्यवस्था नष्ट हुन्छ र नयाँ व्यवस्थाको विकास हुन्छ। यो प्रक्रियाले द्वन्द्वात्मकताको नियम निषेधको निषेधलाई प्रतिबिम्बित गर्छ। अर्थात् प्रकृति, मानव समाज र मानव शरीर सबैमा पुरानोको नाशसँगै नयाँको जन्म हुन्छ। कुनै कुराको अन्त्य भनेकै कुनै नयाँ कुराको सुरुवात हुन्छ। पूँजीवादी व्यवस्था पनि आफै नै नष्ट हुने व्यवस्था हो, तर मानिसमा रहेको क्रान्तिकारी भावना र गतिविधिले प्राकृतिक नियमलाई छिटो गतिदिने मात्र हो। हामीले मजदुर किसान वर्गलाई जति छिटो सङ्गठित गर्ने र सचेत बनाउने कार्य गर्न सक्दछौं, वर्ग सङ्घर्षलाई तीव्रता दिन सक्दछौं, त्यही अनुसार क्रान्ति छिटो साकार हुन्छ।

## भौतिकवाद

सामन्तवादी समाजमा रहेको धार्मिक अन्धविश्वासकाविरुद्ध प्राकृतिक विज्ञान र तर्कलाई भौतिकवादले अघि सारेको हो। तत्कालीन जर्मनीमा विकास भएको भौतिकवादलाई मार्क्सले अङ्गाल्ने मात्र नभई त्यसको विकास गर्न शास्त्रीय दर्शनशास्त्रका राम्रा-नराम्रा सबै पक्षहरूको आलोचनात्मक विश्लेषण गरेका थिए। मार्क्सको दार्शनिक पक्षको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको भौतिवादलाई

द्वन्द्वात्मकताको अवधारणामा एकीकृत गरेर द्वन्द्वात्मक भौतिकवादको विकास गर्नु हो ।

## मार्क्सवादी भौतिकवादका मुख्य विशेषताहरू

### १) भौतिकवादी दृष्टिकोण

अध्यात्मवादले आत्मालगायतका अलौकिक शक्तिको अस्तित्वका कारण भौतिक संसार रहेको भन्ने तर्क राख्दछ भने भौतिकवादले संसार कुनै अलौकिक शक्ति वा मान्छेले बनाएको नभई विभिन्न रूपमा रहेका पदार्थहरूको गति र ती पदार्थहरूको अन्तरक्रियाहरूका कारण द्वन्द्ववादले प्रतिपादन गरेको सिद्धान्तअनुरूप हुने क्रिया–प्रतिक्रियाहरूका कारण संसार अस्तित्वमा आएको हो र प्रकृतिको गतिको नियमबमोजिम नै यसको सुरु, विकास र अन्त्य हुन्छ जसको लागि कुनै आत्मा–परमात्मा जरुरी हुँदैन । एङ्गेल्सका अनुसार प्रकृतिलाई भौतिकवादी दृष्टिकोणबाट व्याख्या गर्नु भनेको प्रकृतिलाई कुनै नक्कली बुट्टाबिना जस्तो छ त्यहीरूपमा ब्याख्या गर्नु हो (मार्क्स र एङ्गेल्स, १८५५–५६) । लेनिनका अनुसार प्राचीन दार्शनिक हेराक्लिटसले संसार कुनै देवता वा मान्छेले सिर्जना गरेको नभई पहिले, अहिले र पछिसम्म पनि एउटा प्रज्ज्वलित ज्वाला जस्तै हो जुन व्यवस्थितरूपमा बढेर आउँछ र सँगै व्यवस्थितरूपमा निभेर जान्छ भनेर गरेको व्याख्यालाई द्वन्द्वात्मक भौतिकवादको सुरुवाती व्याख्याको रूपमा लिन सकिन्छ (लेनिन, १९१४–१९१६) ।

### २) वस्तुगत यथार्थ

भौतिकवादमा भौतिक वस्तुलाई प्रमुख र चेतनालाई गौण मान्दछ अर्थात भौतिक वस्तुको उपस्थितिमै चेतनाको अस्तित्व हुन्छ भन्ने सिद्धान्त भौतिकवाद हो । चेतना पदार्थको उपज हो अर्थात शरीर वरिपरिको वातावरण छ र त्यसलाई बुझ्ने, विश्लेषण गर्ने र प्रतिक्रिया दिने दिमाग भएको कारण चेतनाको अस्तित्व छ भनेर भौतिकवादले प्रस्ट्याउँछ । अध्यात्मवादले चेतनालाई प्रमुख मान्दछ र चेतनाकै कारण भौतिक संसार अस्तित्वमा रहेको तर्क प्रस्तुत गर्दछ । भौतिकवाद त्यसको ठीक विपरीत पदार्थ मान्छेको मन बाहिर स्वतन्त्र रूपमा अस्तित्वमा रहन्छ, पदार्थको वस्तुपरक यथार्थ मान्छेको संवेदनाद्वारा प्राप्त हुन्छ । अतः पदार्थको अस्तित्वविना संवेदनाको कुनै अस्तित्व हुन सक्दैन भन्ने सिद्धान्त भौतिकवाद हो । मार्क्सका अनुसार सोचलाई सोच्ने भौतिक वस्तुबाट अलग्याउन असम्भव छ (मार्क्स र एङ्गेल्स, १९७६) । मानव शरीर छ र त चेतना र प्राणको अस्तित्व छ । मार्क्सवादी दर्शनका अनुसार पदार्थ, वस्तु, जीव र प्रकृति स्वयम् नै वस्तुगत यथार्थ हो जुन हाम्रो चेतनाबिना नै पनि स्वतन्त्ररूपमा अस्तित्वमा रहन्छ । अतः पदार्थ प्राथमिक हो र चेतना दोस्रो हो किनभने पदार्थको अस्तित्वबिना चेतना अस्तित्व सम्भव छैन । चेतना भनेको नै पदार्थको क्रिया–प्रतिक्रियाका कारण पैदा हुने हो । चेतना वा विचार भनेको पदार्थको सबैभन्दा विकसितमध्येको प्रमुख वस्तु दिमागका कारण पैदा हुन्छ । त्यसैले दिमागको अस्तित्वबिना चेतना वा विचारको अस्तित्व हुनसक्छ भन्नु अत्यन्त ठुलो भूल हुनेछ । एङ्गेल्सका अनुसार दर्शनको अहिलेसम्मकै प्रमुख प्रश्न जीवनको अस्तित्व, आत्मा र प्रकृतिको कस्तो सम्बन्ध हुन्छ वा सम्बन्ध हुन्छ हुँदैन भन्ने हो । यसको जवाफअनुरूप नै दार्शनिकहरू आदर्शवादी वा भौतिकवादी खेमामा पर्दछ भन्ने बुझिन्छ (मार्क्स र एङ्गेल्स, १९७६) । महसुस गर्न सकिने पदार्थ र त्यसबाट बनेको संसार जसमा हामी आफैं पनि छौं त्यही नै मात्र यथार्थ हो हाम्रो चेतना, सोच, विचार अलौकिकजस्तो लागे पनि यो भौतिक वस्तु, हाम्रो अङ्ग दिमागकै उत्पादन हो (मार्क्स र एङ्गेल्स, १९७६) । लेनिनका अनुसार 'संसारको चित्र भनेको पदार्थ वा वस्तुको गति र वस्तुको चेतनाको चित्र हो' (लेनिन, १९०७) ।

### ३) संसार र यसको नियमहरूलाई जान्न-बुझ्न सकिन्छ

आदर्शवादले संसार र त्यसका नियमहरूलाई बुझ्न र ब्याख्या गर्न सकिँदैन । मानिसको ज्ञानलाई मान्यता दिन सकिँदैन र वस्तुगत तथ्यलाई चिन्दैन, संसारमा विज्ञानले जान्न, बुझ्न र व्याख्या गर्न नसक्ने धेरै कुराहरू छन् भन्ने तर्क राख्दा भौतिकवादले संसारलाई बुझ्न सकिन्छ, विभिन्न प्रयोग र अनुभवहरूबाट प्राप्त गरेका प्रकृति र त्यसका नियमहरूले पूर्ण मान्यता प्राप्त गर्दछ र संसारमा जान्न नसकिने वा व्याख्या गर्न नसकिने भन्ने केही हुन्न भन्ने तर्क प्रस्तुत गर्दछ । अहिले जुन कुरा विज्ञानले व्याख्या गर्न सकेको छैन् ती विस्तारै खुल्दै जानेछ । विज्ञान र प्रयोगहरूबाट भविष्यमा जान्न सकिनेछ । उदाहरणका लागि केही शताब्दी अघिसम्म कोपरनिकसको सौर्य मण्डल एउटा उसको ज्ञानको आधारमा एउटा परिकल्पना मात्र थियो तर विज्ञानको विकास र गणितको प्रयोगसँगै यो परिकल्पना सही साबित भएको छ । त्यसैगरी ध्वनि र प्रकाशलाई तरङ्गकोरूपमा प्रतिपादित गरिएको नियमकै आधारमा हामीले देख्न नसक्ने र सुन्न नसकिने तरङ्गहरू पनि भएको पुष्टि भएको छ । जसलाई मानव इन्द्रीयहरूले चाल पाउन नसके पनि मानवद्वारा निर्मित अरु यन्त्रहरूले सजिलै पत्ता लगाउन सकेका छन् । त्यसैगरी इतिहासमा पत्ता नलागेका धेरै तथ्यका कारण भ्रमकारूपमा रहेका धेरै विषयहरूको यथार्थ खुलिसकेको छ । कुनै समय तथ्य र ज्ञानको अभावमा पानी पर्ने कुरा पनि कुनै अलौकिक शक्तिको कारण हो भन्ने भ्रमलाई अहिलेसम्म आइपुग्दा कसरी पानी पर्छ मात्र नभएर कहिले र कति पानी पर्छ समेत

भन्न सकिने भएको छ। अतः संसार र संसारको नियमलाई जान्न, बुझ्न सकिँदैन भन्नु पूरै गलत हुन्छ र भौतिकवादले यसलाई बुझ्न नसकिनेभन्दा पनि हाम्रो ज्ञान र प्रयोगले अहिले नसके पनि गतिशील संसारको विकाससँगै तथ्य र ज्ञान उजागर हुन्छ भन्ने प्रगतिशिल सिद्धान्तलाई मान्यता दिन्छ।

द्वन्द्वात्मक भौतिकवादका यी सिद्धान्तहरू समाज र समाज विकासको इतिहास बुझ्नको लागि पनि अत्यन्त महत्त्वपूर्ण छन्। यदि प्रकृति र त्यसका अन्योन्याश्रित सम्बन्धहरू प्रकृतिका नियमहरू हुन् भने समाज र सामाजिक जीवन सम्बन्धहरू पनि समाजको विकासका नियमहरू हुन् र यी त्यतिकै हुने घटनाहरू होइनन्। अतः सामाजिक जीवन र समाज विकासको इतिहास घटना, दुर्घटनाहरूका मिश्रणमात्र होइनन्। यी पनि नियमहरूबाट ब्याख्या गर्न सकिन्छ। अतः समाजको इतिहास पनि विज्ञान नै हो। यो कुरालाई हामीले बुझ्न सक्यौं भने सर्वहारा वर्गको पार्टीले कसरी प्रयोगात्मक कृयाकलापहरू सञ्चालन गर्ने बुझ्न सक्छौँ। समाज विकासका कुराहरू जटिल भए तापनि यसका नियमहरूलाई बुझ्न सक्यौँ भने विज्ञानका अरु विधाजस्तै समाजविज्ञान पनि बुझ्न सक्छौँ। समाजको भौतिक जीवन वस्तुगत यथार्थ हो, जसको अस्तित्व मानिसको प्रतिबद्धताभन्दा स्वतन्त्र हुन्छ भने समाजको अध्यात्मिक जीवन त्यस वस्तुगत यथार्थको प्रतिबिम्ब हुन्छ। त्यसरी समाजको अध्यात्मिक जीवनको निर्माणको स्रोत सामाजिक विचार, सामाजिक सिद्धान्त, राजनैतिक दृष्टिकोणहरू तथा राजनैतिक स्रष्टाहरूमा नभएर समाजको भौतिक जीवनका अवस्थाहरूमा खोज्नुपर्दछ। विचार, सिद्धान्त, दृष्टिकोण, आदि समाजका भौतिक जीवनका अवस्थाहरूकै प्रतिबिम्ब हुन्छन् (स्तालिन, १९३८)।

यो कुरा आमरूपमा सिकाइने शिक्षाहरूको विपरीत हुन्छ। यस अर्थमा हामीले बुझ्नुपर्ने कुरा के हो भने ऐतिहासिक घटनाहरूका अन्तिम कारण मानिसका विचारहरूको परिवर्तनमा नभएर भौतिक जीवनका अवस्थाहरूको परिवर्तनमा खोज्नुपर्छ।

द्वन्द्वात्मक भौतिकवाद भौतिक पदार्थ र परिवेशको परिवर्तनको नियम बुझ्ने दर्शन हो। यो समाज परिवर्तनको नियम भएको कारण हरेक क्रान्तिकारी विचार बोक्ने मानिसले बुझ्नैपर्ने सिद्धान्त हो। यही सिद्धान्तका आधारमा अघि बढ्न सक्यौं भने हामी दिग्भ्रमित हुँदैनौ। प्रकृति र समाजका परिर्वतनहरूलाई सरल रूपमा बुझ्न सक्छौं। अतः मार्क्सवादी साहित्यहरू अध्ययन गर्दै समाजको प्रगतिको लागि लाग्ने सबै परिवर्तन चाहने शोषित पीडित कामदार वर्गको प्रतिनिधित्व गर्ने कार्यकर्ताले यी विषयहरूको गहन अध्ययन गरेर व्यवहारमा लागू गर्न सक्यौं भनेमात्र हामीले चाहेको समाजवादी समाजको स्थापना गर्न सकिन्छ। यसका लागी मार्क्सवादी साहित्यको अध्ययन र मार्क्सवादका सिद्धान्तलाई समय सापेक्ष रूपमा बुझ्दै र व्यवहारमा लागू गर्दै जानुपर्ने अहिलेको आवश्यकता हो।


### सन्दर्भ सामग्रीहरू


- कर्नफोर्थ, मोरिस (१९५४)– ऐतिहासिक भौतिकवाद।
- मार्क्स, कार्ल (१९७३)– पूँजी भाग १ (दोस्रो जर्मन संस्करण)
- मार्क्स, कार्ल र एङ्गेल्स, फ्रेडरिख (१८५५(५६)– कार्ल मार्क्स र फ्रेडरिख एङ्गेल्सका सङ्कलित रचना (भाग १४)।
- मार्क्स, कार्ल र एङ्गेल्स, फ्रेडरिख (१९७६)– मार्क्स, एङ्गेल्सका सङ्कलित रचनाहरू भाग १।
- लेनिन, भ्ला. इ. (१९१४–१९१६)– लेनिनका सङ्कलित रचनाहरू भाग ३८।
- लेनिन, भ्ला. ई. (१९०७)– लेनिनका सङ्कलित रचनाहरू भाग १३।
- वान्तवा, ए. बी. र सुब्बा, सी. बी. (२०२७)– मार्क्सवादको पहिलो पुस्तक, काठमाडौं; खोजी प्रकाशन गृह।
- स्तालिन, जे. भि. (१९३८)– द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवाद।



*(**'दी एकेडेमी'** बाट)*

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरू सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ।**

बसिबियाँलोको उत्तर



# स्थानीय सरकारको उत्कृष्ट काम



भैरव रिसाल

कामदार जनताका निम्ति काम गर्ने नेपाल मजदुर किसान पार्टीको राजनीतिक नेतृत्व भएको भक्तपुर नगरपालिका शिक्षापछि अब स्वास्थ्य क्षेत्रमा पनि ठोसरूपमा अघि बढ्न लागेको छ। शिक्षामा सघन हात हालेको १९ वर्ष भइसक्यो। शिक्षामा पनि प्राथमिकभन्दा पनि पूर्वको पूर्वप्राथमिक तहदेखि स्नातकोत्तर तहसम्मको पठन–पाठन सफलतापूर्वक सञ्चालन गरेर उत्कृष्ट काम गरेको छ। थोरै शुल्क र स्तरीय शिक्षा भक्तपुर नगरपालिकाले सञ्चालन गरेको शिक्षण संस्थाको विशिष्ठ पक्ष हो यो। कमभन्दा कम शुल्कमा उत्कृष्ट तहको शिक्षा प्राप्त हुने हुँदा ख्वप कलेजलगायत उच्च माध्यमिक, माध्यमिक र त्यसभन्दा तल्लो तहका शिक्षालयहरूमा आफ्ना सन्तान पढाउन पाउँदा पनि अभिभावकहरू नगरपालिकाप्रति कृतकृत्य छन्। कलेज तहको शिक्षा र शिक्षण पद्धति दिइने ती कलेजहरूलाई सम्बन्धन दिएका विश्वविद्यालयहरू गर्व गर्छन् र गौरवान्वित भएको प्रतिक्रिया सार्वजनिक गर्न पाउँदा सम्मान र प्रतिष्ठा प्राप्त भएको कुरा अभिव्यक्त गर्छन्। मितव्ययिताबाट बचेको रकम कलेजका भौतिक संरचना र पूर्वाधारहरूको उत्तम र निर्माणमा खर्च भएको अवस्था अवलोकन गर्दा विज्ञ, विशेषज्ञ, विषयविद् एवम् विश्वविद्यालयहरू, शिक्षामन्त्रालय, सङ्घीय संसद्का सदस्यहरू, प्रधानमन्त्रीहरू, राष्ट्रपतिका साथै ठूला वा साना राजनीतिक दलका नेताहरू पनि धेरै प्रभावित हुन्छन्। अब त सम्बद्धहरू ख्वप विश्वविद्यालय सञ्चालनको अनुमति दिन्छन् कि भन्ठान्या तर जब उनीहरू खस्याङ खुसुङको पुल नाघ्छन् भुसुक्कै बिर्सन्छन्।

**शिक्षामा चमत्कारै पो गरेको छ त !**

पार्टी नेतृत्वको नारा एवम् दृढ अठोट कम्तिमा 'एक घर एक स्नातक' कार्यान्वयन गर्न अहोरात्र खटिएको खटियै छन् सम्पूर्ण कार्यकर्ता। बाहिरबाट हेर्नेहरू अचम्मै मान्छन् र भन्छन् कसरी सम्भव भइरहेको छ यो विशिष्ठ काम भक्तपुरमा !? महिला शिक्षामा भक्तपुर नगरपालिका नेपालकै अगुवा होला। भक्तपुर नगरपालिका छिर्दा शिक्षालय समयमा विद्यार्थीहरूको लस्कर हेर्दा भक्तपुर नगरपालिकामा सबै जनता विद्यार्थी मात्र छन् कि क्या हो भन्ने लाग्छ। भक्तपुर नगरपालिका यस्ता अत्युत्तम शिक्षा प्रचार–प्रसार र विस्तृतीकरण गर्नसक्छ, शिक्षालाई जनताकहाँ लैजान सक्छ, शिक्षालाई जनताको शिक्षा बनाउन सक्छ। अरू नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र गाउँपालिकाहरू किन शिक्षालाई जनताकहाँ लैजाँदैनन् सोध्न मन लाग्छ। नाम उपमहानगरपालिका अझ महानगरपालिका कत्रा विशेषण जोडिएका ! नाम ठूला तर मानसिकता साना। भक्तपुर नगरपालिकाका अगाडि 'महा' पनि गाँसिएको छैन, 'उप' पनि गाँसिएको छैन। तर, काममा भने धेरै थोक गाँसिएको छ। ऐन, कानुन, विधि र व्यवस्था सबै तहको एउटै हो, उही हो। खै त भक्तपुर नगरपालिका जुन निकै अघिदेखि नेमकिपाको प्रत्यक्ष नेतृत्वमा अघि बढ्दैछ। २०५६ सालदेखि उच्च मावि तहको शिक्षामा हात हालेको हो। २०५८ सालदेखि कलेज तहमा प्रवेश गरेको भक्तपुर नगरपालिकाले साँच्चै हो शिक्षामा चमत्कारै पो त गरेको छ !

**यो त पूँजीवादको पनि पराकाष्ठा हो**

भक्तपुर नगरपालिका अब अस्पताल तहको सेवामा प्रवेश गर्न लागेको छ। बधाई छ भक्तपुर नगरपालिकालाई, अस्पताल तहको स्वास्थ्य सेवामा प्रवेश गर्न लागेकोमा। साथै, पूर्ण सफलताको अग्रिम शुभेच्छा र शुभकामना पनि। यद्यपि यसअघि पनि भक्तपुर नगरपालिकाले प्राथमिक स्वास्थ्य सेवा, नर्सिङ सेवा, घर–घरमै धेरै थरि–थरिका स्वास्थ्य परीक्षण, स्वास्थ्य चेतनालगायतका अस्पताल तहभन्दा तलका सबै स्वास्थ्य सेवा निरन्तर दिइआएको कुरा नयाँ होइन। अब त्यो तहको सेवाभन्दा माथिल्लो तह– अस्पताल तहमा जाने जमर्को गरेर जनताको आधारभूत सेवाको नयाँ आयाम प्रारम्भ गर्न लागेको छ। भक्तपुर नगरपालिकाले 'उपचारको अभावमा कसैको ज्यान नजाओस्' भन्ने जनताको पक्षको सङ्कल्प गरेको छ। यो कुरा लेख्न र भन्न जति सजिलो र सरल छ तर कार्यान्वयन गर्न निकै जटिल र बाङ्गोटिङ्गो छ। राज्य नेपाल कम्युनिष्ट पार्टीले चलाइरहेको छ तर स्वास्थ्य र शिक्षाजस्ता सोझै सर्वसाधारण जनतासँग गाँसिएका यी दुवै क्षेत्र माफियाहरूको कब्जामा परेको छ। यो कम्युनिष्ट सिद्धान्त तथा आचरणसँग कति मिल्छ पार्टीका माथिल्लो तहको नेतृत्वसँग उत्तरको अपेक्षा छ। शिक्षा र स्वास्थ्यको व्यापारीकरण वा पैसा कमाउने, अझ बढी नाफा कुम्ल्याउने माध्यम बनाउनु कम्युनिष्ट घोषणापत्रको कुन खण्डमा छ वा सिद्धान्तको कुन

सूत्रमा पर्छ, सत्तासीन नेकपा यसको जवाफ दिन तयार छ ? यो त पूँजीवादको पनि पराकाष्ठा भो।

**सरकारको, विदेशीको एक पैसा नि छैन**

आजको युगमा भक्तपुर अस्पतालमा झाडाबान्ताका बिरामी मर्ने गरेको अवस्थाले सरकारी स्वास्थ्य सेवाको अवस्था छर्लङ्ग पार्छ। समयमा उचित उपचार नपाउँदा विगतमा जनताले अकालमै मर्नुपरेको दृष्टान्त छन्। अब भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले सेवा गर्न थालेपछि त्यो दुःखद अवस्था नआउने सङ्कल्प गरिसकेको छ। यस अर्थमा पनि प्रस्तावित ख्वप अस्पतालबाट जनताको स्वास्थ्यमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ। सरकार कम्युनिष्ट नामको पार्टीबाट सञ्चालित छ तर स्वास्थ्य सेवा स्तरहीन छ। सरकारी स्वास्थ्य संस्थाहरू स्तरीय नहुनासाथ जनता निजी अस्पतालतर्फ लाग्नु स्वाभाविक भयो। सरकारले चलाएका अस्पतालले राम्रो स्वास्थ्य सेवा नदिनासाथ बिरामी निजी क्षेत्रका अस्पतालतर्फ आकर्षित हुन्छन्। त्यस अस्पतालमा सक्कली डाक्टरमात्र हुँदैनन्, नक्कली चिकित्सकको बिगबिगी हुने गरेको विगत छ। जहाँ जनताको सर्वश्व नै खर्च हुन्छ र अन्ततोगत्वा कतिपय रोगीको त प्राण पनि जान्छ। भक्तपुर सानो क्षेत्रफल भएको जिल्ला हो र भक्तपुर नगरपालिका पनि कहाँ ठूलो छ र ? यसर्थ पनि आँटियो भने नमूनाको रूपमा रूपान्तरण गर्न सकिन्छ भक्तपुरलाई। ख्वप अस्पतालमा भविष्यमा भक्तपुरमात्र होइन नेपालभरका रोगीको सेवा गर्ने उद्देश्य राख्नु जरूरी छ। यो प्रस्तावित ख्वप अस्पताल आगामी तीन वर्षभित्र सम्पादन गर्ने लक्ष्य राखिएको छ। चालू आर्थिक वर्षका लागि रू. १४ करोड नगरपालिकाले छुट्याएको छ। यो अस्पताल निर्माणमा न सरकारको एक पैसा छ न त विदेशीहरूको एक पैसा नै। २५ शय्याको स्वीकृति छ तर सय शय्याको अस्पताल बन्दैछ।

**नेमकिपा यो खाल्डोमा परेको छैन**

नामतः कम्युनिष्ट सरकार छ तर कामतः सरकार अकर्मण्य छ, आचरणतः भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ, खर्चतः अक्षम छ। सिद्धान्ततः सरकार सङ्घीय छ, मानसिकतातः सरकार केन्द्रीकृत छ। यस्तो वस्तुस्थितिमा सरकारी अस्पताल गुणस्तरीय छैनन्। निजी अस्पतालको सङ्ख्या बढिरहेको छ। यसर्थ भक्तपुर नगरपालिकाले अस्पताल निर्माण गर्नुको औचित्य औंधी छ, यो कदम पच्चीसै आना जनताको हितमा छ। सत्तामा आसीन नामका कम्युनिष्ट, सत्तामा प्रकारान्तरबाट आरोहण गर्न तीव्र आकाङ्क्षी कम्युनिष्ट नामधारी नक्कली कामरेडहरूले शिक्षामा र स्वास्थ्यमा कतै प्रत्यक्ष नै र धेरैतिर परोक्ष लगानी गरेर– दैलोबाट होइन आँखीझ्यालबाट –शिक्षा एवम् स्वास्थ्यजस्तो जनताका आधारभूत क्षेत्रलाई कलुषित एवम् कलङ्कित बनाइरहेका छन्। एकजना दरो अडानका शिक्षासेवी सशक्त अधिकारपूर्ण आवाजमा रेडियो नेपालमार्फत सार्वजनिक गर्दै थिए – नेपालमा शिक्षा र स्वास्थ्यमा लगानी नगर्ने र नाफा नकमाउने कम्युनिष्ट पार्टी नै छैनन्, भए पनि अपवाद हुन्। त्यसो भन्ने उनी हुन् – डा. विद्यानाथ कोइराला। उनी काङ्ग्रेस नेतृत्वको सरकारले बनाएको शिक्षा आयोग र कम्युनिष्ट नेतृत्वको सरकारको पालाको पनि शिक्षा आयोगमा बस्ने 'भाग्यशाली' रहेछन्। भन्दै थिए शिक्षामा लगानी गरेर वा लगानी नगरिकनै कमाउन र कुम्ल्याउने मामलामा लगभग समान छन् रे ! शब्दमा, वाक्यमा अन्तरजस्तो भ्रमजाल देखिन्छ परन्तु आन्तर्य एउटै हो, उही हो, शिक्षाबाट नाफा बटुल्ने मानसिक ग्रन्थीको तहसम्म छ र रेखा समानान्तर छन्। यो भन्दा दुःख लाग्दो अरू के होला ? नेमकिपा यो खाल्डोमा परेको छैन।

**अस्पताल हो कि पाँचतारे होटेल भन्नेजस्तो होस्**

प्रस्तावित ख्वप अस्पताल भक्तपुर नगरपालिकाको बजेट र नगरवासीहरूकै सहभागितामा निर्माण हुने हुँदा यो मितव्ययी हुने, स्तरीय हुने र समयमा निर्माण सम्पादन हुने कुरामा आम मान्छे ढुक्क छन्। अबको युगमा बन्न लागेको ख्वप अस्पताल सस्तो हुने, गुणस्तरीय हुने, वातावरणमैत्री हुने, भूकम्पप्रतिरोधी हुने, अपाङ्गमैत्री हुने, विरामी कुरूवामैत्री हुने र मानव मलमूत्रबाट दुर्गन्धित नहुने हुनेछ भन्नेमा सर्वसाधारण जनताले भरोसा गरेका छन्। ख्वप अस्पताल यस्ता कुनै पाँचतारे होटेलमा पसेजस्तो र निस्कँदा पनि त्यस्तै पाँचतारे होटेलबाट निस्केजस्तो हुने अवस्था सिर्जना गर्न ख्वप नगरपालिकाका लागि उकालो पर्ला तर त्यसो नगरी धरै छैन। पानी पौल नभई सफा र सुग्घर सम्भव हुँदैन। भक्तपुर सहरमा खानेपानीको त्यसै पनि समस्या छ। अब एकसय शय्याको अस्पताल तथा बहिरङ्ग सेवा पनि सञ्चालन हुने भएपछि पानी प्रशस्त जरूरी हुन्छ। काठमाडौँ खाल्डोमा जथाभावीसँग भुइँमुनिको पानीको दोहन बढी मात्रामा हुने गरेकाले काठमाडौँ खाल्डो भासिने सम्भावनाको चेतावनी दिन थालिसकेका छन् विज्ञ-विशेषज्ञहरूले। त्यसमाथि भक्तपुर सहरबाहिरका जमिन इँटा उद्यमका कारण माटो बढी झिकेर थिलथिलो भइरहेको अवस्था छ। यस प्रकारको भौतिक अवस्था भएको कारण प्रस्तावित ख्वप अस्पताल पानीका निम्ति रेन वाटर हार्वेष्ट (आकाशबाट परेको पानी सङ्कलन) गरी त्यसैलाई पूरा प्रशोधन गरेर पुनः प्रयोग गर्ने प्रविधिमा जानुपर्छ। यो पक्ष अस्पतालको नक्सा कोर्दा नै समेटिसकिएको होला। कथं त्यता ध्यान पुगेको रहेनछ भने पनि यो पक्ष थप

गर्नुपर्ला । यो विषयलाई हल्का होइन गम्भीररूपमा लिनेछ नगरपालिकाले भन्नेमा विश्वस्त छु ।

**रोटी थरिथरिका नेता थरिथरिका**

भक्तपुर नगरपालिका स्थानीय वासिन्दाहरूको आड भरोसा हो, कुनै सार्वजनिक सेवा आवश्यक परेमा र सो सेवामा सहज पहुँच नभए आफूले निर्वाचित गरी पठाएका प्रतिनिधिहरूसँग गुनासो गर्ने, सार्वभौम अधिकार प्रयोग गर्ने माध्यम नगरवासीका निम्ति नगरपालिका र गाउँवासीहरूका निम्ति गाउँपालिका नै हो ।


तसर्थ ती निकायमा जनता सीधै प्रवेश गर्ने अधिकार तत् वडावासीमा सुरक्षित मात्र रहँदैन अक्षुण्णसमेत हुन्छ । तसर्थ यो तह या पालिका तहलाई वर्तमानमा स्थानीय सरकार भन्ने संवैधानिक स्थितिले बाँधेको छ । तर, कतिपय नगरपालिका प्रमुख जसलाई कानुनी शब्दमा नगर प्रमुख या मेयर भनिन्छ र गाउँपालिका प्रमुखलाई पनि त्यसैगरी अध्यक्ष भनिन्छ । वस्तुतः उनीहरू स्थानीय सरकार प्रमुख हुन्, त्यो क्षेत्रका कार्यकारी प्रमुख हुन्, सङ्घीय भाषामा भन्ने हो भने प्रधानमन्त्री हुन्, स्थानीय सरकार प्रमुख भएकोले । अस्ति आइतबार प्रकाशित एउटा सातदिने खबर पत्रिकामा २० जना नेता, पूर्व सांसद, वर्तमान सांसद, प्रदेशसभा सदस्य, मेयर, गाउँपालिकाका अध्यक्ष, गत निर्वाचनमा सङ्घीय संसद्का उम्मेदवार, नेतापुत्रसमेतका हृष्टपुष्ट, उज्याला अनुहारका तस्बिर छापिएका छन् जसको कार्यक्षेत्र नदी दोहन, खोला दोहन, नदीजन्य पदार्थ वा वस्तु जथाभावी खनेर, खोस्रेर, जोतेर प्राकृत प्रकृति उपर बलात्कार गरेर पैसा कमाउनु भएको छ । ख्वप कलेजहरू सफल सञ्चालन गर्ने, ख्वप अस्पताल बनाउन अग्रसर भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापति पनि मेयर ! ती २० जनामध्ये पनि तीन मेयर, तीन अध्यक्ष ।

**एउटा लाज छोडेर सुखी हुने हो ?**

कति अन्तर भक्तपुरका स्थानीय सरकार प्रमुख र खोला, नदी, ढुङ्गे पहाड, बालुवाको ढिस्को, माटोका अग्ला भाग खारेर प्रकृति बेच्ने, सौन्दर्य बेच्ने, समृद्धि बेचेर आफू समृद्ध हुने पात्रहरूबीच । पञ्चायतको जमानामा केन्द्रस्तरका राजनीतिक पदका निम्ति प्रत्यासी हुन सम्बद्ध निर्वाचन क्षेत्रमा जग्गा र घर वा छाप्रै भए पनि हुनु अनिवार्य थियो । यी २० वटा आकृति हेर्दा र प्रकृति चरम दोहनका यिनका चर्तिकला हेर्दा समृद्ध नेपाल, सुखी नेपाली बनाउने प्रधानमन्त्री केपी शर्मा ओली सङ्कल्प कार्यान्वयन गराउन एक्जाभेटर, डोजर, प्रकृतिजन्य वस्तु बोक्ने ट्रक, टाटा, मिनिटाटा, ट्याङ्कर, ढुङ्गा टुक्र्याउने क्रसर मेसिनजस्ता जिनिस अनिवार्य हुनैपर्छ अन्यथा या त्यस्ता जिनिस नहुने व्यक्ति कुनै तहको पनि निर्वाचनमा प्रत्यासी बन्न योग्य हुँदैन भन्ने कानुन ल्याउन असम्भव छैन जस्तो लाग्छ यो कम्युनिष्ट नामको सरकारले । एउटा नीति छ 'त्यक्त लज्जा सुखी भवेत् ।' एउटा लज्जा त्याग्यो भने सुखी हुन्छ रे ! साँच्चै एउटा 'लाज' भन्ने अदृश्य वस्तु छ । त्यो छउञ्जेल मान्छे जे मन लाग्यो त्यो गर्न सक्दैन ।

लाजले छेक्छ, रोक्छ । त्यो लाज छाड्यो भने जे पायो त्यो गर्न पाइने भो । अनि सुखी भएन त मान्छे ? यो हो एउटा प्रक्षेपण । यस्तो भन्नै नहुने आधार भएकाहरूको हुनुपर्ने पार्टी, अनि त्यही पार्टीको सरकार – त्यो पनि प्रवल बहुमत भएको सरकार ख्वप विश्वविद्यालय नगरपालिकालाई सञ्चालन गर्न किन अनुमति दिन्थ्यो त ! यस अघिका सरकारहरू त झन् दुईतिरकै आँख्ला काटेका बाँसजस्ता । कसरी दिन्थे सहमति !

*(श्रमिक साप्ताहिक फागुन १४ बाट)*



# जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखं

## बुढीम्ह फ्याकाधों व वया मचा

छम्ह बुढीम्ह फ्याकाधों व वया मचा खा तैतगु चुके द्वाहाँ वना फुक खाचात स्यानाबिल । मचाम्ह फ्याकाधोंल आहे फुक खाचात स्यानापिं नया छ्वे धका धाल । झी भाग्य दत तर एनं झिसं थअगु पुँजी छकोलं फुका छ्वे मत्यो; छुं लेंका तया झी नए मालेव नअवे' धका बुढीम्ह फ्याका धोलं धाल । 'आम खँ जित सेने म्वा, हाकनं खा पुलां जुल धाएव साइ मखु अकिं जिंजा आहे नएफको नया छ्वे, झिसं थो यानागु बुंई चोपिंसं खन धाएवं झीत अवस्य अमिसं माला स्वइ' धका व अदप् मकाम्ह मचाम्ह फ्याका धोलं धाल । अले व मचाम्ह फ्याकाधोलं व खाया ला उलिमछिं नलकि आपा नगुलिं प्वाले थेंकहे घुसु न्हाना वने मफया घौ निघौलिपा व सिनावन ।

व बुढीम्ह फ्याकाधों भतिचा नया वन । लिपा हाकनं न वबले मनुष्यतसें वइत खना स्यानाबिल ।

'हेथिन्यागु वैश यानं दोष् दु अर्थात् मचातेनं दोष् दु बुढा बुढी तेनं दोष् दु । अथें तुं तुइगु भुती हाकुगु फुति दु, न्हिने स्या चानं दु; सुखया लि दुःख नं दु खनिं धका धया' व बुढीम्ह फ्याकाधों सित ।


(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

# मा.जगतसुन्दर मल्ल र उहाँका पुर्खाबारे एक इतिहास



ओम धौभडेल

शिक्षाको तीव्र विकास गर्ने हो अर्थात समाज विकासको लागि आवश्यक ज्ञानको प्रसार छिटो छरितो गर्ने हो भने सर्वप्रथम आफ्नो मातृभाषामा पठन पाठन गर्नुपर्छ भन्ने मान्यताका साथ नेपालभाषामा पढन पढाउन लागिपरेका मा.जगतसुन्दर मल्ल शिक्षा प्रचारकको रूपमा चिनिनु हुन्छ । उहाँको जन्म ने.सं.१००२ कार्तिक कृष्ण पक्ष पंचमी तदनुसार वि.सं.१९३९ कार्तिक १५ गते बुधबारको दिन भक्तपुरको खौमा टोलस्थित खौमा क्वाथमा बुबा कृष्णधर राजलवट र आमा जगतलक्ष्मीको कोखबाट जेष्ठ सुपुत्रको रूपमा भएको थियो । नेपालभाषा साहित्य र शिक्षाको प्रचारप्रसारमा उहाँको योगदानको कदरस्वरूप वहाँलाई नेपालभाषाको चारखम्बा मध्ये एक मानी ठूलो सम्मान गरेको छ । वहाँले बुध्द धर्मको प्रचारप्रसारमा गर्नु भएको योगदानलाई कदर गर्दै चीन जापानका बौध्द संस्थाहरूले आफ्नो मानार्थ सदस्यता प्रदान गरेको छ । जगतसुन्दर पछि तीन भाइ र तीनबहिनीहरूको जन्म भएको थियो । भाइहरूको नाम क्रमश मित्र सुन्दर मल्ल, पद्म सुन्दर मल्ल र जीतसिंह मल्ल हो भने बहिनीहरूको नाम विष्णुलक्ष्मी, विन्दूलक्ष्मी र अमृतलक्ष्मी हो । सानै उमेरदेखि जगतसुन्दर पढ्न साहै मन पराउनुहुन्थ्यो । तर भक्तपुरमा विद्यालय नभएको कारण पढ्नको लागि आफ्नो मामाको साथीको सहयोगमा तत्कालीन श्री ३ चन्द्र शमसेरको हुकुम प्रमांगीमार्फत् थापाथलीस्थित दरबार हाईस्कूलमा पढ्न पाउने भयो । त्यतिबेला सानै उमेरमा विवाह गर्ने चलनअनुसार ११ वर्षको उमेरमा भक्तपुर



मा.जगतसुन्दर मल्ल

तापालाक्षीका जनकमायासँग उहाँको विवाह भयो । दिनहुँ भक्तपुर काठमाण्डौ ओहोरदोहोर गर्न मुश्किल भएपछि काठमाण्डौं असनमा डेरा लिई बस्नु भयो । पढाईको क्रममा म्याट्रिक परीक्षा उतीर्ण गरेपछि थप पढाईको लागि भारतको कलकत्ता जानु भयो । तर घरको अवस्था कमजोर रहेको हुँदा बीचमै पढाई छोडी भक्तपुर फर्कनु भयो । घरमै विद्यालय खोली भाइ बहिनी र आफ्नत छिमेकीहरूलाई शिक्षा दिन थाल्नुभयो । विशेषगरि आफ्नै मातृभाषामा शिक्षा दिए चाँडै सिकिन्छ भन्ने मान्यतालाई अंगाली उहाँले नेपालभाषामा पढाउनु हुन्थ्यो । त्यसको लागि उहाँले इसपं दयेकतगु बाँख नामको पुस्तक नेपाल भाषामा अनुवाद गरी प्रकाशित गर्नुभयो । त्यतिबेला उहाँको उमेर भर्खर तीस नाघेको थियो । तत्कालीन समयमा पढ्न लेख्न शासकहरूको अनुमति चाहिन्थ्यो । अझ नेपालभाषामा लेखेको पुस्तक त कोही पनि पढ्न चाहँदैनथे । यस्तो अवस्थामा पनि जगतसुन्दरले आफूले अनुवाद गरेको पुस्तक अरुलाई पढ्न बरु सित्तैमा दिनु हुन्थ्यो ।

यसैबीच उच्चशिक्षा हासिल गर्न माहिलो भाइ पदम सुन्दर मल्ल सित उहाँ जापान जानुभयो । आफ्नो पुर्खाहरूको कमलपुरको मौजा बेची जापान गएका थिए । कलकत्ता बन्दरगाहबाट दाजुभाइ दुवै सन १९१५ अप्रिल २३ का दिन जापान लागे । पानीजहाजबाट टोकियो पुग्न एक महिना लाग्यो । मे महिनाको २५ तारिखमा जापानको राजधानी टोकियो पुग्गे । तर जापानको पढाइ खर्च धान्न नसकेपछि भाइलाई मात्र उतै पढने ब्यवस्था गरी जगतसुन्दर नेपाल नै फर्कनु भयो । नेपाल फर्कने क्रममा पेकिङ, क्यान्टन, नानकिङ आदि शहर हुँदै कलकत्ता पुग्नुभयो । कलकत्ताबाट दरभंगा हुँदै नेपाल आउने क्रममा उहाँ पक्राउ पर्नुभयो । सोधपुछको लागि उहाँलाई जेल हाले । तर कुनै अभियोग पुष्टि हुन सकेन । दुई महिनापछि छुट्नुभयो । यता भक्तपुर आएपछि त तत्कालीन समयका समाजका अगुवाहरूले जातबाट पतित भएको भन्दै पुरोहित मार्फत शुध्दाशुध्दि गर्नुपर्ने अडानमा पुगे । तर यस्ता कुसंस्कारहरूको विरोधमा लाग्दै समाजसित विद्रोह गर्न उहाँ अघि सर्नुभयो । यसको असर आफ्ना भाइबहिनीहरूको विवाह यहाँका उच्च भनिने जातकाले गर्न आनाकानी गरे । यसको विरुद्ध तत्कालीन नितीकुति भन्दा अघि सरेर उचनीच नभनी भाइबहिनीहरूको विवाह गरिदिनुभयो । त्यसबखत मुसुरो, गोलभेँडा, कुखुराको मासु, अण्डा, प्याज, लसुन खानु त के घरमा भित्र्याउनु समेत हुँदैनथ्यो ।

यसलाई चुनौती दिई उहाँले यस्ता चीजबीज घरमा ल्याई खान थाल्नुभयो। तत्कालीन समयका गुठी ब्यवस्थामा नामूद लायल गुठीमा समयअनुसार परिवर्तन ल्याउन कदम उठाउन लाग्दा गुठीयारहरू उहाँ विरुद्ध खनिन थाले। फलस्वरूप उहाँ गुठी जान नै छोडिदिनुभयो। किनभने उहाँ तत्कालीन समाजभन्दा उहाँ एक कदम अगाडि हुनुहुन्थ्यो।

विशेषगरि उहाँले शिक्षित समाजको लागि नेपालभाषा, नेपाली भाषाका साथ अंग्रेजी भाषामा समेत किताबहरू लेख्नुभयो। उहाँका हालसम्म प्रकाशित पुस्तकहरू यसप्रकार छन्–

१. ईसपं दयेकतगु बाँख (नेपालभाषा)
२. इङ्लिश ग्रामर इन पर्वतिया (नेपाली भाषा)
३. नेपाली अंग्रेजी फस्ट बुक (नेपाल भाषा)
४. गोर्खाली अंग्रेजी फस्ट बुक (नेपाली भाषा)
५. गोर्खाली भाषाको ईसपका सबै कथाहरू (नेपाली भाषा)
६. सुगम बोध गणित (नेपाली भाषा)

त्यस्तै उहाँका अन्य पुस्तकहरू अझ पनि अप्रकाशित छन्। उहाँका प्रकाशित हुन बाँकी पुस्तकहरू–

१. पिटर पार्लि ग्रीस र रोमका कथाहरू
२. अंग्रेजी नेवा भायया शब्दकोश
३. नेवाभाय अंग्रेजीयागु शब्दकोश
४. स्वस्थानी धलं नेपाल भाषा गोमयजुया बाखँ
५. डेरिभेटिभ्स् नेपाल भाषा।

यसरी वहाँले विभिन्न विदेशी पुस्तक नेपालभाषा र नेपालीमा अनुवाद गर्नुभयो। तर तत्कालीन शासकहरू जनतालाई शिक्षा र चेतना दिने कार्यका घोर विरोधी थिए। विशेषगरि राणा चन्द्र शम्सेरको आँखाको नजरमा अपराधी ठहरिन पुग्दा जगतसुन्दर मल्लले ठूलो मूल्य चुकाउनु पऱ्यो। परिणामत पटक पटक जेलनेल सहनु पऱ्यो। कहिले सम्पत्ति जफत गर्ने, कहिले नेपाल छिर्न नदिने, कहिले नेपाल भञ्ज्याङ बाहिर जान नदिने जस्ता यातना दिन थाले। यसैबीच चरम आर्थिक समस्याले जगतसुन्दर मल्लले आफ्नो बाबुबाजेको पैतृक सम्पत्ति समेत बेच्न बाध्य हुनुपऱ्यो। तर पनि आफ्ना भाइबहिनीहरूलाई आधुनिक शिक्षा दिन अलिकति पनि पछि हट्नु भएन। त्यतिमात्र हैन आफ्ना छरछिमेकी आफ्नतहरूलाई समेत आफै शिक्षा दिनुभयो। आफूले अनुवाद गरेका र लेखेका पुस्तकहरू आफै असन भोटाहिती मा बाटो बाटोमा बिक्री गर्न पुग्नुभयो। कयौं पटक त उहाँले निःशुल्क पुस्तक वितरण गर्नुभयो।

तर जीवनको अन्तिम समयसम्म पनि आफ्नो मातृभाषाको लागि संर्घष गर्दै रहेका जगतसुन्दर मल्ल आफ्नो अडानमा अडिग नै रहनुभयो। यसैबीच २००७ सालमा राणाशासन पतन भई देशमा प्रजातन्त्र आयो। तर त्यही राणाहरूको रवैयाको कारण उहाँ विक्षिप्त हुनुभयो। त्यसैको फलस्वरूप २००९ साल श्रावण १४ गते पशुपति आर्यघाटमा उहाँले यो संसारबाट बिदा लिनुभयो।

कवि चित्तधर हृदयका अनुसार मा. जगत सुन्दर मल्ल ती पहिलो ब्यक्ति हुन्, जसले मल्ल वंशको पतन पछि पहिलो पटक मल्ल थर राखे। वि.सं. १८२६ मा मल्ल वंशको पतनपछि मल्लहरू राजनैतिक रूपले पतन भयो। राज्यका उत्तराधिकारी मल्लहरू त कैदमा नै परे। कयौं विस्थापित भए। भक्तपुरमा नै रहेका अरु कयौं मल्लहरूले आफ्नो थर परिर्वतन गर्न वाध्य भए। प्रधानांग, धवा, नायजु, सिंह, राजलवट यसैबेला देखिएका मल्लहरू हुन्। यसैबीच जगतसुन्दर मल्लको पुर्खाबारे खोज एक महत्त्वपूर्ण विषय बन्न आउँछ। यहाँ कृष्णधर राजलवटका छोरा जगतसुन्दरले राजलवटको सट्टा किन मल्ल राखे यसबारे खोजविन चासोको विषय बन्न आउँछ। जीत मल्लको सम्वन्धमा धेरै तथ्य प्रकाशमा आइनसकेता पनि यहाँनेर यिनले ठाउँठाउँमा आफ्नो कीर्ति राख्ने गरेको देखिन्छ। विशेषगरि भक्तपुर तलेजु भित्र तत्कालीन राजाहरूको मात्र कीर्ति राख्ने गरेकोमा भक्तपुरका राजाहरूले झैं जीत मल्लले तलेजुमा सुनको झ्याल राखी आफ्नो नाम उत्किर्ण गर्न सफल भएको छ। उनले ने.सं.६७३ मा तलेजुमा सुनको झ्याल राख्न लगाउँदा उनका दाजु प्राण मल्ल जीवितै थिए। जीत मल्लको उल्लेख सबैभन्दा पछि ने.सं. ६७४ माघकृष्ण चतुर्थीको छ। जतिबेला भक्तपुरका राजा आफ्नै भतिजा विश्व मल्लको पनि नाम परेको छ। जीत मल्लको मृत्यु कहिले भयो, अहिलेसम्म अपुष्ट नै छ। तर ने.सं. ६७९ आश्विनमा त्रैलोक्य मल्ल र त्रिभूवन मल्ललाई अगाडि सारी गंगा रानी सत्तामा आएपछि भक्तपुर दरबारमा आफ्नो हक खोज्दै गरेका प्राय:लाई पाखा लगाएको देखिन्छ। जीत मल्लको मृत्युपछि उनका छोरा प्रभु मल्लको नाम कतै आएको देखिँदैन। त्यसो त यसअघि ने.सं.६६८ मा चाँगु र पशुपतिमा राखेको दुइटै ताम्रपत्रमा जीत मल्ल प्रभू मल्ल बाबु छोराको नाम परेको छ। बरु ने.सं. ६९७ मा कल्याण मल्लको नाम आएको छ। कल्याण मल्ल को हुन् अहिलेसम्म कसैले ठम्याउन सकेको छैन। यदि यी पंक्तिकार गलत नठहरिए उनी अरु कोही नभई यक्ष मल्लका पनाति, राम मल्लको नाती वीर मल्लको छोरा हो। पहिलो पटक कल्याण मल्लको बारे यहाँ उल्लेख गरेको छु। उनको नाम ने.सं. ६६८ मा चाँगु र पशुपतिको ताम्रपत्रमा परेको छ। अन्तिम पटक ने.सं. ६९७ पसाद चतुदर्शीको दिन आएको छ। त्यो दिन उनको मृत्यु भएको उल्लेख छ। तर त्यतिबेलासम्म उनी

भक्तपुर दरबारको थकाली भएबाट जीत मल्लको मृत्यु भैसकेको पुष्टि हुन्छ। त्यतिबेला भक्तपुर दरबारमा त्रैलोक्य मल्ल थकाली भएबाट भक्तपुर दरबार तथा तलेजुमा लामो समयपछि राजा नै थकाली बन्ने अवसर आयो। यही अवसरलाई महात्वाकांक्षी गंगा रानीले सदुपयोग गरी भक्तपुर अर्थात त्रिपुरमाथि दाबी गर्नेहरूलाई पाखा लगाइदिइन्। त्यसो त त्रैलोक्य मल्लसित उनकै आफ्नै भाइ त्रिभुवन मल्ल काँडासरि अवरोध नभएको होइन। तर पनि राय मल्लको समयदेखि भक्तपुर दरबारमा रहेका भाइ भारदारहरूलाई दरबारबाट छुटाउँदै लग्ने क्रममा जीत मल्ल पछि उनका छोरा प्रभु मल्ललाई खौमा क्वाथ बनाई क्वाथ नायकको रूपमा स्थान दिए। क्वाथ नायकको रूपमा स्थान मिलेपछि तिनीहरूको नाम पछाडि सिंह जोडिन पुग्यो। एकताका भक्तपुर दरबारमा देखिएका ललितसिंह भारो, अमरसिंह भारो, दर्व्वसिंह भारो प्रभु मल्लकै सन्तान हुनसक्ने प्रबल सम्भावना छ। यिनीहरू पछि भक्तपुर दरबारमा देखिएका पूर्ण सिंह भारोलाई जगतसुन्दर मल्लको पुर्खा मानिएको सर्न्दभमा यो अत्यन्त सत्यताको नजिक पुग्छ। त्यसो हो भने भक्तपुर दरबारमा मल्ल शासकहरूसित देखिएका यी भारदारहरू उनीहरूकै दाजुभाइका सन्तान ठहरिन्छ। यिनीहरूको दवदवा अन्तिम राजा रणजित मल्लको समयसम्म पनि रहेको देखिन्छ। रणजित मल्लको समयमा देखिएका जयसिंह र कृष्णसिंह जस्ता चौक्वाथ भण्डिल शक्तिशाली भारदार हुन्। यिनीहरूको राज्यप्रतिको देशभक्ति भावनाले गोरखालीहरूको केही लागेन। वि.सं. १८२६ कार्तिकमा भक्तपुर आक्रमण गर्न आउँदा खौमाक्वाथले सुरक्षा गरेको क्वाथको अगाडि गोरखाली सेनाको केही लागेन। अर्थात नगरको पश्चिमको इटाछे ढोका केही गर्दा पनि खोल्न सकेन। तर पनि भक्तपुर दरबारकै केही भारदारहरूले पूर्वको च्याम्हासिंह ढोका खोली दिएपछि गोरखाली सेनाले नगरभरि ताण्डवनृत्य देखाउने क्रममा आफूहरूले पहिला खोल्न नसकेको इटाछे ढोका वरपरको किल्लामा आगो लगाइदिए। गोरखालीहरूले भक्तपुर कब्जा गरिसकेपछि केही समयको इतिहास अस्पष्ट छ। यसबारे बोल्न अध्ययनको ठूलो खाँचो छ। तर त्यसको करिव २० वर्ष पछि यही खौमा क्वाथका महिन्द्र सिंहले भक्तपुर इन्द्रायणी स्थानमा पाटी बनाएको प्रमाण छ। महिन्द्र सिंह तत्कालीन समयको क्वाथ नायकका छोरा हुनसक्छ। यसको केही वर्षपछि यही इन्द्रायणीस्थानको पल्छितिर राखेको अर्को शिलापत्रमा चुकुधिं र भिमलक्ष्मी स्त्री-पुरुषको नाम परेको छ। यिनीहरू पनि खौमा क्वाथकै सदस्य हुनसक्ने प्रबल सम्भावना छ। यता ने.सं.९६३ को सोही स्थानको अर्को एक शिलापत्रमा त खौमा क्वाथका राजलवट रत्नमणिको नाम स्पष्ट परेको छ। यहाँसम्म पुग्दा मल्लबाट सिंह हुँदै राजलवट भएको पुष्टि हुन्छ। यसमा पनि एकथरि त क्वाथ नायकबाट पछि नायजु बन्न पुग्यो। रत्नमणि राजलवटका बुबाको नाम विष्णु रहेको देखिन्छ। बिष्णुका सात छोराहरू रहेकोमा जेठा रत्नमणि भक्तपुर खौमामा नै रहेको र उनका भाइ वीरमणि नगदेशतिर लागेको देखियो। यिनै विष्णुको विषयमा जगतसुन्दर मल्लका पुर्खा भएको प्रमाण त स्वयं जगतसुन्दर मल्लको परिवारले बनाएको वंशावलीबाट पनि ठ्याक्क मिल्न आउँछ। उता नगदेशमा लागेका वीरमणिले पनि आफ्नो बुबा विष्णु रहेको उल्लेख गरेको छ। यिनै रत्नमणिका भाइ वा छोरा वीरमणि नगदेशतिर बस्न पुगे। नगदेश पुगेकाले प्रधानाङ्ग थर राख्न पुगे। यही रत्नमणिको कुलमा जगतसुन्दर मल्लको जन्म भएको देखिन्छ। हाल पनि यिनीहरू सबैको साना ठूलो पूजा गुठीमा उही इन्द्रायणीदेवी कहाँ पूजा गर्ने चलन बाँकी नै छ।

यिनै कुलमा रत्नमणिका छोरा नन्दलाल रहेको देखिन्छ। यिनका दुई छोराहरूमा कान्छा छोरा विष्णुधर र उनकी धर्मपत्नी जगतलक्ष्मीको जेठा छोराको रूपमा जगतसुन्दर मल्लको जन्म भएको हो। आफ्ना पूर्वज मल्ल भएको इतिहासबाट परिचित जगतसुन्दरले आफ्ना बाबुबाजेले राखेको राजलवट नराखी मल्ल राख्दै जगतसुन्दर मल्लको नामले नेपालभाषामा शिक्षाको प्रचारप्रसारमा महत्त्वपूर्ण योगदान दिंदै अमर रहे।

**सर्न्दभ स्रोतहरू**


१. 'पूर्णिमा' अङ्क ९७, वर्ष २५ अङ्क १
२. ख्वपया बाहाबही, मैत्रैय युवा संघ, ख्वप, ने.सं. ११२४
३. 'भक्तपुर' मासिक अङ्क २६४
४. भक्तपुर शिलालेख सूचि, शंकरमान राजवंशी
५. 'पासुका' अङ्क वर्ष
६. रामजी प्रधानाङ्को वंशवृक्षबाट
७. जगतसुन्दर मल्लको वंशवृक्षबाट
८. 'तलेजु' स्मारिका २०७५


c1fgLxÊ /fHubl]v 8/fpF5g\
dVx{Ê /fHunf0{a]f:tf u5g\
al4dfgxÊ /fHubl]v ;ts{/xG5g\
;kmf ug{[afgL a;fnf}+
/fHubl]v 6f9f a;f}+.


# उस्ताद विवेकदाश सचीन - एक चिनारी

जननी प्रसाद मूल



उस्ताद विवेकदाशको जन्म भक्तपुर नगरपालिका वडा नं. ६ इनाचो टोलको एक मध्यम वर्गीय परिवारमा भएको हो। वहाँ माता सहीलक्ष्मी र पिता गोविन्ददाश साचीनको पहिलो सुपुत्रको रूपमा विक्रम सम्वत १९६६ साल भाद्रमा जन्मनु भएको हो। वहाँले प्रारम्भिक शिक्षा स्थानीय गुरुजनहरू र पछि स्थानीय प्राथमिक पाठशालाबाट कक्षा ७–८ सम्म हासिल गर्नुभयो। सुन्नमा आएअनुसार वहाँमा विद्यालयतर्फको शिक्षा हासिल गर्ने भन्दा पनि बालककाल देखिनै नाच–गान–बजानतर्फ बढी रुची राख्नु हुन्थ्यो। त्यसैको फलस्वरूप वहाँ बालककालदेखि कतै बाजा बजिरहेको र कतै गाना गाइरहेको सुने त्यसैमा लठ्ठ परी अनायास त्यसै तालमा आफू नाच्ने गर्नुहुन्थ्यो। सायद प्रकृतिले नै वहाँलाई त्यसतर्फ बढी रुची राख्ने वरदान दिएको हो कि भन्ने पनि जनश्रुति छ। त्यसैको फलस्वरूप वहाँ गुरुहरूको कृपाबाट पछि नाच गान बजानतर्फ विशेष प्रतिभावान भै हुर्कंदै जानुभयो। वहाँले बजाउनु हुने बाजाहरूमा विशेष गरी सीतार, तबला, बेला र हार्मोनियम थिए। ती बाजाकासाथ गाइने गाना र नाटक र नृत्यहरूमा गरिने अभिनयबाट दर्शकहरू धेरै प्रभावित हुन्थे। यसरी नै वहाँले १६, १७ वर्षको उमेर पार गर्नुभयो।

एक दिन पशुपतिमा वहाँ आमासँगसँगै भजन गरिरहनु हुँदा संयोगले त्यसै दिन पशुपतिनाथको दर्शन गर्न ....पाल्नु भएका एक संङ्गीतका उस्तादले देख्नु र सुन्नु भएछ। वहाँलाई विवेकदाशको स्वर छुट्टै र मिठो लागेछ। वहाँको गायन कलाबाट उस्ताद ज्यादै प्रभावित हुनुभएछ। र वहाँले यो केटामा माता सरस्वतीकै बरदान रहेछ, यस्ता केटालाई प्रोत्साहन दिनसके पछि प्रतिभावान तारा भैं चम्किने सोच्नुभयो। वहाँले विवेकदाशलाई आफूतिर बोलाई तिमी मसँग आउँछौ भनी सोध्नु भयो। घरमा माता पितासँग स्वीकृति लिनु म तिमीलाई आफुसँगै भारत लगी शास्त्रीय गानतर्फ सक्दो बढी ज्ञान प्रदान गर्ने कुरा गर्नुभयो। ती भारतीय उस्तादको त्यस्तो वचन सुनी विवेकदाशलाई  के खोज्छस् आँखा जस्तै भयो। वहाँलाई त मानौ इश्वर नै भेटेजस्तो भएछ। घरमा गई माता पितासँग भारतीय उस्तादसँग भारतमा संङ्गीत सिक्न जानेबारे कुरा राख्दा माता पिताले पनि यदि उनको कल्याण हुन्छ भने ठीकै छ भनी स्वीकृति दिनु भएछ। विवेकदाशलाई ती भारतीय उस्तादले आफ्नो निवास भारतको ग्वालिएरमा लगेछ।




वहाँलाई कुनै विद्यालयमा भर्ना नगरी ग्वालिएर संङ्गीत महाविद्यालयमा संचालित पूर्वी सभ्यता अन्तरगतको उत्तर भारत संङ्गीत पद्धतिको पाठ्यक्रमअनुसार वहाँलाई आफ्नै छोरा जस्तै मानी घरैमा शास्त्रीय संङ्गीतका अनेकन ज्ञान दिनुभएछ।

विवेकदाशले पनि गुरुको अतिरिक्त आफ्नै पिता जस्तै मान सम्मान गरी केही वर्ष वहाँकै घरमा बसी शास्त्रीय संङ्गीतको शिक्षा हासिल गर्नुभयो। गान बजानमा विशेषगरि, तबला, सितार, बेला र हार्मोनियमकासाथ राग सम्बन्धी ज्ञान हासिल गरी नेपाल फर्कनु भयो। त्यसपछि

**विशिष्ट व्यक्तित्वको परिचय**

**नाम :** उस्ताद विवेक दाश

**जन्म मिति :** वि. सं. १९६६

**जन्म स्थान :** इनाचो, भक्तपुर

**मातापिता :** गोविन्द दास सचिन, राम दास (हजुर बुवा)

**श्रीमती :** तीर्थमाया सचिन (कान्छी)


**शिक्षा दीक्षा :** ग्वालियर, भारत (संगीत शिक्षा)

**कर्म क्षेत्र :** संगीत, गायन तथा वाद्य वादन (सितार वादनमा अब्वल)

**प्रमुख कृति :** भारतको यूपीबाट प्रकाशित 'संगीत' नामक हिन्दी मासिक पत्रिकामा शास्त्रीय राग सम्बन्धी विभिन्न लेख प्रकाशित ।

**समाजको लागि योगदान :** रेडियो नेपाल र सास्कृतिक संस्थानमा कार्यरत भक्तपुरमा वहाँका चेलाहरू- शिवधरा नन्द बैद्य (गोलमढि), काकाभाई मानन्धर, नरेन्द्र बाताजु (सितार वादक हाल फ्रान्स), जननीप्रसाद मूल ।

वहाँको घरजम भएको रहेछ । नेपालमा बस्दा पनि वहाँ त्यसै गान बजान कार्यमा व्यस्त हुनुभयो । त्यतिबेला कुनै डिग्री प्राप्त गर्ने भन्दा सबैको व्यावहारिक ज्ञान र सीप वृद्धि गर्नेमा ध्यान केन्द्रित हुन्थ्यो । त्यसै कारण वहाँमा शास्त्रीय संङ्गीतको ज्ञान र वाद्य वादनमा एक प्रतिभावान व्यक्ति हुनुभयो । तर कुनै उल्लेखनीय शैक्षिक डिग्रीको प्रमाणपत्र नभएको कारणले नेपालमा पछिसम्म पनि कुनै उच्च ओहदा (पद) पाउनु भएको रहेनछ । कुनै ठूलो जागीर नपाए पनि वहाँ प्रतिभावान व्यक्ति हुनुहुन्छ । वहाँले शास्त्रीय गान वा सितार वादन गर्नु हुँदा, सितिमितिका तबला वादकले वहाँसँग टिकेर बजाउन धेरै कठिन हुन्थ्यो । त्यस्तै प्रतिभा देखेर उहिले राणाहरूले विवेकदाशलाई 'बागमति पूर्वका उस्ताद' मान्दथे । वहाँको जीवन त्यसरी नै बितिरहेको थियो । कालगतिले वहाँको श्रीमतीको २ छोरी २ छोराको जन्म दिएर निधन भयो र करीब २ वर्ष जति पछि वहाँको दोश्रो विहे भयो । त्यसको १ डेढ वर्षपछि भारत ग्वालिएरका आफ्ना गुरुको देहान्त भएको खबर पाई वहाँ भारत जानुभयो । केही महिना ग्वालिएर बस्नुहुँदा, वहाँले आफ्नो स्वर्गीय गुरुकै चेलाको रूपमा भारतको विभिन्न स्थानहरूमा भएको कार्यक्रमहरूमा गान बजान प्रस्तुत गर्दै दक्षिण भारत बैंगलोरसम्म पनि पुग्नुभयो । त्यसैताका यता नेपालमा वहाँको दोश्रो पत्नी आफ्नो सानी छोरी साथै लिई अन्तै लागेछन् । सो खबर पाई वहाँ भारतबाट नेपाल फर्की वीरगञ्जतिर २ वर्ष जति बसी भक्तपुर आउनुभयो । संगीत प्रेमी केही व्यक्तिहरूलाई संङ्गीत सिकाउने कार्य गर्नुभयो । आर्थिक अवस्था कमजोर भएको कारणले छोराछोरीलाई हुर्काउन, पढाउन वहाँलाई धेरै कठिन भयो । बेलाबेलामा संङ्गीतका सोखिन राणाहरूको दरबारमा गई शास्त्रीय गान बजान प्रदान गर्दा राणाहरूले खुशी भै केही नगद बक्सीस पाउने गरेकोबाट जीवन चलाउँदै जानुभयो ।




'संगीत' मा प्रकाशित रचना

घरमा पहिलो श्रीमतीको तर्फबाटका मातृ विहीन छोरा छोरीहरूको हेरविचार गर्ने पनि कोही नभएकोले वहाँले बनेपातिरका तीर्थमाया नामकी महिलासँग तेश्रो घरजम गर्नुभयो । घरको अवस्थाको कारण वहाँले घरमै बसी सानुतिनु काम गरी जीवन धान्न थाल्नुभयो । तर जस्तोसुकै दुख कष्ट सहेर पनि आफूसँग भएको ज्ञान अरुलाई सिकाउने कार्य गर्न छोड्नु भएन । वहाँका शिष्यहरू त धेरै छन् ती मध्ये पछिल्लो पिंढिका शिष्यहरूमा शास्त्रीय गानतर्फ स्व.काका भाइ मानन्धर, जननीप्रसाद मूल, तबला बादनतर्फ संघरत्न शाक्य, सीतार बादनतर्फ स्व.नरेन्द्र बाताजु, सीतार र तबला बादनतर्फ शिवधरानन्द वैद्य हुन् ।

संगीतप्रतिको वहाँको समर्पण र प्रतिभा अनुसार ठूलै ओहदाको जागीर पाउनु पर्ने हो । तर संङ्गीतबारेको कुनै डिग्री वा प्रमाणपत्र नभएको कारणले योग्यता र क्षमता अनुसारको कुनै नोकरी पाउनु भएन । तर वहाँको प्रतिभालाई कदर स्वरूप रेडियो नेपाल र सांस्कृतिक संस्थान अन्तरगतको राष्ट्रिय नाचघरमा राजपत्र अनङ्कित द्वितीय श्रेणी प्राविधिक खरिदारको जागीर पाउनुभयो । त्यसैमा संतोष मानी वहाँले संगीत क्षेत्रको सेवा गर्नुभयो । यद्यपि कहिलेकाहिं आफूमा भएको व्यावहारिक ज्ञान अनुसारको पद नपाएकोमा मन खिन्न पारी नैराश्यता व्यक्त गर्नुहुन्थ्यो । त्यसै नैराश्यताले वहाँमा मानसिक अर्थात मनोरोग देखापऱ्यो । पछिबाट दम रोग समेत लागि २०३३ सालमा सतसठी वर्षको उमेरमा वहाँको देहान्त भयो ।

यसरी शास्त्रीय गानका एक मुर्धन्य तारा 'बागमति पूर्वका उस्ताद' विशेषणले ख्याती प्राप्त उस्ताद विवेकदाश साचीनको जीवन परिचयबाट जस्तोसुकै दुःख-कष्ट अठ्यारोमा पनि आफूमा भएको ज्ञान र सीप नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्छ भन्ने शिक्षा प्राप्त गर्न सकिन्छ ।

# tGq / gJf/



डा. वीरेन्द्रप्रसाद कायस्थ

'तनु विस्तारे' धातुबाट तन्त्र शब्द निष्पन्न हुन्छ । 'सर्व धातुभ्योस्टन' यस सूत्रका अनुसार 'स्ट्रन' प्रत्यय लागेर तन्त्र शब्दको निर्माण हुन्छ । 'तन्यते विस्तार्यते ज्ञानमनेन इति तन्त्र' अर्थात ज्ञानलाई विस्तार गर्ने शास्त्र नै तन्त्र हो । ज्ञान विज्ञानमा मात्र होइन यज्ञका विधानमा तन्त्रको उत्तिकै महत्त्वपूर्ण स्थान छ । जस्तै सत्ययुगमा वीरबलभद्र महकालीले अशोमेर यज्ञमा तन्त्रबाट बलि दिएका बोकाको टाउको दक्ष प्रजापतिलाई जोडेर प्राण-दान दिएको पुराणहरूमा वर्णन गरेको पाइन्छ ।

नेपाल अति प्राचीनकालदेखि तन्त्रप्रधान देशको रूपमा परिचित हुँदै आएको छ । तन्त्रको अर्को नाम आगन हो । तन्त्रशास्त्रका प्रणेता भगवती सतीदेवी हुन् । भगवती सतीदेवीबाट पाएका उपदेश सर्वप्रथम शिवले परमशक्ति पार्वतीलाई दिएका थिए । अथर्ववेदमा तन्त्रलाई मारण, मोहन, उच्चातण र वशीकरण आदि भनी उल्लेख गरेको पाइन्छ । तैपनि शिवले लोकहितको लागि तन्त्र र यन्त्रविद्या यो लोकलाई दिएको पाइन्छ । यसप्रकार तन्त्र शास्त्रको आधार शिव-पार्वतीलाई मानिन्छ । शास्त्रमा वर्णन गरेका ४ युगमध्ये कलियुग अन्तिम युग हो । यो युगमा तन्त्रशास्त्रलाई एकमात्र सिद्धिदायक भनिएको छ ।

तन्त्रशास्त्र एक स्वतन्त्र विद्या हो । यस शास्त्रमा मुख्य आराध्यदेवी दश मानिन्छन् । यिनलाई दश महाविद्या भनिन्छ । सत्ययुगमा दक्ष प्रजापतिको यज्ञमा हठात् जान लागेकी सतीदेवीलाई शिवजीले रोक्न खोज्नुभयो । त्यो समयमा शिवदेखि दश दिशाबाट उम्कन खोज्ने सतीदेवीको अवतार मानिएका दश देवी नै दश महाविद्या हुन् । दश महाविद्या भन्नाले (१) काली २) तारा ३) षोडशी ४) भुवनेश्वरी ५) छिन्नमस्ता ६) भैरवी ७) धुमावती ८) बगलामुखी ९) माताङ्गी र १०) कमला हुन् । यी महाविद्याका आ-आफ्नै मन्त्र, पूजापद्धति, ध्यान, न्यास, स्त्रोय, पुरश्चरणहरू छन् ।

माथि उल्लेखित सबै भगवतीहरू नाम, रूप र कार्यका कारण भिन्दा-भिन्दै देखिए पनि आखिरमा परब्रम्हामस्वरूपा भगवती भने एक नै छिन् । यी परमब्रम्हास्वरुपा भगवती कहिले नवदुर्गा, कहिले दशमहाविद्या, कहिले अष्टमातृका बनेर लीला गर्दछिन् । विषयवस्तुका दृष्टिले समस्त **तन्त्र शास्त्रलाई तीन भागमा विभाजन** गरेका छन् । ती हुन्-

१) **आगम-** बाराही तन्त्रअनुसार जस्मा सृष्टि, प्रलय देवताको पूजा, सत्कार्य साधना, पुरश्चरण, षट्कर्म साधना र चार प्रकारका ध्यान योग भएको शास्त्रलाई आगम भनिन्छ ।

२) **यामल** - सृष्टि तत्व, ज्योतिष नित्यकृत्य, वर्णभेद र युग धर्म वर्णन गरेका हुन्छन् । त्यसलाई यामल भनिन्छ ।

३) **मुख्य तन्त्र-** सृष्टि, प्रलय, मन्त्र, यन्त्र, निर्णय, तीर्थआश्रम, धर्म व्यवहार र आध्यात्मिक नियम वर्णन गरेका हुन्छन् ।

युगअनुसार तन्त्रशास्त्रको लोकोपयोगिता एवं लोकप्रियता धार्मिक मतान्तरमा परिणत भएर अलग-अलग तन्त्रका ग्रन्थहरू निर्माण भए । तीमध्ये ब्राम्हण तन्त्र, बौद्ध-तन्त्र र जैन तन्त्रका रूपमा तन्त्रशास्त्रको परम्परा निरन्तर भएर गयो । उपासना पद्धति र उपास्थ देवीको भिन्नताको कारण एउटै तन्त्रशास्त्र अनेक वर्गमा विभाजित भयो । उदाहरणको लागि एउटै ब्राम्हण तन्त्र, सौर तन्त्र, गाणपत तन्त्र, वैस्णव तन्त्र, त्यसैगरी शैव तन्त्र र शाक्त तन्त्र आदि अनेक शाखाहरूमा विकसित भए । सौरमत र गाणपतमत प्राचीन भए पनि यथास्थितिमा रहे । वैष्णव तन्त्र, शैव तन्त्र र शाक्त तन्त्रहरूको परम्परा धैरै विकसित रूपले अघि बढे । यिनीहरूका धेरै ग्रन्थहरू प्रकाशित भए ।

नेपाल तपोभूमी र शक्तिसाधनाको लागि बहुपयुक्त देश हो । यस भूमिका तन्त्र विज्ञानका हाम्रा अग्रज साधकहरू बन्धुदत्त आचाजु, ज्ञानानन्द स्वामी, नृसिंह ठाकुर, लम्वकर्ण भट्ट, जामुन गुभाजु, राजा प्रताप मल्ल, राजा प्रताप सिंह, राजा रणबहादुर शाह, उपेन्द्रविक्रम साहेबज्यू, महामात्य नवमी सिंह, पं. दुर्गानाथ अधिकारी, रथी धनसमशेर जवरा, पं. कृष्णप्रसाद भट्टराई, सुनद कर्माचार्य, अग्निहोत्र राजोपाध्याय, गयो जुजु, विश्वनाथ राजोपाध्याय र काजिमान आचाजु आदि विशिष्ट तन्त्रमर्मज्ञ तथा साधकहरूले यो देशको शाक्त परम्परालाई परमोज्वल गराएका थिए । वर्तमान समयमा पनि लेखकले नाम थाहा नपाएका तन्त्र मर्मज्ञ तथा साधकहरूले नेपालको विशिष्ट तान्त्रिक परम्परालाई अक्षुण्ण राख्ने सत्प्रयास गरिरहनुभएको छ ।

प्राचीन समयमा तान्त्रिक पद्धतिअनुसार नै यो देशलाई सुरक्षित र वैभवपूर्ण गराउन **काठमाण्डौलाई खड्गाकृति, पाटनलाई चक्राकृति र भक्तपुरलाई शंङ्खाकृति** वा

डमरु आकृति गराई निर्माण गरिएको थियो।

तुलजा भगवतीको साक्षात दर्शन पाउने राजा प्रताप मल्ल, भक्तपुरका राजा जगज्योति सधैं तुलजा भवानीसँग पर्दाभित्र र बाहिर बसी पासा खेल्थे। प्राण प्रतिष्ठा गरिएका हनुमानढोकाका हनुमानलाई कुपुकुपु लड्डु ख्वाउने लम्वकर्ण भट्ट। टुँडीखेलस्थित महाङ्काललाई नेपालको कान्तिपुरमा बस्न राजी गराउने तात्कालिक तान्त्रिक, टौमढीको भैरवलाई टौमढीमा नै बस्न राजी गराउने तात्कालिक तान्त्रिक, मैतीदेवीको साक्षात दर्शन पाउने चौतरिया छत्रविक्रम शाह आदिको जनश्रुतिलाई कसैले काल्पनिक र कसैले असत्य घटनाको रूपमा हेर्लान् तर तन्त्रशास्त्रमा अटल विश्वास राख्ने व्यक्तिहरूका लागि यी विषय काल्पनिक छैनन्।

नेपाल शैवधर्मको प्रमुख केन्द्र हो। पुराणहरूका साथै महाभारत ग्रन्थको अध्ययन गर्दा नेपालमा शैव धर्म प्राचीनकालदेखि चल्दै आएको पुष्टि हुन्छ। यो देशमा रहेको गौरिशङ्कर हिमाल मात्र होइन, शिवको विवाह पर्वत राजकी पुत्री पार्वतीसँग भएकाले पनि यो विषय प्रमाणित हुन्छ। पूर्व नेपालको हलेशी महादेव, काठमाण्डौ स्थित पशुपतिनाथ, रसुवामा रहेको गोसाइकुण्ड, पश्चिम नेपालमा रहेको प्रसिद्ध वैद्यनाथ क्षेत्रले पनि शैवको गरिमा, महिमा र इतिहास माथि प्रकाश पारेका छन्। महादेवको हिमालसँको सम्बन्ध हुनु शिवकै अर्को नाम पशुपति हुनु पनि नेपालको आदिकालदेखि शिवसँग सम्बन्ध भएको पाइन्छ। नेपालका राजवंशहरूमध्ये गोपाल, महिषपालपछि किरातहरूले शासन गरेका थिए। चौषट्ठी शिवलिङ्गमध्ये किरातेश्वर शिवलिङ्ग नेपालमा नै पर्दछ। लिच्छविकालमा पनि शैवधर्म नेपालमा फैलिएको थियो। त्यसबेलाका राजा, राजपरिवार, प्रजा सबै शिवलिङ्गको प्रतिष्ठा गरी पूजा गर्दथे। शिवमूर्ति बनाउँथे। मल्लकालमा पनि राजा, व्यापारी, साधु सन्तले र प्रजाहरू शिवको अनन्य भक्ति गरेर शिवालय निर्माण गरी गुठी राखेको वर्णन पाइन्छ। मल्लकालमा शैव तन्त्रको प्रगतिको युग थियो। हाम्रो देश कृषि प्रधान देश हो। कृषि प्रधान देश भएकाले पानी नपर्दा शिवालयमा जलधारा गरेमा (हरहर महादेव) वर्षा हुने विश्वास अहिलेसम्म उस्तै छ। पशुपतिको पूजामा तान्त्रिक र वैदिक दुवै विधिको प्रयोग पाइन्छ। यही गरिमालाई ध्यानमा राखेर पशुपतिलाई राष्ट्रदेव भनिएको हो। धर्मको मूल आधार दर्शनमा रहेको हुन्छ।

शैवधर्मको साथसाथमा नेपालमा शाक्तधर्मको प्रचार पनि प्रचुरमात्रामा पाइन्छ। यद्यपि शैव तन्त्र अन्तर्गत शाक्त तन्त्रलाई राख्ने व्यवस्था छ। शाक्ततन्त्रको परम्परा विशिष्टरूपमा अलग्गै विकसित हुन गएकोले यसलाई पृथक रूपले हेर्नु आवश्यक छ। नेपालमा लिच्छिवि शासनकालमा मानदेवको समयदेखि नै शक्तिलाई आफ्नै इष्टदेवता मान्ने, उनका प्रसादले सम्पूर्ण कार्य गर्ने, देवीहरूका मूर्ति प्रतिष्ठित गर्ने परम्परा रहेको पाइन्छ। मल्लकालमा शाक्तधर्मको स्वर्गयुग नै हो। पुराणहरूमा नेपालमा उपलब्ध विभिन्न शाक्त पिठहरूको वर्णन छ। सतीदेवीको गुह्यपतन भएकाले गुह्येश्वरी नामले नेपालमा शक्तिपिठ स्वरूपले रहेको चर्चा पाइन्छ। स्कन्द पुराणको केदार खण्ड अन्तर्गत पर्ने स्वस्थानी कथामा यसको अझ व्यापक चर्चा छ। तन्त्रहरूमा पनि नेपाललाई महामाया नगरी भनिन्छ। त्यसबेलाका मल्लराजाहरू तन्त्रनुसार दीक्षित भएर स्वयं शक्तिको पूजा गर्दथे। तन्त्रमा दीक्षाको ठूलो महत्त्व छ। ज्ञान परम्परालाई जीवित राख्ने कार्य दीक्षाले गर्दछ। दिव्यज्ञान प्रदान गर्नेलाई दीक्षा भनिन्छ। यस्तो दीक्षा गुरुमुखबाट हुनुपर्दछ भनिएको छ। गुरुविना आर्जन गरिएको कुनै पनि ज्ञान, सीपले जीवनमा अर्थ राख्दैन। एकलव्यले गुरु द्रोणाचार्यको मूर्ति स्थापना गरी धनुर्वाण सिकेका थिए। याज्ञावल्क्यले सूर्यसँग वेद पढेका थिए। कर्मकाण्ड, वेद, ज्योतिष, आयुर्वेदलगायतका ज्ञानहरू आज सम्म रहनुमा दीक्षाको ठूलो हात छ। अहिले पनि विश्वविद्यालयहरूले दीक्षान्त समारोह गरेकै देखिन्छ। ज्ञान त कितावमा पनि छँदै छ तर त्यसलाई गुरुले मात्र फुलाउन सक्छ। यसलाई एक पुस्तादेखि अर्को पुस्तामा दीक्षाकै माध्यमबाट हस्तान्तरण गरिन्छ।

यो देशका नेवारहरूसँग प्राचीनकालदेखि नै तान्त्रिक र वैदिक विधि पाइन्छ। यहाँका नेवार जातिहरूको बलियो संस्कारको रूपमा चल्दै आएको **'आगम संस्कार'** नै नेवारहरूको परिचय हो। तन्त्रविना नेवारहरूको जनजीवन शून्य छ। यसकारण नेवारहरूको जीवन पद्धति तन्त्रमय छ। नेवारहरूको जन्मदेखि मृत्युसम्मका कतिपय संस्कारहरू तन्त्रकै आधारमा चल्ने परम्पराहरू आज पनि जीवितै छन्। यहाँका ठूला ठूला देवस्थलहरूमा, आगम घरहरूमा, बौद्ध विहारहरूमा पनि तान्त्रिक विधिका पूजा पाठ र तीसँग सम्बन्धित सांस्कृतिक गतिविधिहरू पनि परम्परागत रूपमा जीवितै छन्।

भक्तपुरको नवदुर्गा देवगणलाई तान्त्रिक देवताको रूपमा लिने गरेका छन्। यो देवको उत्पत्ति, जल समाधि विभिन्न खालका क्रियाकलाप सबै तान्त्रिक विधिबाट सञ्चालन हुँदै आइरहेका छन्।

मानव देहमा इश्वरको वास हुन्छ भन्ने आस्था र विश्वास प्राचीनकालदेखि नै रहिआएका छन्। यसै मान्यताको क्रियात्मक क्रिया प्राचीनकालदेखि शुरु भयो। तान्त्रिक क्रिया प्रयोगात्मक रहिआएका छन्। योग एवं सिद्धि प्राप्त गर्नको

लागि शरीर पूजाको महत्त्व बढ्दै गएको छ।

प्रत्येक वर्ष कार्तिक शुक्ल प्रतिपदाको दिन **'म्ह पूजा'** अर्थात शरीर पूजा गरिन्छ। म्ह पूजा भनेकै योग हो। हाम्रो मेरुदण्डमा प्रवाह हुने चेतनाको नाडी तीन वटा छन्। ती हुन्- इडा, पिङ्गला र सुषुम्ना। यी तीन चेतना नाडी मध्ये अन्तिम नाडी सुषुम्ना भएर सहस्रा चक्रको शिव-शक्ति समागमको चरण अर्थात हाम्रो शरीर भित्रको आत्मा गृहमा नै प्रवेश गर्छ। म्ह पूजा गर्दा भूमिमा मण्डल बनाइ पूजा गरिन्छ। ती मण्डलामा तीन चीजको प्रयोग गरिन्छ। १. पानी २. तेल र ३. पोतायँ। यी तीन चीज इदा, पिङ्गला र सुषुम्नाका प्रतीक हुन्।

श्रीभद् भागवत महापुराणको एकादश स्कन्धको एघारौं अध्यायको ३७ औं श्लोकमा भनेका छन्-

*यात्रा बलि विधानं च सर्व वार्षिक पर्वसु।*
*वैदिकी तान्त्रिकी दीक्षा पदीयव्रत धारणम्।*

अर्थात्, कुनै पनि जात्रा चलाउँदा बलि र विधिहरू द्वारा पूजा गरोस् र वार्षिक पूजा पर्वहरू पनि वैदिक र तान्त्रिक दीक्षा ग्रहण गरेर सम्पन्न गरोस्। यो उद्धरण वैदिक ग्रन्थको हो। यस ग्रन्थले जात्रामा बलि र तन्त्रदीक्षाको आवश्यकतामा जोड दिएको प्रस्टै देखिन्छ।

वैदिक ग्रन्थले सकारेका जात्रा बलिविधानहरूको महत्त्वलाई नेवारले मात्रै निर्वाह गर्दै आएको पाइन्छ। नेवारले मनाउँदै आएको जात्रा पर्वहरू पनि कुण्डली जागरण अर्थात योगसँग जुरेको पाइन्छ। श्रीमद् भागवत् महापुराणको पंचम स्कन्धमा वर्णन गरेका कुरा यस प्रकार छन्- नेवारले आफ्नो गाउँ शहरमा हरेक वर्ष मनाउँदै आएका रथयात्रामा पनि कुण्डली जागरण अर्थात योग अभ्यास देखिन्छ।

यहाँका जात्राहरू जस्तै रथ बोक्ने, तान्ने बेलामा जात्राकर्मीहरूले निकाल्ने आवाज काठमाण्डौ, ललितपुर, भक्तपुर, दोलखा, बनेपा, टोखा, पनौति र साँखु आदि ठाउँमा एउटै स्वर निकाल्ने गरेको पाइन्छ। ती स्वर हुन्- होस्ते हाइँसे ! जुन स्वरलाई शास्त्रअनुसार श्वास फेरेको अर्थात कुण्डली जागरण अर्थात योग क्रिया भनिन्छ। 'ह' कार स्वरले श्वास बाहिर फाल्छ र 'स' कार आवाजले श्वास तान्ने गर्छ।

अन्तमा आजको वर्तमान युगमा भौतिकवादले आध्यात्मवादलाई ओझेलमा पार्दै गइरहेको परिप्रेक्ष्यमा आध्यात्मलाई टेवा दिनुपर्ने अवस्था आएको छ। पहिले रहेको आध्यात्मको बाहुल्य आज एकाएक खस्कंदो अवस्था छ। नेवार र नेपालको मुख्य पहिचान भनेकै तन्त्र अर्थात आध्यात्म हो। यहाँको प्रत्येक भौतिक सुख, मानवीय चिन्तन, आस्था र शान्तिको पछाडि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा तन्त्र अर्थात आध्यात्म लागि परेका छन्। धार्मिक क्रियाकलापदेखि लिएर मानवीय मूल्य मान्यतासम्म जरो गाडेको आध्यात्म (तन्त्र) अहिले लोप हुने अवस्थामा छ। त्यसैले यसको संरक्षणको लागि उचित कदम चाल्नुपर्ने देखिन्छ।

वेदका छ अङ्गमा व्याकरण, ज्योतिष, मीमांस न्याय, निरुक्त र छन्द पर्दछन्। जीवन दर्शनलाई प्रेरित गर्ने शास्त्र ज्योतिष हो भने भाषिक शुद्धता, वर्ण विन्यास क्रम र शुद्ध लेखनको लागि व्याकरण अपरिहार्य छ। जसरी बाबु बाजेका पालामा बनेका हस्तलिखित पुस्तकहरू लोप भइरहेका छन्। त्यसरी नै हाम्रो समाजबाट शास्त्र जान्ने शास्त्रज्ञहरू र संस्कृति लोप हुँदै गइरहेको अवस्था छ।

मानिसको जीवन सुखमय बन्न सम्पत्तिको आवश्यकता पर्दछ। त्यसबाट मात्रै सुख पाइन्छ भन्नु सरासर गलत हो। किनभने भौतिक सुख साधनले मात्रै सुख मिल्दैन। शान्ति, सुख पाउन आध्यामिक चिन्तन चाहिन्छ। अनि मात्रै शान्ति र सुख प्राप्त हुन्छ। त्यसैले शान्ति प्राप्त गर्न आध्यात्मिक चिन्तन आवश्यक छ। उदाहरणको लागि भारतका सम्राट अशोक र महामानव गौम बुद्धलाई लिन सकिन्छ। यी दुवै महापुरुष आफ्नो भौतिक सुख, सम्पत्ति, राजपाट छोडेर शान्तिको पछि लागे।

लिच्छिविकालदेखि उच्चशिखरमा पुगिसकेको हाम्रो तन्त्रविज्ञान आज आएर अनेकौं कारणले गर्दा ओझेलमा पर्दै गइरहेको पाउँछौं। यसो हुनुको मुख्य कारण नयाँ पुस्ताले ग्रहण नगर्नु नै हो वा तन्त्र विज्ञानका विज्ञहरूले आफ्नो नयाँ पुस्तालाई अगाडि नल्याउनु, नसिकाउनु, दीक्षा नदिनु नै हो। यसकारण यसलाई बचाई राख्नु हाम्रो कर्तव्य हो।

**सन्दर्भ ग्रन्थ सूची**

यो लेख तयार पार्न निम्न ग्रन्थको सहयोग लिएको छ।

१) क्रमदीक्षा रहस्य- रथी धन समशेर जवरा

२) सप्तचण्डी

३) निर्णय सिन्धु

४) तन्त्र विज्ञान

५) सयम समयमा प्रकाशित लखेहरू।

पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो।

# g]kfnLn]agfPsf]ljZjsf] ;a}eGbf 7"nf] r}To-af]/f]a'b'/

रत्नसुन्दर शाक्य

दक्षिणपूर्व एसियाको एक देश हो इण्डोनेशिया, जहाँका थुप्रै टापूहरूमध्ये एक सुप्रसिद्ध टापू हो जावा– जसलाई पहिले 'यवद्वीप' पनि भनिन्थ्यो। यस टापूको केदु मैदान (जावाको मध्य भाग) पूर्वी एसियाको प्राचीन अवशेषमध्ये सबैभन्दा महत्त्वपूर्ण एवं भव्य चैत्य हो– बोरोबुदूर (Borobudur) ।

ऐतिहासिक कथनानुसार यस बोरोबुदूर महाचैत्यको निर्माण ईश्वी ७५० देखि ८५० को अवधिभित्रमा ८० वर्ष लगाई जावा एवं सुमात्राका प्रतापी शैलेन्द्र वंशीय शासनकालमा भएको थियो। त्यसैबेला त्यहाँका राजा समरतुंथगले नेपालको विख्यात शिल्पकार गुणधर्मलाई निम्त्याएको थियो। उहाँको नेतृत्वमा जावा पुगेका नेपाली कलाकारहरूले यस महाचैत्यको निर्माण पूर्ण गरेका थिए।

स्मरणीय छ, कार्य १३ औं शताब्दीका अन्य नेपाली सुविख्यात कलाकार जसलाई नेपालले राष्ट्रिय विभूति मानिसकेको छ– अरनिकोले नेपाली कलाकारहरूको नेतृत्व गरी तिब्बत र चीन पुगी ती दुवै देशमा थुप्रै मूर्ति, चैत्य ( चीनको पेकिङ्गमा श्वैत चैत्य निर्माण– सन् १२७१ –७९) आदि बनाई त्यहीं सम्मानित जीवन बिताउनु भएको समयभन्दा ४०० वर्ष अगाडिको कुरा हो।

**नेपाली कलाकार गुणधर्म**ले 'बोरोबुदूर महाचैत्य' निर्माण गरेको तथ्य भारतीय विद्वान श्री हरिनन्दन ठाकुरले पनि स्पष्ट उल्लेख गर्नुभएको छ। उहाँले संसारको विभिन्न मुलुकहरूको यात्रा गरेपश्चात् लेख्नुभएको आफ्नो पुस्तक **'धरतीके चारों ओर'** मा यसबारे उल्लेख गर्नुभएको थियो ।

यस्तै इण्डोनेशियालीहरूले पनि बोरोबुदूर महाचैत्यको पश्चिमतर्फबाट देखिने मेमोरेह (Memoreh) पर्वतमा नेपाली शिल्पकार गुणधर्मको जीवन स्मरण अझसम्म पनि देख्न सकिने जनविश्वास गरिराखेको छ। इण्डोनेशियालीहरूले बोरोबुदूर महाचैत्यका शिल्पकार एवं रूपकार हुनुभएका नेपाली कलाकार गुणर्धममा दैवीशक्ति नै रहेको कुरा त्यहाँ किंवदन्तीको रूपमा पनि प्रचार भइरहेको वर्णन छ।

'बोरोबुदूर' को अर्थ इण्डोनेशियाको भाषामा बुझ्ने हो भने 'बुदूर' शब्दको अर्थ जंगल अथवा वन, र 'बोरो' शब्दको अर्थ 'विहार' शब्दको अपभ्रंशको रूपमा रहन आएको अनुरूप 'वनमा प्रतिष्ठित विहार' को रूपमा लिइएको छ।


यस्तै 'बोरोबुदूर' शब्द भारतीय विद्वान हरिनन्दन ठाकुरको कथनानुसार 'बोरो' शब्द ठूलो अथवा महान् र 'बुदूर' बुद्धको अपभ्रंशको रूपमा हुन सक्ने सम्भावनाअनुरूप 'बोरोबुदूर' श्रेष्ठ एवं महान् बुद्ध हुन सक्ने धारणा राख्नुभएको छ ।

यस 'बोरोबुदूर महाचैत्य' ले लगभग ४१० फिट वर्गाकार भूभाग ओगटेको छ र यसको उचाई १२० फिट रहेको छ। भारतको साँची स्तूपको भन्दा केही उचाइको स्थितिमा निर्माण गरिएको यस महाचैत्यमा चारै दिशामा तलको ४ तल्लामा ९२/९२ वटा, चौथो तल्लामा ६४ एवं माथिको गोलाकार ३ तल्लामा बनाइएका ३२, २४ र १६ वटा स्तूपहरूको भित्र पनि अवस्थित मूर्तिहरू लगायत केन्द्रीय ठूलो स्तूपमा समेत गरी जम्मा बुद्ध मूर्तिहरूको सङ्ख्या ५०५ वटा रहेको छ।

यस बोरोबुदूर महाचैत्य– ८ फिटदेखि १२.५ फिटसम्मको उचाइ रहेको चतुष्कोणको ६ तल्ला र ५/६ फिट उचाइ रहेको गोलाकारको ३ तल्ला पश्चात् मध्यभागमा वा शिखरमा २३ फिट उचाइ र ३० फिट चौडाइ रहेको एक ठूलो स्तूप निर्माण गरी बनाइएको छ।

स्मरणीय छ, यस महाचैत्यको सबभन्दा तलको चतुष्कोण घेरा (चक्कर) ४०० फिटको छ र सबभन्दा माथिको (१६ वटा स्तूपले घेरिएको) गोलाकार घेरा ९० फिटको छ। माथिल्लो ३ तल्लामा बनाइएका प्रत्येक स्तूपहरू जालीदार रूपमा बनाइएबाट त्यसभित्र अवस्थित बुद्ध मूर्तिहरू सजिलैसित हेर्न र छुन सकिने स्थितिमा बनाइएको थियो।

यस महाचैत्यको शिखरमा निर्मित वा स्तूप अन्य स-साना स्तूपहरू जस्तै जालिदार नबनाइकन पुरै बन्द गरिएको



नेपाली कलाकारहरूले निर्माण गरेको विश्वको सबैभन्दा ठूलो चैत्य

थियो। अनुसन्धानबाट थाहा हुन आएको छ कि यस शिखरको स्तूपलाई लुटेराहरूले बिगारी त्यहाँ भित्र रहेको बुद्ध-मूर्तिलाई निकाली त्यसको गर्भमा अपार धनराशी पाउने आशाले लापर वाही गरिएको थियो।

हामीलाई सर्वप्रथम **'नेपाली कलाकार गुणधर्म र बोरोबुदूर'** को बारेमा परिचय दिनुभएका व्यक्ति स्वयम्भूलाल श्रेष्ठ (ने.सं. १०५१-११०७) ले उक्त शीर्षकमा लेखिएको आफ्नो लेखमा उहाँले सो बारोबुदूर महाचैत्यको शिखरको स्तूपमा अवस्थित बुद्ध मूर्तिलाई बाहिर ल्याइएको र सो मूर्ति बोरोबुदूर महाचैत्यको आसपासमा अवस्थित कुनै एक पीपलको रुखमुनि राखिएको कुरा उल्लेख गर्नुभएको छ।

बोरोबुदूर महाचैत्यको चतुष्कोणको प्रत्येक तल्लामा कुँदिएका कलाकृति जुन बुद्धको जीवनी, जातक कथा, कर्म विभंग (विपाक) आदिको वर्णनअनुरूप चित्रित गरिराखेको दृश्यको सङ्ख्या १६४० वटा थियो। प्रत्येक तल्लाको चारैतिर चारैद्वारहरू थिए जुन नेपाली शैलीमै रहेको कुरा प्रत्यक्षदर्शी नेपालीहरूले नै गरिराखेका छन्।

यसप्रकार भव्यरूपमा निर्माण गरिएको 'बोरोबुदूर महाचैत्य' पनि केही शताब्दीपश्चात् (आफ्नो शासन गुमाई) विस्मृत अवस्थामा रहनुपरेको थियो। यसको मूल कारण सामुद्रिक टापूका कारण अनगिन्ती भूकम्पका झट्का र विशेषतः मेरापि ज्वालामुखी (Merapi Volcano) को विष्फोटबाट निस्किएको लाभाबाट सारा चैत्यस्थल पुरिएको थियो। स्थानीय जनताहरू पनि सो क्षेत्र छोडी जावाको पूर्वीभागमा बसोबास गर्न जान बाध्य भए। बारोबुदूर महाचैत्यको वरपर जताततै झारपातले पुरिँदै गए र अन्य प्राकृतिक प्रकोप (हुरी-बतास एवं वर्षा) ले महास्तूप माटो र बालुवाले पनि पुरिँदै गएबाट महाचैत्य विनाश एवं विस्मृत हुनमा थप टेवा पुग्न गयो।

शैलेन्द्र राजवंशको समुन्नत अवस्थामा निर्माण गरिएको यस महास्तूप शैलेन्द्र वंशको पतन (१३ औं शताब्दीको अन्ततिर) पश्चात् महास्तूपको पनि पतन हुँदै गएको मान्न सकिन्छ। यस्तै झन् १५ औं शताब्दीको उत्तरार्द्धदेखि जावामा हिन्दू पश्चात मुस्लिम (सुल्तान) हरूको प्रभुत्व हुन गएका कारण बोरोबुदूर महाचैत्यको बेवास्ता हुनु स्वाभाविकै भयो। यस जावा टापूलाई सन् १६१९ देखि हलैण्ड (डच) ले आफ्नो उपनिवेश कायम गरेको थियो। झण्डै दुइसय वर्षपश्चात् सन् १८११ देखि केही वर्षको निम्ति (सन् १८१६) सम्म सो उपनिवेश अंग्रेजको हुन गएको थियो। यसै अवधिभित्रमा सन् १८१४ मा तत्कालीन जावाका अंग्रेज गभर्नर सर थोमस स्ट्यामफोर्ड राफल्स (Sir Thomas Stamford Ratfles) ले 'बोरोबुदूर महाचैत्य' पत्ता लगाई यसको पुनर्निर्माणको निमित्त आफ्ना एक अधिकृत इन्जिनियर लेफ्टिनेन्ट कर्नेलियस (Lieftenant Cornelius) लाई सो स्थानको सर्वेक्षण गर्न पठाए। ले.कर्नेलियसले बारोबुदूर महाचेत्यको प्रशस्त तस्बिर समेत राखी वैज्ञानिक तवरबाट विवरण प्रस्तुत गरे।

सन् १८१६ देखि पुनः डचहरूकै उपनिवेश कायम भएको जावामा यद्यपि सर थोमस स्ट्यामफोर्डको आग्रहमा पटक पटक बारोबुदूर महाचैत्यको पुनःनिर्माण गर्ने परियोजना बनाइएको थियो। तर कार्यान्वयन कहिल्यै भएन बरु महास्तूपको तलको प्रत्येक तल्ला, जहाँ ६.५ फिटको चौडाइ रहेको थियो जहाँ बाँसको झुपडी बनाउने स्वीकृति दिएर झन विग्रहको स्थिति सृजना गरिएको थियो। चोरहरूले पनि स्तूपमुनि धन पाइएला कि भन्ने आशाले थुप्रै स्तूपहरू बिगारी खाडल बनाउँदै लगे।

बल्ल, सन् १९०७ मा एक युवा डच इन्जिनियर थियोडोर भान एर्प (Theodoor van Erp) ले बोरोबुदूर महाचैत्यको पहिलोपटक कष्टपूर्ण रूपमा पुनःनिर्माण कार्य सुरु गरे। उहाँले ४ वर्षको अवधि (सन् १९०७-११) भित्रमा बोरोबुदूर महाचैत्यको सुन्दरतालाई पुनः एक पटक संसारसामू ल्याइदिए।

सन् १९६० देखि इण्डोनेशिया सरकारले 'बोरोबुदूर महाचैत्य' मानव सभ्यताको नै एक अमूल्य निधि रहेको करण दर्साएर यसको संरक्षण विश्वव्यापी रूपमा गर्न सहयोगको अपिल गरे जसअनूरूप युनेस्कोको तर्फबाट पनि यसको मर्मत एवं संरक्षणको निमित्त ठूलो मद्दत गर्‍यो। अन्तर्राष्ट्रिय स्तरमा 'बोरोबुदूर महाचैत्य' संरक्षण समिति तयार गरिए। यसप्रकार संसारसामु पुनः एकपटक बोरोबुदूर महाचैत्यको वैभव प्रस्तुत हुन आएबाट नेपाली कलाकार गुणधर्म र उहाँका कलाकार मित्रहरूको पनि स्मरण हुन आएको छ। प्रत्येक नेपालीलाई लिच्छवीकालीन आफ्नो कलाकौशलको नमूना विदेशमा समेत प्रचारित गरेकोमा गुणधर्म र उहाँका मित्रहरू प्रति नतमष्तक तुल्याउने स्वाभाविकै भयो। यस प्रकार इण्डोनेशिया र नेपालको सम्बन्ध १३ सय वर्ष अगाडिदेखि रहेको कुरा स्मरण गर्न पाउँदा जोसुकै नेपाली पनि गौरवान्वित नहुने कुरै छैन।

**सन्दर्भ सामग्री**

१. स्वयम्भूलाल श्रेष्ठया ल्यया च्वखँ- लोक साहित्य परिषद्, ने.सं. ११०६
२. बौद्ध संस्कृति- राहुल सांकृत्यायन, आधुनिक पुस्तक भवन, १९५३
३. The Himalayan Voice (हिमाली आवाज) Vol. II No.3 (Aug/sept.1998
४. National Geographic-January, 1983

# कृषि-बजारीकरण र व्यवस्थापन



सबिन ख्याजू

नेपाली अर्थतन्त्रका अधिकांश जनसङ्ख्या जीविकोपार्जनका लागि कृषिमा निर्भर छन्। कृषि उत्पादन र उत्पादकत्व विश्वस्तरभन्दा निकै पछाडि छ। अनुसन्धान कार्य प्रभावहीन छ। अनुसन्धानबाट पत्ता लागेका कुराहरू पनि राम्ररी प्रसार भएका छैनन्। भएका पनि चित्तबुझ्दो छैन। नेपाल सरकारका अहिलेसम्मका योजनाहरूले सफलता पाउन नसकेको थुप्रैको राय छ। कृषि अर्थतन्त्रमा बजारीकरण एक महत्त्वपूर्ण पाटो हो। कृषि बजारीकरण भन्नाले कृषि उपजको उत्पादन, प्रभावकारी वितरण र कृषि उपजको साटासाटलाई जनाउँछ। उत्पादक कृषकदेखि उपभोक्तासम्म कृषिउपज पुऱ्याउन प्रणाली हो। रोजगारीको सिर्जनाका साथै औद्योगिकीकरणको वातावरण निर्माणमा मद्दत गर्दछ।

कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड हो। कृषि बजारीकरणले अन्नबाली, नगदे बाली, तरकारी, दूधजन्य उत्पादन, पुष्पखेती, फलफुल खेती आदि विषयमा कार्य गर्दछ। बजारीकरणमा विशेषतः कृषि वस्तु र सेवाको किनबेचका गतिविधिहरू बुझिन्छ। कृषिवस्तुको उत्पादन, प्रचार, मूल्य निर्धारण, स्तर निर्धारण, नामाकरण, जोखिम व्यवस्थापन, बजार अनुसन्धान आदिलाई पनि समेट्छ। कुनै व्यक्ति वा संस्थाले कृषि वस्तु खरिद गर्नुका मुख्य कारण उपभोग गर्न, फेरि बिक्री गर्न वा औद्योगिक प्रयोग गर्न हुन्छ। यी सबै बजारीकरणका चरणहरू हुन्।

कृषि मूल्य श्रृङ्खलामा सुधार गर्दा मात्र पनि आर्थिक लाभ बढाउन सकिने धेरै क्षेत्रहरू देख्दछौं। आपूर्ति, उत्पादन, संकलन तथा प्रशोधन, बिक्री र उपभोग नै मूल्य श्रृङ्खलाका कार्यहरू हुन्। सरकारी कार्यालयहरू, विषयगत कार्यालयहरू, सदस्यमा आधारित सामाजिक संगठनहरू, निजी क्षेत्र, कृषक तथा व्यवसायीहरू यसका पात्रहरू हुन्। किसानले आफ्नो आम्दानी बढाउन बजारको प्रक्रिया र सम्भाव्यताको मिहिन अध्ययन गर्नु आवश्यक छ। अरु किसानले जे बाली लगायो त्यही बाली आफूले पनि लगाउन थाल्दा बजारको मागभन्दा बढी उत्पादन हुन जान सक्छ। बजारमा जुन वस्तुको माग छ वा अभाव छ त्यस वस्तुको उत्पादन र बजारीकरणमा ध्यान दिंदा लाभदायक हुन्छ। कृषि उपज व्यापारीहरूले धेरै र कम मूल्यमा उपलब्ध भएका सामग्रीहरूलाई ती वस्तुको उपलब्धता नभएको र राम्रो मूल्य पाउने स्थानमा लग्ने कार्य गर्नुपर्दछ। बजारमा कारोबार भएका कृषि वस्तुहरूलाई प्राथमिकीकरण गर्न सक्नुपर्छ। प्राथमिकीकरणमा उपभोक्ताले बढी मूल्य र स्वादमा रुचाएको बालीलाई छनौट गर्नु पर्दछ। यसबाट कृषकलाई आर्थिक लाभ लिन सहज हुन्छ।

कृषि बालीको व्यवसाय गर्दा व्यवसाय र व्यवसायका लागि अत्यावश्यक कारक तत्वहरूकाबारेमा जानकारी लिनु पर्दछ। यसमा निहित जोखिमका बारेमा गहन अध्ययन आवश्यक हुन्छ। जोखिम न्यून, मध्यम र उच्च गरी तीन तहका हुन्छन्। सामान्यतया मध्यम जोखिमयुक्त व्यवसाय छनौट गर्नु र माग र आपूर्तिको अध्ययन गरेर अगाडि बढ्नु पर्दछ। सफल व्यवसायी बन्न धेरै कुरामा ध्यान दिनु पर्छ। वैकल्पिक योजना र वस्तुमा विविधीकरण पनि बनाइराख्नुपर्दछ।

सफल व्यवसायीले लक्ष्य निर्धारण, सूचनाको खोज, मध्यम खालको जोखिम, आत्मविश्वास, सृजनशील, धैर्य, निर्णय गर्ने क्षमता, विगतबाट सिक्नेलगायतका विशेषताहरूबारे ध्यान दिनुपर्दछ।

छनौट गरिएको कृषि व्यवसायको लाभ-लागतको लेखाजोखा गर्नु अत्यन्तै आवश्यक हुन्छ। निर्वाहमुखी कृषिको उत्पादन सामग्री (बिउ, मल, विषादी, आदि), कामदार र शीर्षस्थ लागत (जग्गा भाडा, प्राविधिक लागत, कृषि उपकरण आदि)को सम्पूर्ण हिसाबकिताव राख्नुपर्दछ। उत्पादनपछि हुने आम्दानीबाट लागत घटाउँदा नाफा वा नोक्सान निस्कन्छ।

कृषि उपजको उत्पादनको बिक्री वितरणको व्यवहारिक योजना बनाउनु पर्दछ। कृषक, एग्रोभेट र संकलन केन्द्रबीच एक-आपसमा सम्झौता बनाएर काम गर्दा स्थायी लाभ आर्जन गर्न सकिन्छ। स्थानीय क्षेत्रमा विभिन्न बालीको परिमाणको लेखाजोखा भयो भने बिक्रीवितरणमा झन् सहज हुन्छ। कृषि उपज स्थानीय बजारको मागभन्दा बढी उत्पादन हुँदा खेर जाने समस्या समाधान गर्न मद्दत पुग्छ।

कृषि उपजको मूल्य निर्धारण गर्दा लागतको हिसाब गर्नुपर्छ। अन्तिममा रहने नाफाबारे जानकार भएर मात्र व्यवसायमा लागेमा घाटा हुनबाट जोगिन्छ। बजारको माग र ग्राहकको क्षमताअनुसार मूल्य निर्धारण गर्ने, तुलनात्मक तरिका र लागतमा थप गर्ने गरी तीन तरिकाबाट मूल्य निर्धारण गरिन्छ। बजार सानो वा ठूलो हेरेर तरिका छनौट गरिन्छ।

कृषि वस्तुको उत्पादन गर्दा आधुनिक प्रविधि अनुशरण गर्नुपर्छ। नोक्सान सकेसम्म न्यून बनाउने तरिकाहरू अपनाउनु

पर्छ । फल टिप्दा भुइँमा झरेर फुट्ने समस्यालाई फल टिप्ने नयाँ विधि वा बोटलाई नै होचो बनाउने (टपिङ) विधि प्रयोग गर्न सकिन्छ ।

## कृषि उत्पादनपछिका कार्यहरू

कृषकहरूले उत्पादनमा मात्र ध्यान दिएर पुग्दैन । राम्रो मूल्य पाउनको लागि कृषि उपज सफा, गुणस्तरीय र स्वस्थ हुनु आवश्यक हुन्छ । त्यसमध्ये बजार एक हो । बजारीकरणको लागि निम्नानुसार विविध भौतिक पूर्वाधार विकासको आवश्यकता रहन्छ :

## संकलन केन्द्र

कृषि वस्तु बजारमा लग्न पहिले संकलन कार्य गर्नुपर्छ । संकलन गर्दा सामुहिक बजारीकरण अवधारणामा काम गर्न सरसल्लाह आवश्यक छ । बजारको मागअनुसार वस्तुहरू संकलन गर्दा बजारमा वस्तुको उपलब्धता नियमित हुन जान्छ । सफल र दीगो बजारको निम्ति यो मुख्य पक्ष हो ।

नगर वा गाउँका कृषि उत्पादन हुने पकेट क्षेत्रहरू पहिचान गर्नुपर्छ । प्रत्येक स्थानबाट कुन वस्तु कति मात्रामा कुन समयमा उपलब्ध हुने बारे अध्ययन आवश्यक हुन्छ । यसबाट कुन स्थानमा कतिवटा र कुन क्षमताका संकलन केन्द्रहरूको स्थापना गर्ने भन्ने निर्धारण गर्दछ । यी सबै कुराको जानकारी प्राप्त गरिसकेपछि कृषकहरूबाट कृषि वस्तुहरू संकलन गर्न थाल्दा राम्रो हुन्छ । यी संकलित वस्तु अस्थायी मात्र हो । बजारको मागअनुसार विभिन्न स्थानहरूमा ढुवानी गरेर पठाउने काम बाँकी रहन्छ ।

## भण्डारण तथा चिस्यान केन्द्र

धान, गहुँ, मकैलगायतका वस्तुहरू भण्डारणको बुद्धि पछिमात्र पलाएको हो । वर्षभरि खानको लागि अन्न, मासुलगायतका नहुने कारण भोकमरीको सिर्जना भयो । भोकमरीका कारण हजारौं मानिसहरूको मृत्यु हुन्थ्यो । मानिसले कृषि कर्म गर्न सिकिसकेपछि भण्डारणको कार्य पनि गर्न थाले । खानेकुरा भण्डारणले खानाको उपलब्धता अलि बढी समयसम्म हुन थाल्यो ।




कृषि वस्तुको आपूर्ति बजारको आवश्यकताभन्दा बढी भएमा त्यसको बजार मूल्य घट्दछ । यसले किसान र व्यवसायी दुवैलाई कममात्र आर्थिक फाइदा हुन्छ । उपभोक्ताको माग र वस्तुको आपूर्तिको बजारको नियमले सन्तुलित विन्दु निर्माण हुन्छ । त्यस सन्तुलित विन्दुले बजार भाउ निर्धारण गर्दछ ।

सामान्यतः कृषि वस्तुको भण्डारण गर्ने समयावधि छोटो हुन्छ । समयमै यसको वितरण र उपभोग गर्न नसके यी वस्तु बजारबाट फाल्नुपर्ने हुन्छ । यसले कृषि बजार अर्थतन्त्रमा नोक्सान जनाउँछ । यही नियम बुझेर भण्डारण र चिस्यान केन्द्रको महत्त्व महसुस गरियो । विभिन्न कृषि वस्तुअनुसार फरकफरक तापक्रम, सापेक्षित आद्रता र चिस्यान आवश्यक हुन्छ । भण्डारण तथा चिस्यान केन्द्रहरूको निर्माण खेत र बजारको दूरी सहजता हेरेर निर्माण गर्नु ठिक हुन्छ । यसमा दुवै निजी तथा सरकारी क्षेत्रको भूमिका रहन्छ ।

## प्रशोधन तथा ब्रान्डिङ

मानव समाजको विकासको नियमसँग यो सम्बन्धित छ । जंगली युगमा मानिस जनावरको मासु काँचै खान्थे । यो निकै लामो समयावधिसम्म रह्यो । कहिलेकाहीं प्राकृतिक रूपमा चट्याङ पर्दा र आगलागी हुँदा जंगली जनावर र चराचुरुङ्गीहरू आगोमा पोलिन्थे । जंगली युगमा मानिसहरूले पोलिएका मासु पनि खाए । पोलिएका मासुको स्वाद काँचो मासुभन्दा मीठो लाग्यो । हो, त्यसबेलादेखि जंगली जनावर र चराहरू मारेपछि आगोमा पोलेर वा पकाएर खान थाले । आगोको व्यवस्थापन दुईवटा ढुङ्गा एकआपसमा ठोकाएर गर्न थाले । खेतबारीमा उत्पादन भएका वस्तुहरूलाई आकार, रूप, स्वाद आदिमा परिवर्तन गर्नुलाई प्रशोधन भनिन्छ । स्याउलाई जुस वा सुकुटी बनाउनु, सागलाई गुन्द्रुक बनाउनु, च्याउलाई पाउडर बनाउनु, दूधलाई चिज, पनिर, दही बनाउनु, चामललाई पीठो बनाउनु, आँपको अचार बनाउनु, आदि सबै प्रशोधन हुन् । चाउचाउ, विस्कुट, चक्लेट, कपडा आदि प्रशोधनका अन्य उदाहरण हुन् ।

विज्ञान र प्रविधिमा प्रगति हुन थालेसँगै कृषि वस्तुको प्रशोधनको तरिका अप्नाउन थालियो । प्रशोधनको कारण ती वस्तुको भण्डारण लामो समयसम्म गर्न सकिनेभयो । तापक्रम, सापेक्षित आद्रता, चिस्यान आदिबारे अध्ययन अगाडि बढ्यो । खेतबाट उत्पादन हुने वित्तिकै बेच्नुभन्दा प्रशोधन गरेर बेच्दा आम्दानी निरन्तर हुनुका साथै आम्दानी पनि बढ्छ । लामो समय र दूरीसम्म ढुवानी गर्न यसले मद्दत गर्दछ । आधुनिक समयमा कृषि अर्थतन्त्रमा भण्डारणले सकारात्मक भूमिका खेलेको छ ।

ब्रान्डिङको अर्थ प्रशोधित वस्तुलाई नामाकरण गर्नु हो । बजारमा वस्तुको नाम लिनेवित्तिकै त्यसको विशेषता जनाउँछ जस्तै रङ, तौल, स्वाद, आकार आदि । नामले

निश्चित ग्राहकलाई वस्तु छान्न सहज बनाउँछ। राष्ट्रिय अन्तराष्ट्रिय बजारमा वस्तुको नामबाट त्यसको माग पहिचान हुन्छ। स्थानीय बजारमा पनि यहीं नियम लागू हुन्छ।

## ढुवानी र यातायातको सुविधा

यातायात बजारीकरणको एक महत्त्वपूर्ण पाटो हो। यातायात खेतमा लान र खेतबाट ल्याउन गरी दुई कार्यको लागि चाहिन्छ। खेतबारीमा मल, बिउ, विषादी, ट्याक्टर आदि लान बाटो चाहिन्छ। यसलाई कृषि सडक भनिन्छ। उत्पादित वस्तुलाई संकलन केन्द्रसम्म पुऱ्याउन र त्यहाँबाट बजारसम्म ढुवानी गर्न गाडी र सडक दुवै आवश्यक हुन्छ।

चाँडै पुऱ्याउनुपर्ने वस्तु होस् वा टाढा पुऱ्याउने वस्तु दुबैमा ढुवानी गर्ने गाडीमा चिस्यान, तापक्रम र सापेक्षित आद्रता मिलाउन मिल्ने व्यवस्था भए राम्रो हुन्छ। सानो मात्रामा कृषकले गर्ने परम्परागत शैलीको ढुवानी गर्ने तरिकामा सुधार आवश्यक छ। कृषि वस्तुलाई सानो भाँडोमा कोचेर र ठटाएर अटाउने गरी प्याकिङ गर्नु ठिक हुन्न। एउटै तरकारी र फलफूलहरू ढुवानी गर्दा दाग नलाग्ने, चोटपटक नलागोस् भन्नेमा ध्यान पुऱ्याउनु पर्छ। दूध र दूधजन्यलगायत वस्तुहरू ढुवानीमा सरसफाईमा ध्यान पुऱ्याउनु पर्दछ।

## कृषि बजार

बजारको समस्यालाई मुख्य समस्याको रूपमा किसानहरू बुझ्छन्। जब कृषक, उपभोक्ता, एग्रोभेट, संकलक, खुद्रा व्यापारी, थोक व्यापारीहरू एक-आपसमा काम गर्ने सहयोगी एवं व्यवस्थित वातावरण निर्माण हुन्न तबसम्म बजारको समस्या रहन्छ।

शहर वा गाउँका विभिन्न स्थानहरूमा मागअनुसार तरकारी, फलफूल आदि बेच्ने कृषि बजारहरू आवश्यक हुन्छ। बेच्ने स्थान निर्धारण हुँदा कृषकहरूलाई बेच्ने स्थान समस्या हुँदैन। ती निश्चित स्थानहरू भएमा उपभोक्ताहरू पनि किन्न आउनलाई सहज हुन्छ। बजारको कृषि वस्तुको मूल्यमा पनि एकरूपता अथवा प्रतिस्पर्धी हुन्छ। यसबाट उपभोक्तालाई सस्तोमा राम्रो वस्तु पाउन सहज हुन जान्छ। सार्वजनिक स्थानहरूमा रहेका कृषि बजारमा स्थानीय निकायको जिम्मा रहन्छ। सरसफाइ, मूल्यसूची निर्धारण, गुणस्तर, स्वच्छता, वस्तुको नियमित र आवश्यक मात्रा आदिको प्रत्याभूति हुन्छ। सरसफाइ कायम भएमा स्वस्थ वस्तु खरिद गर्न पाइन्छ।

## सम्भाव्यता र निष्कर्ष:

माथिको छलफलबाट निम्नानुसार व्यवहारिक निचोडहरू निकाल्न सकिन्छ:

- कृषकहरूको कृषि उत्पादनको बजारीकरण गर्ने समस्या हल हुन्छ। साथै, युवा पुस्तालाई कृषि कर्म गर्न उत्साहित गर्दछ।



- बजार अभावको समस्या निराकरण भई कृषकहरूलाई कृषि वस्तु उत्पादन गर्न चिन्ता लिन नपर्ने हुन्छ।
- कृषि वस्तुको बजार मूल्य निर्धारणमा सहज हुन्छ। बिचौलियाहरूको भूमिका न्यूनीकरण हुँदा कृषि वस्तुको मूल्य घट्छ।
- उपभोक्तालाई कृषि वस्तु खोज्न वा किनमेल गर्न सजिलो र सधैं उपलब्ध हुन्छ। नियमित उपलब्धताको लागि चिस्यान केन्द्रहरूको स्थापना आवश्यक हुन्छ। यसबाट कृषि प्राविधिक, इन्जिनियरलगायतले रोजगारी पाउनेछन्।
- सरसफाइका गतिविधि गर्न मात्र नभई फोहोरलाई विसर्जन गर्न पनि मद्दत पुग्छ। कृषि बजारबाट निस्कने फोहोर प्रायः कुहिने भएकाले प्राङ्गारिक मल उत्पादनमा यसलाई विसर्जन गर्न सकिन्छ। केही मानिसलाई रोजगारीको सिर्जना हुन जान्छ।
- मानव स्वास्थ्यलाई हानिकारिक विषादीको प्रयोग भएका वस्तुहरू चेकजाँच र निरुत्साहित गर्न सजिलो हुन्छ। स्थानीय निकायलगायतका सम्बन्धित निकायहरूलाई गुणस्तर नापजाँच गर्न सजिलो हुन्छ।
- स्थानीय कृषि उपजलाई ग्राह्यता दिने वातावरण निर्माण हुन्छ। स्थानीय बीउ-बिजनको संरक्षण र संवर्द्धनमा मद्दत पुग्छ।
- अव्यवस्थित कृषि बजारलाई व्यवस्थित बनाउन बाटो खुल्छ। यसले यातायात व्यवस्थापनमा पनि मद्दत पुग्ने देखिन्छ।
- कृषि उपजको नियमित र आवश्यक मात्रामा उपलब्धता भइरहन्छ। यसले कालोबजारीलाई निरुत्साहित गर्दछ।
- व्यवस्थित शहरको नमूना बनाउन सहयोग हुन्छ।

## सन्दर्भ सामग्री:

- कृषक व्यवसाय पाठशाला।
- विभिन्न पत्रपत्रिका।
- वेवसाइटहरू।


*(लेखक कृषिमा स्नातकोत्तर हुनुहुन्छ। प्रतिक्रियाको लागि khyajusabin@gmail.com)*

## भक्तपुर नगरपालिका क्षेत्रभित्रका पाटी विवरण (१०)

यो विवरण २०३१ साल जेठ ३ गतेदेखि भाद्र ९ गतेसम्म श्री रामचन्द्र श्रेष्ठले वडा नं १ देखि ९ सम्म र श्री सूर्यप्रसाद श्रेष्ठले वडा नं. १० देखि १७ सम्म संकलन गर्नुभएको हो। यस विवरणलाई भक्तपुर नपंको प्रकाशन 'पञ्चायत' (मासिक) मा वर्ष २ अङ्क ९, २०४१ देखि वर्ष ५ अङ्क ४, २०४३ सम्मका विभिन्न अङ्कमा प्रकाशित गरिएको थियो। २०७२ सालको भूकम्पपछि यस विवरणलाई पुनःप्रकाशित गर्नु सामयिक देखिएकोले अन्तिम अंश प्रकाशन गरिएको छ – 'भक्तपुर'

| सि.नं. | पाटी रहेको वार्ड नं. र टोल | चार किला | | | | पाटीको विवरण | कैफियत | स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | | |
| **वडा नं. १७ (हाल वडा नं. १)** | | | | | | | | |
| २९१ | हनुमान पाटी | बाटो | बाटो | महिला भुजुको घर | मूल सडक | सार्वजनिक पाटी हनुमान राज भएको | दक्षिण मोहडा ५ कवल, पूर्व पश्चिम १-१ | वर्ष ५, २०४३ अंक ४ |
| २९२ | हनुमान पाटी | खुला | खुला | हेरालाल सुवालको घर | मूल सडक | सार्वजनिक पाटी | दक्षिण मोहडा ३ कवल, पूर्व पश्चिम १-१ | वर्ष ५, २०४३ अंक ४ |
| २९३ | हनुमान पाटी | देगल | खुला | बाटो | पोखरी र बाटो | भजन गुथियार पृथ्वी भुजुसमेत २५ जनाको दत्तपाटी | उत्तर मोहडा ३ कवल | वर्ष ५, २०४३ अंक ४ |
| २९४ | रा.प्रा.स्कूल रहेको | सडक | चोडा गणेशको छोछें घर | बाटो | गल्ली बाटो | चोडा गणेशको पाटीमाथि २ तलामा रा.प्रा. स्कूल बसेको | पूर्व मोहडा ३ कवल, उत्तर दक्षिण १-१ | वर्ष ५, २०४३ अंक ४ |
| २९५ | रा.प्रा.स्कूल सँगैको | मूल सडक | हेरारत्न भुजुको घर | बाटो | बाटो | सार्वजनिक (शिलापत्र भएको) | पूर्व मोहडा, १ क्वल, उत्तर दक्षिण १-१ | वर्ष ५, २०४३ अंक ४ |
| २९६ | रा.प्रा.स्कूल सँगैको | बाटो | बाटो | हरिभक्त धौवंजारको घर | बाटो | सार्वजनिक पाटीमाथि ३ तले घर हरिभक्त धौबन्जारको | दक्षिण मोहडा ३ कवल, पूर्व १ | वर्ष ५, २०४३ अंक ४ |
| २९७ | तेपुचो | श्रीकृष्ण गोठेको घर | बाटो | गोठे र बुद्धिलालको घर | ज्ञानबहादुरको घर | सार्वजनिक पाटी माथि ४ तले श्रीकृष्ण गोठेको घर | उत्तर मोहडा ३ कवल | वर्ष ५, २०४३ अंक ४ |
| २९८ | दूधपाटी | जरुंधारा | मूल सडक | बाटो र पिपलको रुख | भाजुपा पाखेरी | सार्वजनिक पाटी | उत्तर मोहडा ७ कवल, पूर्व पश्चिम १-१ | वर्ष ५, २०४३ अंक ४ |
| २९९ | दूधपाटी | गणेशको मन्दिर | सडक | रत्नफिडको घर | सडक | गणेशको छोछें पाटीमाथि पुतली माया बसेको | दक्षिण मोहडा ७ कवल, पूर्व १ | वर्ष ५, २०४३ अंक ४ |
| ३०० | दूधपाटी | बाटो | जरुंधारा | सडक | भाजुपा पोखरी | इताछें सांयजुसमेतको पाटी | उत्तर मोहडा ५ कवल, पूर्व १ | वर्ष ५, २०४३ अंक ४ |
| ३०१ | दूधपाटी | हरिभक्त समेतको २ जनाको घर | गणेशको चोक | बगैंचा | सडक | पूर्णभक्त शिल्पकारसमेतको भजन गुथि दत्त पाटी | दक्षिण मोहडा ५ कवल | वर्ष ५, २०४३ अंक ४ |
| ३०२ | दूधपाटी | चौर | कुवा | चौर | मूल सडक | सार्वजनिक पाटी | दक्षिण मोहडा ३ कवल, पूर्व पश्चिम १-१ | वर्ष ५, २०४३ अंक ४ |
| ३०३ | गणेशको | चौर | धारा | चौर | चौर | सार्वजनिक पाटी | उत्तर मोहडा ३ कवल, पूर्व पश्चिम १-१ | वर्ष ५, २०४३ अंक ४ |
| ३०४ | गणेशको | चौर | चौर | सरस्वतीको मन्दिर | चौर | सार्वजनिक पाटी | पूर्व मोहडा ३ कवल, उत्तर दक्षिण १-१ | वर्ष ५, २०४३ अंक ४ |
| ३०५ | गणेशको | बाटो | हरिलालको खेत | बाटो | नदी | लोकमान सुवालको दत्तपाटी, हाल ध्राप | दक्षिण मोहडा ३ कवल, उत्तर दक्षिण १-१ | वर्ष ५, २०४३ अंक ४ |
| ३०६ | गणेशको | धारा | खेत | चौर | खोला | माहांहरूको गुथिको पाटी | पूर्व मोहडा ३ कवल | वर्ष ५, २०४३ अंक ४ |
| ३०७ | गणेशको | पोखरीको डिल | डिल | पोखरी | मूल सडक | सरकारी पाटी | पूर्व दक्षिण खोला पाटी जस्तो घर | वर्ष ५, २०४३ अंक ४ |
| ३०८ | गणेशको | पोखरीको डिल | डिल र चौर | पोखरी | सडक | पाटीमाथि सरकारी १ तला घर | दक्षिण मोहडा ५ कवल, पूर्व १ | वर्ष ५, २०४३ अंक ४ |
| ३०९ | भार्वाचो | बाटो | गोविन्द मोहनको चोक | गल्ली बाटो | बेलभक्त किजुको घर | गोविन्द मोहनको दत्त पाटी | पूर्व मोहडा ५ कवल, उत्तर १ | वर्ष ५, २०४३ अंक ४ |
| ३१० | भार्वाचो | आसनारांको बगैंचा | बाटो | आसनारांको घर | बाटो | लालबहादुर सितांकले र तुल्सीदास भैल समेतको दत्त | पश्चिम मोहडा ३ कवल, उत्तर दक्षिण १-१ | वर्ष ५, २०४३ अंक ४ |
| ३११ | भार्वाचो | बाटो | वीरमानको बगैंचा | इनार | बगैंचा | गंगा महारानीले बनाएको। | पूर्व मोहडा ५ कवल, उत्तर दक्षिण १-१ | वर्ष ५, २०४३ अंक ४ |
| ३१२ | गणेशको | लालबहादुर शिल्पकारको घर | बाटो | बाटो | सितांकलेको घर | नाइके गणेश बहादुर भजन गुथि पाटी | पश्चिम मोहडा ४ कवल, उत्तर २ मुखे झ्याल समेत | वर्ष ५, २०४३ अंक ४ |
| ३१३ | गणेशको | खुला | खुला | आसबहादुरको घर | पेटी बाटो | सार्वजनिक पाटी, हाल जगमात्र बाँकी | दक्षिण मोहडा ३ कवल, पूर्व पश्चिम १-१ | वर्ष ५, २०४३ अंक ४ समाप्त |

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।




## Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 34

### CHAPTER XXI.

### EARLY HISTORY OF NIPAL

The kingdom of Nipal, until towards the close of the eighteenth century, was of very limited extent. It consisted of three small principalities, whose united jurisdiction extended over the Valley of Nipal Proper, as well as over the adjacent lands, as far eastward as the Dudh Kosi River (beyond which was the independent country of the Kirantis) and westward to the Trisalganga River which formed the boundary between the territories of Nipal and those of the Gorkhas. The Gosain Than mountain shut them in towards the north,* While the Medina Mall forest (south of Chitlang) formed their southern boundary and separated them from the hill country of the Rajah of Makwanpur. This secluded region was inhabited by a race of Hindus called Niwars. They were a quiet, industrious, and unwarlike people; but, when circumstances required, they proved themselves, on various occasions, not to be wanting in courage or determination.

The dynasty which ruled over this country was one of great antiquity, having occupied the throne of Nipal, without interruption, since the commencement of the fourteenth century.

The traditions of the Niwars represent that the first dynasty established in the country was that of Naimani, which lasted for four hundred and ninety-one years, at the end of which time Bhal Singh, a Rajput, of the posterity of Mehip Gopal, at the head of an army, invaded and subdued Nipal. He and his sons reigned for one hundred and eleven years. The Mehip Gopal dynasty was put an end to by Yellang Kirant, who conquered the country at the head of an army of Kirantis.

The Kirant dynasty continued, under twenty-seven kings, for about eight hundred years, when they were in their turn dispossessed of the kingdom of Nipal by Nevesit, a Chattri of the Suraj Bansi race, and whose family name was Barmah. In the reign of the thirty- third king of this race, one of the descendants of the original Naimani or Gapti family conquered Nipal, and established a dynasty winch lasted for one hundred and seventy-five years, when the country was again invaded and subdued by one of the Chattri of the posterity of Nevesit, who expelled the Gaptis, and re-established the Chattri dynasty of the Bramhans, which lasted, under forty-five kings, for upwards of two thousand years.

The last but three of these kings left three sons, who reigned successively after their father, but they all died without leaving any male issue. One of them, however, left a daughter named Satti Naik Devi, who was crowned Queen of Nipal. She married Haris Chandar Deo, Rajah of Benares, by whom she had an only child, a daughter, named Raj Lachmi, who succeeded to the throne on the death of her mother. She was deposed by a kinsman, named Jai Dab, who had only reigned a few days when Hari Singh Deo, or Hari Singha Deva, Rajah of Simraun Garh, capital of Mithila, or North Bihar, or Tirhut, and of the posterity of the Suraj-Bansi princes of Oudh, having been driven from his kingdom by the Mussulmans of Delhi, and his capital destroyed, took refuge in Nipal, conquered it, and put an end to the dynasty of the Barmahs. This occurred ad. 1322.

Hari Sing Deo had no difficulty in conquering Nipal, and the crown continued in his family until the extinction of the Niwar

*(* The northern boundary, in the time of the Niwar dynasty, extended up to the passes of Kerang and Kuti. On the Chinese invasion in 1792, the Chinese took from the Gorkhas a consider- able tract of land to the south side of those passes, and these districts, inhabited by Tibetans, have continued subject to China up to the present day. The Nipalese boundary, therefore, at pre- sent does not extend to the snow, but stops short of it (a little on the north side of Mount Dhaibung).*

dynasty of Simraun Chattris through the final conquest of Nipal by Prithi Narayan in 1769.

Hari Singh Doe's ancestors are believed to have acquired, some generations back, and to have maintained a footing in Nipal, by the possession of some territory. This would account for the facility with which, when he and his followers had been compelled to abandon the Terai and his capital, Simraun, he speedily reduced the whole of Nipal to subjection to his authority.

The seventh successor of Hari Singh Deo was Jai Ekshah Mal, who died about ad. 1568. He much enlarged the city of Bhatgaon, in which was his principal seat of residence.* At his death he left three sons and one daughter, among whom he dis- tributed his dominions as follows:

To Rai Mai, the eldest, he gave the principality of Bhatgaon **; which at this period was bounded on the west by the Baghmatti, on the east by the Kosi river, on the north by Kuti, and on the south by the forest of Medina Mail

**(To be continued)**

*(* Jai Ekshah Mai completely subdued the rival Rajahs of Patan and Kathmaudu, and annexed their territories to his own.*

*From this date the three principalities, though they remained distinct, and were ruled over by separate kings, yet continued all to be governed by princes of the same family, the Simraun Chat- tris. None of the Niwar kings, therefore, could from this date have been Buddhists, though tliey undoubtedly were very tolerant to their Buddhist subjects, and very liberal in their support of Buddhist temples and institutions.)*

*(** The territories of the King of Bhatgaon extended chiefly towards the east, where the Dudh-Kosi separated his kingdom from the country of the Kirantis. Within the valley his possessions were the smallest; but beyond the valley they were the most extensive of any of the three kings.*

*The successors of Raj Mal on the throne of Bhatgaon were:*

*Bhu Bhin Mal; Besson Mal, who took Banepa from the house of Ran Mal; Triloke Mal, from whom the house of Rattan or Ratni Mal of Kathmandu took Banepa, Changhu Narayan, Sanku, and Kuti; Jaggat Joti Mal; Jai Jeta Metro Mal; Bhopatindra Mal; Ranjit Mal.)*

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७५ माघ महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | २९० | १२१ | ६२ | २२ | १८ | २८ | ९ | १३ | १० | ८ | २ | २ | १ | ३ | १ | ० | १ | ० | १३ | ३ |
| २ | रजनी सुवाल जरेजू | ३०३ | १३४ | ५० | २५ | १० | १४ | ११ | १६ | ६ | ७ | ३ | ० | ० | ४ | १ | १ | १ | ० | ४ | २ |
| ३ | अनु गोसाई | १०४४ | १०३ | ४५ | २२ | ५३ | ४४ | १० | १२ | १७ | ३ | १ | २ | ० | ० | २ | १ | ० | ३ | ६ | २ |
| ४ | विमला कुम्पाख | ४०० | ११७ | ३१ | १८ | ११ | ११ | ३ | ९ | ४ | ४ | ० | २ | ० | ० | ९ | ३ | २ | २ | ८ | १ |
| ५ | मञ्जु छुकां | २३० | ४५ | १४ | ५ | ५ | २ | २ | २ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| ६ | सृजना बोहजू | ३१८ | १०० | ४२ | १९ | १४ | १३ | ५ | ४ | ७ | १२ | ३ | १ | ० | ९ | २ | ० | ० | ४ | १० | २ |
| ७ | सुमित्रा राजचल | २७५ | ७० | १८ | ० | १३ | ८ | १ | ७ | ९ | ५ | ० | ० | ० | १ | ० | ० | ० | ० | २४ | २ |
| ८ | सरिता गोसाई | १५० | २६ | ७ | ९ | ५ | ९ | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ३ | ३ |
| ९ | सविना दुवाल | २३९ | ६७ | १८ | १९ | ११ | ७ | ४ | ११ | ४ | ६ | १ | ० | ० | २ | ० | २ | १ | ३ | २ | ३ |
| १० | मोनिका पही | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |

संकलन - कमल केशरी राजचल

# नेपालको संविधान २०७२ (४१)

## भाग – ३१

## संविधान संशोधन

**२७४. संविधान संशोधन :** (१) नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन।

(२) उपधारा (१) र यस संविधानको अन्य धाराको अधीनमा रही यस संविधानको कुनै धारालाई संशोधन वा खारेज गर्ने विधेयक संघीय संसदको कुनै पनि सदनमा पेश गर्न सकिनेछ।

तर उपधारा (१) लाई संशोधन गरिने छैन।

(३) उपधारा (२) बमोजिम पेश भएको विधेयक सम्बन्धित सदनमा प्रस्तुत भएको तीस दिनभित्र सर्वसाधारण जनताको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

(४) उपधारा (२) बमोजिम पेश भएको विधेयक कुनै प्रदेशको सीमाना परिवर्तन वा अनुसूची-६ मा उल्लिखित विषयसँग सम्बन्धित भएमा त्यस्तो विधेयक संघीय संसदमा प्रस्तुत भएको तीस दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि प्रदेश सभामा पठाउनु पर्नेछ।

(५) उपधारा (४) बमोजिम पठाइएको विधेयक तीन महीनाभित्र सम्बन्धित प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी त्यसको जानकारी संघीय संसदमा पठाउनु पर्नेछ।

तर कुनै प्रदेश सभा कायम नरहेको अवस्थामा त्यस्तो प्रदेश सभा गठन भई त्यसको पहिलो बैठक बसेको मितिले तीन महीनाभित्र स्वीकृत वा अस्वीकृत गरी पठाउनु पर्नेछ।

(६) उपधारा (५) बमोजिमको अवधिभित्र त्यस्तो विधेयक स्वीकृत वा अस्वीकृत भएको जानकारी नदिएमा संघीय संसदको विधेयक उत्पत्ति भएको सदनले त्यस्तो विधेयक उपरको कारबाही अगाडि बढाउन बाधा पर्ने छैन।

(७) उपधारा (५) बमोजिमको अवधिभित्र बहुसंख्यक प्रदेश सभाले त्यस्तो विधेयक अस्वीकृत गरेको सूचना संघीय संसदको सम्बन्धित सदनलाई दिएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ।

(८) प्रदेश सभाको सहमति आवश्यक नपर्ने वा उपधारा (५) बमोजिम बहुसंख्यक प्रदेश सभाबाट स्वीकृत भई आएको विधेयक संघीय संसदका दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित गर्नु पर्नेछ।

(९) उपधारा (८) बमोजिम पारित भएको विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिनेछ।

(१०) राष्ट्रपतिले उपधारा (९) बमोजिम पेश भएको विधेयक प्राप्त भएको पन्ध्रदिन भित्र प्रमाणीकरण गर्नेछ र प्रमाणीकरण भएको मिति देखि संविधान संशोधन हुनेछ। (क्रमशः)

**तपाईंको भान्छा**


# क्वाँटीबाट १५ फाइदा

नेपालीको विभिन्न चाडपर्वमध्ये एक हो जनैपूर्णिमा। जनैपूर्णिमाको समयमा अधिकांसको घरमा गेडागुडीको परिकार क्वाँटी खाने चलन छ। चना, मस्याङ, मुगी, बोडी, मास, भटमास, ठूलो सिमी, ठूलो केराउ, सानो केराउ मिसाएर खानेचलन छ। यस्ता गेडागुडीको मिश्रण खानु अघि यस्लाई टुसा उम्रने गरी पानीमा भिजाउने चलन छ। चार दिन भिजाएर टुसा उम्रेपछि मात्र पकाइने यस्ता परिकार स्वास्थ्यका लागि कति फाइदा जनक छन् त ? यस्ता छन् क्वाँटीका फाइदाः

१. कब्जियतको समस्या हटाउँछ। क्वाँटी रेसादार खानाको स्रोत हो।
२. मधुमेह तथा पायल्स भएका मानिसलाई समेत फाइदा गर्छ। तर मधुमेह भएकाले चिकित्सक तथा डाइटिसियनसँग भने एकपटक सल्लाह लिन आवश्यक छ।
३. यसले बूढो हुने गति मन्द पार्नुको साथै मानिसलाई सुन्दर स्वस्थ र रोगमुक्त पार्दछ।
४. तुरुन्त प्रयोग हुन सक्ने शरीरलाई चाहिने शक्तिको स्रोत दिन्छ।
५. यो सजिलै पाच्य हुन्छ।
६. पेटमा अनावश्यक वायु बनाउँदैन।
७. क्वाँटीमा भिटामिन ए, भिटामिन बी, भिटामिन सी, भिटामिन ई तथा खनिज पदार्थ प्रशस्त मात्रामा हुन्छ। यसले शरीरको थकाइ कम गर्छ र तनावबाट मुक्त गराउँछ।
८. रोग प्रतिरोधात्मक शक्ति बढाउँछ।
९. रोगी, बालवालिका तथा बृद्धमा हुने कुपोषण हटाउन सकिन्छ।
१०. क्वाँटीको नियमित सेवनले स्मरणशक्ति पनि बढ्छ।
११. मानसिक स्वास्थ्यमा सुधार ल्याउँछ।
१२. रक्तसञ्चार तथा स्नायु प्रणालीलाई धेरै फाइदा पुग्छ।
१३. टुसाएका गेडागुडीमा क्षारीय गुण बढी हुन्छ। त्यसैले, क्वाँटी खानाले 'एसिडिटी' तथा मूत्रनलीमा संक्रमणजस्ता समस्याबाट पनि छुट्कारा मिल्छ।
१४. पाचनशक्तिमा सुधार ल्याउँछ।
१५. गेडागुडीमा हुने सबै पौष्टिक तत्त्व शरीरले लिन सक्ने भएकाले सौन्दर्यमा पनि निखार आउँछ।

'स्वास्थ्य खबरपत्रिका' बाट

## आ.व. २०७५/७६ माघ महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर सार्क | ३३३ | २६८ | २३८ | २५३ | ३०३ | २५३ | २६८ | ३२५ | १८७ | ३४० | ३३१ | ३०१ | २९९ | २५३ | २१८ |
| सार्क तथा चिनियाँ | २८८ | २४६ | १२४ | २१६ | २४९ | ३१४ | १७० | १९८ | १७४ | २१६ | २२६ | ३६१ | ३०० | २०५ | ३२४ |

| गते | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर सार्क | २०८ | २४८ | २३५ | २३२ | ३६८ | ३०७ | २८० | ३२१ | २६४ | २११ | ३१८ | ३८५ | ३२० | २२५ |
| सार्क तथा चिनियाँ | ३९० | २६७ | ३६१ | ४५० | ३३८ | २५७ | ३१९ | ४१४ | ३०७ | ४४५ | ५९२ | ३७६ | ४८७ | २७५ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७५ माघ | ८,०९२ | ८,८८९ | १६,९८१ |
| २०७४ माघ | ६,७९८ | ७,६०६ | १४,४०४ |
| प्रगति | १,२९४ (१९.०४%) | १,२८३ (१६.८७%) | २,५७७ (१७.८९%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादककाे पृष्ठ

# वाचाहरू पूरा गर्दै भक्तपुर नपा

**कराते**

हरेक वर्ष एउटा खेलको अन्तर नगर प्रतियोगिता गर्ने जनतासामु गरेको वाचाअनुसार भक्तपुर नगरपालिकाले यस वर्ष कराते प्रतियोगिता सफलता साथ सम्पन्न गरेको छ।

२०४६ सालको जनआन्दोलनका प्रातः स्मरणीय अमर शहीदहरूको सम्मान र स्मरणमा फागुन ५ देखि ७ गतेसम्म भएको उक्त प्रतियोगितामा २३ नपाको सहभागिता थियो।

उक्त प्रतियोगिताको नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले एक समारोहबीच फागनु ५ गते समुद्घाटन गर्नुभएको थियो।

खेलमा हारजित स्वाभाविक पक्ष हो। तर अन्तर नगर खेलकुद प्रतियोगिताले नपाहरू बीचको सम्बन्धमा बढोत्तरी, खेलाडीहरूबीचको मित्रताका साथै सीप र कलाको आदान प्रदानले खेलको स्तरमा विकास गर्छ र अन्ततः राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि योग्य खेलाडीको विकास हुन्छ। त्यसैले अन्तर नगर खेल प्रतियोगिताले नगर विशेषको मात्र होइन देशकै खेलकै विकासमा योगदान पुऱ्याएको छ।

**ख्वप अस्पताल**

भक्तपुर नपाले सम्पदाहरूको जीर्णोद्धार र पुनःनिर्माण गर्दै संरक्षण कार्यलाई महत्त्व दिइरहेको छ। सस्तो र गुणस्तरीय शिक्षालयहरू सञ्चालन गरेर देशकै नमुना बनेको भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा पनि फड्को मारेको छ। विशेषज्ञ चिकित्सकहरू सहितको जनस्वास्थ्य केन्द्रहरू सञ्चालन तथा घर दैलो नर्सिङ सेवा, सरसफाइ र स्वास्थ्य शिविर आयोजना गरिरहेको भक्तपुर नगरपालिकाले २५ शय्याको ख्वप अस्पताल सञ्चालन गर्न भवनको शिलान्यास हालै सम्पन्न गरेको छ।

फागुन ९ गते नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंले एक कार्यक्रमबीच ख्वप अस्पतालको शिलान्यास गर्नुभयो। उक्त भवन भविष्यमा १०० शय्यासम्म सञ्चालन गर्न सकिने गरी निर्माण गरिने जानकारी शिलान्यास समारोहमा दिइएको छ। यसबाट भक्तपुर नपाले दूरगामी दृष्टि राखेको स्पष्ट बोध हुन्छ।

स्वास्थ्य सेवा सर्वसाधारण जनताको पहुँचबाट टाढिँदै गएको छ। गरिब जनता विना उपचार अकालमा ज्यान गुमाइरहेको यथार्थमा भक्तपुर नपाको ख्वप अस्पताल अपवाद हुने नगरवासीले अपेक्षा गरेका छन्। नपाबाट सञ्चालित कलेज/विद्यालयहरू झैं ख्वप अस्पताल सस्तोका साथै गुणस्तरीय पनि हुने विश्वास जनताले गर्न थालेका छन्। यस विश्वासलाई नपाले सम्मान गर्दै साँचो अर्थमा स्थानीय कम्युनिस्ट सरकारको अनुभूति दिने कुरा नगर र नगर वासीको हितमा विविध क्षेत्रमा गरिरहेको उसको क्रियाकलापबाट ढुक्क हुन सकिन्छ।



पुनर्निर्माणको अन्तिम चरणमा बद्रिनारायण पाटी (वडा नं. ४)



भक्तपुर नगरपालिकाद्वारा भक्तपुर अस्पतालको कम्पाउण्डसँगै निर्माण गर्न लागेको शौचालय भवन

जिल्ला कार्यालय दर्ता नं. ९८/०५८/०६० Bhaktapur Monthly भक्तपुर जिल्ला हुलाक कार्यालय दर्ता नं. १/०६१/०६२

# प्रजातन्त्र पुन:स्थापनाका लागि शहादत प्राप्त गर्ने प्रात:स्मरणीय अमर शहीदहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं !



राजकुमार सुवाल



कृष्णराम दुवाल



हरिकृष्ण भुजु



निर्मल कुमार शाक्य



पुष्परत्न शाक्य



महेश श्रेष्ठ

## भक्तपुर नगरपालिका परिवार